मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर

राष्ट्रिय दैनिक

मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

वर्ष ४ • अंक २०६ • २०८३ साल जेष्ठ ३१ गते आइतबार • Sunday 14, June 2026 • सूर्योदय: बिहान ०५:१० बजे • सूर्यास्त: साँझ ०६:५८ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## मधेशमा नयाँ डिआइजी



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
गृह मन्त्रालयले विवादमा मुछिएका र कार्यसम्पादनमा कमजोर भएका दुई डीआईजीलाई काठमाडौँ तानेको छ । मधेश प्रदेशका डीआईजी गोविन्द थपलिया र सुदूरपश्चिमका ओमबहादुर राना क्रमशः उपत्यका प्रहरी कार्यालय र प्रधान कार्यालयको अपराध अनुसन्धान विभागमा काज सरुवा भएका हुन् । मधेशमा उपत्यका प्रहरी कार्यालयबाट ओमप्रसाद अधिकारी र सुदूरपश्चिममा अपराध अनुसन्धान विभागबाट सानुराम भट्टराई खटिएका छन् । मधेश प्रदेशमा विगत दुई महिनादेखि डीआईजी थपलियाका कारण प्रहरी–प्रहरीकै बीचमा विभिन्न विवाद हुँदै आएको थियो । मधेश प्रहरीको आर्थिक लेनदेनसँग सम्बन्धित विवादका क्रममा धनुषा र सप्तरीका प्रहरी प्रमुखले काम गर्न नसकिने भनी स्वेच्छिक सरुवा मागेका थिए । रौतहट र बारा प्रहरी प्रमुखसँग डीआईजी थपलियाको कुरा नमिल्दा स्पष्टीकरण सोधिएको थियो । सुदूरपश्चिममा प्रदेश प्रहरी प्रमुख रहेका ओमबहादुर राना कमजोर कार्यसम्पादनका कारण त्यहाँबाट तानिएको गृह मन्त्रालयस्रोतले जनाएको छ ।

## विवाहित महिलाको शंकास्पद मृत्युपछि
# तनाव, तोडफोड र आगजनी



**मधेशदृष्टि**
**जनकपुर।**
महोत्तरीको बर्दिवास नगरपालिका–१२ विजलपुरामा एक विवाहित महिलाको शंकास्पद मृत्यु भएपछि उत्पन्न विवादले तनावग्रस्त अवस्था सिर्जना गरेको छ । मृतकका माइती पक्षले हत्या भएको आरोप लगाउँदै ससुराली पक्षको घरमा तोडफोड तथा आगजनी गरेका छन्।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी नायव उपरीक्षक पञ्चलाल गोलेका अनुसार बर्दिवास नगरपालिका–१२ डाँडाटोल निवासी शशी सिंहकी श्रीमती रिंकु कुमारी सिंह आफ्नै सुत्ने कोठामा पंखाको सिलिङमा सलको पासो लगाई झुन्डिएको अवस्थामा फेला परेकी थिइन्।

घटनापछि आक्रोशित माइती पक्षले रिंकुको हत्या गरिएको दाबी गर्दै ससुराली पक्षमाथि आरोप लगाएका छन् । सोही क्रममा उनीहरूले घर घेराउ गरी ढुंगामुढा गर्नुका साथै पार्किङमा रहेको बा ८ च ९३५८ नम्बरको गाडीमा आगजनी गरेका छन् । घटनामा एक स्कुटीसमेत तोडफोड गरिएको प्रहरीले जनाएको छ।

स्थिति नियन्त्रणमा लिन इलाका प्रहरी कार्यालय बर्दिवास र सशस्त्र प्रहरी बल नेपाल, बेस क्याम्प पशुपतिनगरबाट सुरक्षाकर्मी परिचालन गरिएको थियो। अनियन्त्रित भीड र सुरक्षाकर्मीबीच झडप हुँदा एक प्रहरी निरीक्षकसहित एक दर्जनभन्दा बढी व्यक्ति घाइते भएका छन्।

घाइतेहरूको स्थानीय अस्पतालमा उपचार भइरहेको छ भने केहीको अवस्था गम्भीर रहेको बताइएको छ।

यता घटनाको निष्पक्ष रुपमा छानबिन गर्ने सर्तमा बर्दिवास १२ विजलपुरामा आफ्नै घरमा मृत अवस्थामा फेला परेकी पिंकी कुमारीको शव घटना स्थलबाट उठाइएको छ।

शनिबार दिउँसो घटनास्थलमै पीडित, स्थानीय भद्रभलादमी तथा प्रहरीबीच भएको सहमति पश्चात मृतक पिंकीको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुरधाम पठाइएको हो।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी नायव उपरीक्षक पन्चलाल गोलेले मुचुल्का तयार गरी शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुरधाम पठाइएको जानकारी दिए। यद्यपि मृत्युको कारण बारे अहिले नै भन्ने स्थिति नरहेको गोलेले बताए । उनका अनुसार पोस्टमार्टम रिपोट आएपछि केही भन्न सकिने स्पष्ट गरे । उनका अनुसार जाहेरी दरखास्त माइती पक्षबाट परिसकेको र घटनाको अनुसन्धान समेत अगाडि बढि सकेको छ।

प्रहरीले घटनास्थलबाट यसअघि नै मृतकका श्रीमान शशिकुमार सिंहलाई नियन्त्रणमा लिइसकेको जनाएको छ।

यता श्रीमानसँग लामो समयदेखि रहदै आएको मनमुटावकै कारण पिंकीको हत्या गरिएको माइती पक्षले आरोप लगाउँदै मृतकको ससुराली पुगेर घरमा पार्क गरेको कारमा आगो लगाएका थिए। एक मोटरसाइकल र स्कुटरमा तोडफोड गरेका थिए । त्यस्तै घरका सबै सरसमान निकालेर फालेका थिए । स्थितिलाई नियन्त्रणमा लिनकालागि पुगेको प्रहरी टोलीसंग समेत माइती पक्षको झडप भएको थियो।

## ठगी मुद्दामा सेफ सन्तोष साह पक्राउ



**मधेशदृष्टि**
**जनकपुरधाम।**
ठगीसम्बन्धी मुद्दामा चर्चित सेफ सन्तोष साह पक्राउ परेका छन् । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले उनलाई जनकपुरधाम उपमहानगरपालिका–८ स्थित रामानन्द चोक क्षेत्रबाट पक्राउ गरेको हो।

कार्यालयका प्रमुख सन्तोष खड्काका अनुसार साहविरुद्ध परेको जाहेरीका आधारमा अनुसन्धानका लागि पक्राउ गरिएको हो।

सिरहाको कर्जन्हा नगरपालिका–११ घर भएका साह पछिल्लो समय विभिन्न व्यावसायिक गतिविधिमा संलग्न रहेका थिए।

प्रहरीका अनुसार चितवन घर भई काठमाडौंमा बसोबास गर्दै आएकी सकुन्तला थापाले साहविरुद्ध ठगीको उजुरी दिएकी थिइन् । थापाले करिब दुई वर्षअघि काठमाडौंको गैरीधारास्थित आफ्नो रेस्टुरेन्ट साहलाई २ करोड २५ लाख रुपैयाँमा बिक्री गरेको दाबी गरेकी छन्।


उनका अनुसार कारोबारका क्रममा केही रकम प्राप्त भए पनि १ करोड ५० लाख रुपैयाँभन्दा बढी रकम अझै भुक्तानी हुन बाँकी रहेको छ । बाँकी रकम माग गर्दा विभिन्न बहाना बनाएर भुक्तानी टार्दै आएको आरोप उनले लगाएकी छन्।

थापाले एक वर्षअघि साहले दिएको चेक बैंकमा प्रस्तुत गर्दा खातामा पर्याप्त रकम नभएको जानकारी प्राप्त भएको बताएकी छन्।

त्यसपछि कानुनी प्रक्रियाअन्तर्गत प्रहरीमा उजुरी दिएको उनको भनाइ छ।

प्रहरीले घटनाबारे थप अनुसन्धान भइरहेको जनाएको छ । अदालतबाट आवश्यक म्याद थप गरी साहमाथि ठगीसम्बन्धी कसुरमा अनुसन्धान अगाडि बढाइने प्रहरी स्रोतले जनाएको छ।

## सर्वसाधारण र यात्रुको प्रश्न:
# दुधौरा पुल कहिले सञ्चालन हुन्छ ?



**मधेशदृष्टि**
**वीरगंज।**
पूर्व पश्चिम राजमार्ग अन्तर्गत बाराको निजगढ–पथलैया सडकखण्डमा निर्माणाधीन दुधौरा पुल अन्तिम चरणमा पुगे पनि अझै सञ्चालनमा आउन नसक्दा सवारीसाधन तथा यात्रुहरूले सास्ती खेप्दै आएका छन्।

पुल सञ्चालनमा ढिलाइ हुँदा पूर्व पश्चिम राजमार्गको निजगढ–पथलैया सडकखण्डमा सञ्चालित दैनिक सयौँ साना तथा ठूला सवारीसाधन तथा हजारौँ यात्रुले सास्ती खेप्न बाध्य भएका छन्।

पुल निर्माणको जिम्मा लिएको महादेव–खिम्ती–हीराचन जेभी काठमाडौँले पुल निर्माणका क्रममा दुधौरा खोलाबाट अनुमतिविना नदीजन्य पदार्थ उत्खनन गरी प्रयोग गरेको आरोप लगाउँदै जीतपुरसिमरा उपमहानगरपालिकाले एक एक्साभेटर, एक टिपर र एक ट्याक्टर नियन्त्रणमा लिएपछि ठेकेदार कम्पनीले निर्माण कार्य ठप्प पारेको हो।

पुल सेक्टर कार्यालय काठमाडौँ र ठेकेदार कम्पनीका प्राविधिकहरूले गत वर्षको पुस मसान्तसम्म पुल सञ्चालनमा ल्याउने लक्ष्य राखेका थिए। पछि फागुन मसान्तसम्म काम सम्पन्न गरी पुल सञ्चालनमा ल्याइने जानकारी दिइएको थियो । तर निर्माण सम्पन्न हुन नसक्दा पुल अझै पूर्णरूपमा सञ्चालनमा आउन सकेको छैन।

उपमहानगरपालिकाका अनुसार २०८२ चैत २६ गते गरिएको स्थलगत अनुगमनका क्रममा ठेकेदार कम्पनीले दुधौरा खोलाबाट अनुमतिविना नदीजन्य पदार्थ उत्खनन तथा ढुवानी गरेको भेटिएको थियो ।

बाँकी पृष्ठ २ मा

## परोपकारी सोचबिना असल नागरिक समाज निर्माण असम्भव



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशका प्रदेश प्रमुख डा. सुरेन्द्र लाभले परोपकारी सोचबिना असल नागरिक समाजको परिकल्पना गर्न नसकिने बताएका छन्।

जनकपुरधाममा आयोजित ‘कर्मयोगी बद्री पहाडी समाजसेवा पुरस्कार’ अर्पण कार्यक्रममा सम्बोधन गर्दै प्रदेश प्रमुख लाभले परोपकारी भावनाले नै असल नागरिक समाज निर्माण गर्नुका साथै समुन्नत राष्ट्र निर्माणमा महत्वपूर्ण योगदान पु¥याउने उल्लेख गरे।

उहाँले परोपकारी सोच भएका व्यक्तित्वलाई सम्मान गर्नुका साथै समाजसेवामूलक संस्थाहरूको विकास र सुदृढीकरणका लागि सबैले आ–आफ्नो क्षेत्रबाट सहयोग गर्नुपर्ने आवश्यकता औंल्याए।

मानव अधिकार तथा शान्ति समाजद्वारा आयोजित कार्यक्रममा प्रदेश प्रमुख लाभले मधेश प्रदेशसभा सदस्य ललिता दास तत्मालाई ‘कर्मयोगी बद्री पहाडी समाजसेवा पुरस्कार’ प्रदान गर्नुभयो। सो अवसरमा उनले परोपकार नै मानव जीवनको सबैभन्दा ठूलो धर्म भएको धारणा व्यक्त गरे।

पुरस्कारस्वरूप प्रदेशसभा सदस्य तत्मालाई नगद १ लाख १० हजार रुपैयाँ, कदरपत्र तथा सम्मान प्रदान गरिएको थियो।

मानव अधिकार तथा शान्ति समाजकी सभापति रेणुका पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मधेश प्रदेशसभाका सदस्यहरू, विभिन्न संघसंस्थाका प्रतिनिधि, साहित्यकार, पत्रकार तथा समाजसेवीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।

## आगामी वर्ष जलविद्युत् उत्पादन क्षमता
# पाँच हजार ३३५ मेगावाट पुग्ने

**काठमाडौँ।**
सरकारले आगामी आर्थिक वर्षभित्र मुलुकको कुल जडित विद्युत् उत्पादन क्षमता पाँच हजार ३३५ मेगावाट पु¥याउने लक्ष्य लिएको छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले सार्वजनिक गरेको वार्षिक विकास कार्यक्रममा एक वर्षभित्र थप एक हजार ४० मेगावाट जलविद्युत् उत्पादन क्षमता थपिने उल्लेख गरिएको छ।

निर्माणाधीन तथा निर्माणको अन्तिम चरणमा रहेका जलविद्युत् आयोजनालाई समयमै सम्पन्न गर्न विशेष प्रयास गरिने जनाइएको छ । निजी क्षेत्रबाट निर्माण भइरहेका आयोजनालाई पनि सहजीकरण गरी निर्धारित समयमा तिनलाई पनि सम्पन्न गर्ने लक्ष्य छ।

विद्युत् प्रसारण पूर्वाधार विस्तारलाई पनि उच्च प्राथमिकतामा राखिएको छ। वार्षिक कार्यक्रमअनुसार ६६ केभी प्रसारण लाइन सात हजार ४८ सर्किट किलोमिटरबाट बढाएर सात हजार ८०८ सर्किट किलोमिटर पु¥याइनेछ।

यसैगरी, ३३ केभी प्रसारण लाइन आठ हजार ३२५ सर्किट किलोमिटरबाट बढाएर आठ हजार ४२९ सर्किट किलोमिटर पु¥याउने लक्ष्य छ । आगामी

बाँकी पृष्ठ २ मा

## आमजनता पार्टीको मधेश प्रदेशस्तरीय बैठक

**मधेशदृष्टि**
**वीरगंज।**
आम जनता पार्टीको मधेश प्रदेशस्तरीय विस्तारित बैठक शनिबार वीरगंजमा भएको छ । डायमन्ड रिसोर्ट होटल एण्ड पार्टी प्यालेसमा आयोजित बैठकमा पार्टी अध्यक्ष प्रभु शाहले शिक्षा स्वास्थ्य र विद्युत सेवामा सरकारले कर लगाएको भन्दै कर तत्काल हटाउन माग गरे।

आम जनतालाई सरकारले सेवा सुविधा थप गर्नुपर्नेमा आधारभूत सेवाहरूमा समेत कर थपेको भन्दै आक्रोश प्रकट गरे । मधेश प्रदेशका पार्टी पदाधिकारी एवं केन्द्रीय नेताहरूको समेत उपस्थिति रहेको कार्यक्रममा अध्यक्ष शाहले सुशासन र पारदर्शिताको नारा दिएर आएको सरकार, नाराको विपरीत तर्फ लागेको टिप्पणी गरे।

जनताले अत्याधिक रुचाएर आएको पार्टीले केही राम्रै गर्ला केही समय हेरौं, भनेर प्रतिक्षा गरेको तर सरकारको गति भने जनभावना विपरीत राष्ट्र र राष्ट्रियता विपरीत रहेकोले अब नागरिक बोल्नै बेला आएको बताए । जेन्जी आन्दोलनका सहिद परिवारले समेत न्याय नपाएर भौतारी रहेको भन्दै उनले सत्ताका सांसद र मन्त्रीहरू लाई कानुन नलाग्ने व्यवस्थाले राजतन्त्रलाई मात गरेको आरोप लगाए।

# वन अतिक्रमण हटाइयो ४७ संरचना भत्काइए

**कैलाली।**
कैलालीको विभिन्न वन क्षेत्रमा गरिएको अतिक्रमण हटाउने अभियानअन्तर्गत शुक्रबार ४७ वटा कच्ची तथा पक्की संरचना भत्काइएको छ।

करिब ३५ हेक्टर वन क्षेत्रमा बनाइएका संरचना भत्काइएको डिभिजन वन कार्यालय कैलालीका वरिष्ठ डिभिजनल वन अधिकृत राम विचारी ठाकुरले जानकारी दिए । उनका अनुसार डिभिजन वन कार्यालय कैलालीका वरिष्ठ वन अधिकृत जिवक्ष यादवको नेतृत्वमा खटिएको टोलीले जिल्लाको गोदावरी नगरपालिकाअन्तर्गत भिमदत्त राजमार्ग आसपास वन अतिक्रमण गरी बनाइएका घर, टहरा र अन्य संरचना भत्काइएको हो।

भ्यागुते पानी, बासपानी र गोदावरी क्षेत्र आसपासका वन क्षेत्रमा लामो समयदेखि अवैध रूपमा निर्माण गरिएका संरचना हटाइएको र वन क्षेत्रलाई अतिक्रमणमुक्त बनाइएको उनले बताए। 'वन क्षेत्रको संरक्षण, सीमाङ्कन कार्यलाई प्रभावकारी बनाउने तथा अतिक्रमण नियन्त्रण गर्ने उद्देश्यले अभियान सञ्चालन गरिएको हो,' ठाकुरले भने।

अतिक्रमण हटाउने अभियानमा डिभिजन वन कार्यालय कैलालीका १० वटै सव–डिभिजन वन कार्यालयका कर्मचारी, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलको संयुक्त टोली गरी २०० जनाको हाराहारीमा जनशक्ति परिचालन गरिएको थियो।

यसअघि पनि अत्तरिया आसपासका क्षेत्र तथा डिभिजन वन कार्यालय कैलालीअन्तर्गत पर्ने पूर्व–पश्चिम राजमार्ग छेउमा बनाइएका संरचना हटाइएको थियो । वन क्षेत्रभित्र अवैध रूपमा निर्माण गरिएका कच्ची घर, टहरा तथा अन्य संरचनाले वन संरक्षण र जैविक विविधतामा नकारात्मक असर पार्दै आएको भन्दै अतिक्रमण हटाउनु आवश्यक रहेको ठाकुर बताउँछन्।

डिभिजन वन कार्यालय कैलालीले वन क्षेत्रको दीर्घकालीन संरक्षणका लागि नियमित अनुगमनसँगै अतिक्रमण पुनः नदोहोरियोस् भन्ने उद्देश्यले निगरानी थप कडा बनाइएको जनाएको छ।

कैलाली वन अतिक्रमणको दृष्टिकोणले देशकै सबैभन्दा संवेदनशील जिल्लामध्ये एक मानिन्छ । महालेखा परीक्षकको ६२औँ वार्षिक प्रतिवेदनअनुसार देशभर अतिक्रमणमा परेको करिब एक लाख चार हजार हेक्टर वन क्षेत्रमध्ये ३८ प्रतिशतभन्दा बढी हिस्सा कैलालीमा मात्र रहेको छ, जुन करिब ३८ हजार ४० हेक्टर हुन आउँछ ।यद्यपि पछिल्ला वर्षहरूमा कैलालीका डिभिजन वन कार्यालयहरूले अतिक्रमण नियन्त्रण तथा हटाउने कार्यमा सक्रियता बढाउँदै आएका छन् । रासस

# नेपाल–भारत सीमास्तम्भ मर्मतको समीक्षा, संयुक्त संयन्त्र सक्रिय बनाउने सहमति

**झापा।**
नेपाल–भारत सीमा क्षेत्रमा रहेका सीमास्तम्भको संरक्षण, मर्मत तथा पुनःनिर्माणलाई तीव्रता दिने उद्देश्यले दुवै देशका अधिकारीबीच झापाको विर्तामोडमा संयुक्त समीक्षा बैठक सम्पन्न भएको छ।

नापी विभाग, सीमा शाखा काठमाडौँको आयोजनामा भएको बैठकमा पूर्वी नेपालका झापा, इलाम, पाँचथर र ताप्लेजुङसँग जोडिएका सीमा क्षेत्रमा सञ्चालित फिल्ड कार्यको प्रगति मूल्याङ्कन गरिएको थियो । हालै सम्पन्न बैठकमा संयुक्त टोलीले पछिल्ला तीन महिनामा गरेका कामको विवरण प्रस्तुत गर्दै मर्मत गरिएका तथा पुनःनिर्माण आवश्यक रहेका सीमास्तम्भबारे जानकारी गराएको थियो।

सीमासम्बन्धी प्राविधिक विषयमा नियमित रूपमा हुने बैठकले सीमाङ्कनको स्पष्टता कायम राख्न तथा सीमास्तम्भको संरक्षणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । सीमा क्षेत्रमा देखिएका प्राविधिक समस्याको समाधान, आवश्यक समन्वय तथा आगामी कार्ययोजनाबारे पनि छलफल भएको थियो।



नापी विभागका प्रमुख नापी अधिकृत हेरराम यादवले सीमास्तम्भको मर्मत र पुनःनिर्माणसम्बन्धी द्विपक्षीय समझदारीअनुसार अघि बढिरहेको जानकारी दिए।

उनका अनुसार फिल्डमा खटिएका संयुक्त प्राविधिक टोलीले स्थलगत निरीक्षणपछि तयार पारेका प्रतिवेदनका आधारमा आवश्यक निर्णय लिने अभ्यास जारी छ।

जिल्ला प्रहरी कार्यालयका निमित्त सूचना अधिकारी प्रहरी निरीक्षक विजय चौहानले नेपाल–भारत सीमासम्बन्धी द्विपक्षीय फिल्ड कार्यअन्तर्गतको सर्भे बैठक बिर्तामोडमा सम्पन्न भएको जानकारी दिए । सीमा व्यवस्थापनसँग सम्बन्धित विभिन्न निकायबीचको समन्वयलाई थप प्रभावकारी बनाउने विषयमा पनि छलफल उनको भनाइ छ।

बैठकमा झापाका प्रमुख जिल्ला अधिकारी शिवराम गेलाल, सहायक प्रमुख जिल्ला अधिकारी तेजप्रकाश प्रसाईं र अञ्जन न्यौपाने, नापी अधिकृत शिवप्रसाद लम्साल, डिभिजन वन अधिकृत नथुनी गोहीयारी यादव, सशस्त्र प्रहरी उपरीक्षक अम्बिकाप्रसाद जोशी तथा प्रहरी उपरीक्षक वसुन्धरा खड्का सहभागी थिए।

त्यसैगरी, इलामका प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकाल, प्रहरी उपरीक्षक कुलदीप चन्द, सशस्त्र प्रहरी नायब उपरीक्षक हेम पौडेल, डिभिजन वन अधिकृत राजकुमार खत्री, सहायक अनुसन्धान अधिकृत सुशान्त बराल तथा सशस्त्र प्रहरी उपरीक्षक केशवराज प्याकुरेलको सहभागिता थियो।

ताप्लेजुङबाट सहायक प्रमुख जिल्ला अधिकारी यादव भट्टराई, कार्यवाहक डिभिजन वन अधिकृत ललितकुमार यादव, प्रहरी नायब उपरीक्षक उमेश जोशी र सशस्त्र प्रहरी नायब उपरीक्षक प्रमोदप्रकाश पाठक सहभागी थिए।

पाँचथरबाट प्रमुख जिल्ला अधिकारी वासुदेव दाहाल, प्रमुख अनुसन्धान अधिकृत दुर्गाप्रसाद चापागाईं, प्रहरी नायब उपरीक्षक अनिशकुमार कर्ण, डिभिजन वन अधिकृत पशुपति दाहाल तथा सशस्त्र प्रहरी नायब उपरीक्षक चिरञ्जीवी प्रसाईंको उपस्थिति थियो।

भारतीय पक्षबाट विहार राज्यको किशनगन्ज जिल्लाका 'डिस्ट्रिक्ट मजिस्ट्रेट' विशालराज, सशस्त्र सीमा बल (एसएसबी) का १९औँ बटालियनका कमान्डेन्ट योगेशकुमार सैनी, ३६औँ बटालियनका कमान्डेन्ट सञ्जीव कुमार, उपकमान्डेन्ट अभिजित दास, आठौँ बटालियनका कमान्डेन्ट वसन्त सामी तथा सर्वेक्षक अधिकृत सन्तोष प्रसाद र हिमाद्री शेखर चक्रवर्तीलगायत अधिकारी सहभागी थिए।

नेपाल र भारतबीच सीमासम्बन्धी प्राविधिक विषयमा समयसमयमा संयुक्त बैठक आयोजना हुने गरेका छन् । सीमास्तम्भको संरक्षण र व्यवस्थापनलाई व्यवस्थित बनाउँदै सीमावर्ती क्षेत्रमा पारस्परिक सहकार्यलाई सुदृढ गर्ने उद्देश्यले बैठकले आगामी कार्ययोजनासमेत तय गरेको छ। रासस

# कालीकोटका नौ वटै स्थानीय पूर्णखोप सुनिश्चित घोषणा

**मान्म।**
कालीकोट जिल्लाका नौ वटै स्थानीय तह पूर्ण खोप सुनिश्चित तथा दिगोपना घोषणा गरिएको छ । जन्मेदेखि पाँच वर्षमूनिका बालबालिकाले नौ वटा, गर्भवतीका लागि एक र किशोरीका लागि एक गरी ११ वटा खोप पाएको सुनिश्चित गरिएपछि जिल्लाका नौ वटै स्थानीय तहलाई पूर्ण खोप सुनिश्चित तथा दिगोपना घोषणा गरिएको हो।

खाँडाचक्र नगरपालिका, रास्कोट नगरपालिका, तिलागुफा नगरपालिका, महाबै गाउँपालिका, पचालझरना गाउँपालिका, सान्नीत्रिवेणी गाउँपालिका, नरहरिनाथ गाउँपालिका र शुभकालिका गाउँपालिकालाई यस अघि नै पूर्णखोप सुनिश्चित तथा दिगोपना घोषणा गरिएको थियो। शुक्रबार पलाँता गाउँपालिकालाई पूर्ण खोप सुनिश्चित तथा दिगोपना घोषणा गरेपछि नौ वटै स्थानीय तह पूर्णखोप सुनिश्चित तथा दिगोपना घोषणा गरिएको छ।

जन्मेदेखि १५ महिनाभित्रका बालबालिकालाई विभिन्न रोगबाट बचाउन खोप तालिकामा उल्लेखित खोप लगाइसक्नु पर्ने भए पनि कुनै कारणले छुटेका १६ देखि ५९ महिनासम्मका बालबालिकालाई स्थानीय तहका स्वास्थ्य शाखामार्फत खोजी गरेर सबै खोपको मात्रा पूरा गरेपछि पूर्ण खोप सुनिश्चित घोषणा गर्ने प्रावधान रहेको स्वास्थ्य सेवा कार्यालय कालीकोटका व्यवस्थापक तथा जिल्ला खोप समन्वय समितिका सदस्य सचिव डा रत्नवीर सुनारले बताए।

कालीकोट जिल्लाका तीन हजार ६३६ बालबालिकालाई खोप लगाउने लक्ष्य रहेको स्वास्थ्य सेवा कार्यालयका खोप फोकल पर्सन तथा जनस्वास्थ्य अधिकृत कटकवहादुर महतले जानकारी दिए। 'जिल्लाका नौ वटै स्थानीय तहलाई पूर्णखोप सुनिश्चित तथा दिगोपना घोषणा गरिएको छ,' उनले भने, 'अब जिल्लालाई नै पूर्ण खोप सुनिश्चित तथा दिगोपना घोषणा गर्ने योजना रहेको छ।'

# आगामी वर्ष जलविद्युत् उत्पादन...

आर्थिक वर्षमा प्रतिव्यक्ति विद्युत् खपत पाँच सय ११ किलोवाट घण्टा पुर्‍याउने तथा विद्युत् चुहावट १२ दशमलव शून्य तीन प्रतिशतमा सीमित गर्ने लक्ष्य लिइएको छ। लघु तथा साना जलविद्युत् आयोजनाबाट ४३ मेगावाट तथा सौर्य ऊर्जाबाट ९९ मेगावाट विद्युत् उत्पादन क्षमता थप गरिने कार्यक्रम छ।

सरकारले आगामी आर्थिक वर्षको नीति, कार्यक्रम र बजेट कार्यान्वयनबाट थप १५ हजार ७७६ हेक्टर जमिनमा सिँचाइ सुविधा विस्तार गर्ने लक्ष्य राखेको छ। साथै, ठूला तथा मझौला नदीमा थप ७० किलोमिटर तटबन्ध निर्माण तथा २१० हेक्टर जमिन उकास गरिनेछ।

उक्त मन्त्रालयका अनुसार जलविद्युत् विकासले राष्ट्रिय आवश्यकता मात्र नभई क्षेत्रीय अर्थतन्त्रको विकासलाई समेत तीव्रता दिन सहयोग पुग्ने अपेक्षा गरिएको छ । यसबाट आर्थिक विकास, औद्योगिकीकरण, बाढी नियन्त्रण, वातावरणीय संरक्षण तथा रोजगारी सिर्जनामा योगदान पुग्ने छ । आगामी आवमा १२ वटा प्रसारण लाइन सम्पन्न गर्ने लक्ष्य छ । ती आयोजना सम्पन्न भएपछि आन्तरिक रूपमा विद्युत् प्रवाहमा सहजता आउने तथा उत्पादित विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा जोड्न सकिने छ।

काठमाडौँ उपत्यकाको मध्यभाग हुँदै जाने प्रसारण लाइन निर्माणको योजना पनि कार्यान्वयन गरिने उक्त मन्त्रालयले जनाएको छ।

# पौवादुङमाका किसान अदुवा खेतीमा आकर्षित

**भोजपुर।**
परम्परागत बालीमा बाँदरको बढ्दो क्षतिका कारण समस्या झेलिरहेका यहाँको पौवादुङमा गाउँपालिकाका किसान अहिले वैकल्पिक नगदेबालीतर्फ आकर्षित हुन थालेका छन् । विशेषगरी अदुवा खेतीलाई सुरक्षित र आम्दानीमुखी विकल्पका रूपमा लिँदै गाउँपालिकाले योजनाबद्ध रूपमा अदुवा खेती विस्तारमा जोड दिएको हो।

कृषिमा आधुनिकीकरण तथा किसानको आयस्तर वृद्धि गर्ने उद्देश्यले गाउँपालिकाले अदुवा खेती प्रवद्र्धन कार्यक्रम सञ्चालन गरेको हो। अदुवा खेती विस्तारको लागि गाउँपालिकाले २० लाख रुपैयाँको कार्यक्रम सञ्चालन गरेको छ।

जसमा गाउँपालिकाको १० लाख रुपैयाँ र किसानको १० लाख रुपैयाँ लागत साझेदारी रहेको छ । यस कार्यक्रममार्फत वडा नं ६ ठूलोदुम्माका सात वटा कृषि फर्मलाई अनुदान सहयोग प्रदान गरिएको छ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नवीन भट्टराईले हाल ठूलोदुम्माको करिब १०० रोपनी क्षेत्रफलमा अदुवा खेती विस्तार गरिएको जानकारी दिए। यहाँ अदुवा खेतीको राम्रो सम्भावना रहेकोले गाउँपालिकाले यसको खेती विस्तारमा जोड दिएको उनको भनाइ छ।



'अदुवा खेतीले बजारमा राम्रो मूल्य पाउने र दीर्घकालीन रूपमा आम्दानी दिन सक्ने भएकाले यसको सम्भावना राम्रो देखिएको छ,' उनले भने।

गाउँपालिका उपाध्यक्ष ज्योत्सना राइले विगत वर्षदेखि बादरको आतङ्कका कारण मकै, कोदो, आलु जस्ता परम्परागत बालीमा ठूलो क्षति हुँदै आएको बताए। बादर आतङ्कको विकल्पमा गाउँपालिकाले अदुवा खेती विस्तारमा जोड दिएको उनले जानकारी दिए।

'बादरका करण किसानले लगानी गरेको मेहनत खेर जाने अवस्था बनेपछि हामीले वैकल्पिक समाधान खोज्नुपर्‍यो,' उनले भने, 'अदुवा खेतीमा बादरको क्षति न्यून हुने भएकाले किसानलाई यसतर्फ प्रोत्साहित गरेका हौँ।'

कृषि शाखाका प्राविधिक वर्तेन्द्र राईले किसानलाई बारीमै पुगेर तालिम, प्राविधिक परामर्श तथा अनुगमन गर्ने काम भइरहेको उनले जानकारी दिए । अदुवा खेतीको सम्भावना उच्च भएकाले सही प्रविधि र आवश्यक व्यावस्थापनको विषयमा किसानलाई जानकारी दिने काम भइरहेको उनको भनाइ छ।

'ठूलोदुम्मा क्षेत्रमा अदुवाको राम्रो सम्भावना छ,' उनले भने, 'अन्यबालीको तुलनामा बाँदरले अदुवा खेतीमा कम क्षति पुर्‍याउने भएकाले किसान यसको खेतीमा लागेका छन् । हामी पनि किसानलाई खेतबारीमा पुगेर आवश्यक प्राविधिक सहयोग गर्दै आएका छौँ।'

गाउँपालिका अध्यक्ष किरण राईले स्थानीय स्रोत र सम्भावनालाई उपयोग गर्दै कृषिलाई व्यावसायिक बनाउने दीर्घकालीन लक्ष्य राखिएको बताए । 'हामी किसानलाई परम्परागत खेतीबाट व्यावसायिक कृषितर्फ रूपान्तरण गराउँदै लैजान चाहन्छौँ,' अध्यक्ष राईले भने, 'फलफूल, अदुवा, बेसारजस्ता नगदेबालीमार्फत गाउँमै रोजगारी सिर्जना गर्ने र आयस्तर बढाउने हाम्रो योजना हो।'

अनुदान सहयोग पाएपछि अदुवा खेती विस्तार गर्न निकै सहज भएको स्थानीय किसान दिलिप राईले बताए। उनका अनुसार पहिले मकै तथा अन्य बाली लगाउँदा बादरले धैरै नोक्सान पुर्‍याउने गरेको थियो। 'अदुवा खेतीमा भने बादरको क्षति कम हुन्छ'उनले भने, 'त्यसैले अहिले हामी व्यावसायिक रूपमा यसतर्फ जुटेका छौँ । खेती विस्तारका लागि गाउँपालिकाको सहयोग महत्वपूर्ण बनेको छ।'

स्थानीयस्तरमै उत्पादन वृद्धि गर्दै बजारसँग जोड्न सकेमा अदुवा खेतीले किसानको जीवनस्तर सुधार गर्न महत्वपूर्ण भूमिका खेल्ने अर्का युवा किसान समिर राईले बताए।

बाँदरले कम क्षति गर्ने भएकाले हाल आफूले ३० क्षेत्रमा अदुवा खेती विस्तार गरेको उनले जानकारी दिए । आगामी दिनमा थप क्षेत्रफलमा अदुवा खेती विस्तार गर्ने लक्ष्य रहेको उनको भनाइ छ।

# सर्वसाधारण र यात्रुको...

अनुगमनका क्रममा नम्बर नखुलेको एक्साभेटर, बागमती प्रदेश ०३–००१ क ११५३ नम्बरको टिपर र ना.२त ९९४४ नम्बरको ट्याक्टर नियन्त्रणमा लिइएको थियो । उपमहानगरपालिकाले चारवटा प्लटबाट कुल चार हजार ४६२.२१५ घनमिटर ग्राभेल उत्खनन गरिएको दाबी गर्दै मूल्य अभिवृद्धि करसहित १६ लाख दुई हजार ६ सय ७ रुपैयाँ राजस्व तथा जरिवाना असुल गर्न सम्बन्धित निकायलाई पत्राचार गरेको जनाएको छ।

यस सम्बन्धमा उपमहानगरपालिकाले २०८३ जेठ ४ गते सडक विभाग अन्तर्गतको सङ्घीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, पुल सेक्टर काठमाडौँलाई पत्र पठाउँदै ठेकेदार कम्पनीबाट उक्त रकम असुलीका लागि सहजीकरण गर्न आग्रह गरेको थियो । त्यसपछि पुल सेक्टर कार्यालयले पनि कानुनअनुसार राजस्व दाखिला गर्न ठेकेदार कम्पनीलाई पत्राचार गरेको जनाएको छ ।उपमहानगरपालिकाको दाबी अनुसार पुलको दुवै छेउतर्फ करीब २ सय मिटर सडकमा भरिएको ग्राभेल दुधौरा खोलाबाट उत्खनन गरिएको हो। तर ठेकेदार कम्पनीले भने आफूहरूले कुनै अवैध उत्खनन नगरेको दाबी गरेको छ।

जेठ ९ गते आएको बाढीले अस्थायी ड्राइभर्सन बगाएपछि सवारीसाधन आवतजावतमा समस्या भएको थियो । जीर्ण अवस्थामा रहेको बेलिब्रिजसमेत बन्द भएपछि चालकहरू बाध्य भएर निर्माणाधीन पुल प्रयोग गर्न थालेका थिए । हाल पुलबाट सवारी सञ्चालन भइरहे पनि माथिल्लो सतह सम्याउने, खाल्डाखुल्डी मर्मत गर्ने तथा कालोपत्रे गर्नेलगायतका काम अझै बाँकी छन्।

दुधौरा पुल निर्माणका लागि आर्थिक वर्ष २०७६–७७ मा पुल सेक्टर कार्यालय काठमाडौँ र महादेव–खिम्ती–हीराचन जेभीबीच ठेक्का सम्झौता भएको थियो।

पुल विभागका अनुसार १९.६० मिटर चौडाइ, चार लेन, दुई स्पान र ९० मिटर लम्बाइको पुल निर्माणका लागि कम्पनीले मूल्य अभिवृद्धि कर बाहेक १५ करोड २२ लाख रुपैयाँमा ठेक्का सकार गरेको हो। निर्माण अवधि तीन वर्ष तोकिए पनि विभिन्न कारणले सात वर्षसम्म परियोजना लम्बिएको छ । अहिले निर्माण कार्य सम्पन्नताको अन्तिम चरणमा पुगेको अवस्थामा स्थानीय तह र ठेकेदार कम्पनीबीचको विवादले पुल सञ्चालनमा थप ढिलाइ भइरहेको छ।

सङ्घीय, प्रदेश र स्थानीय सरकारबीच समन्वयको अभावका कारण सामान्य प्रशासनिक विवादले गर्दा पुल निर्माणमा अवरोध भएको हुँदा यसलाई सम्बन्धित निकायले तत्काल सम्बोधन गरी उत्पन्न समस्या समाधान गर्न यातायात व्यवसायी तथा यात्रुको माग छ।

# सिमकोट पूर्ण खोप सुनिश्चित गाउँपालिका

**हुम्ला।**
हुम्लाको सदरमुकाममा रहेको सिमकोट गाउँपालिका पूर्ण खोप सुनिश्चितता तथा दिगोपना गाउँपालिका घोषणा गरिएको छ।

आर्थिक वर्ष २०८२/८३ का लागि गाउँपालिकाभित्रका ० देखि ५९ महिनासम्मका सबै बालबालिकाले राष्ट्रिय खोप तालिकाअनुसार खोप प्राप्त गरेपछि गाउँपालिकालाई पूर्ण खोप सुनिश्चितता घोषणा गरिएको हो।

गाउँपालिकाभित्रका लक्षित उमेर समूहका सबै बालबालिकाले राष्ट्रिय खोप कार्यक्रमअन्तर्गतका सबै खोप प्राप्त गरेको सुनिश्चित भएपछि गाउँपालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको सिमकोट गाउँपालिका स्वास्थ्य शाखा प्रमुख नर भण्डारीले बताए।

स्वास्थ्य शाखाका अनुसार गाउँपालिकाभित्रका सबै वडामा खोप लगाउने बालबालिकाको विवरण सङ्कलन, अनुगमन तथा प्रमाणीकरण प्रक्रिया पूरा भएपछि पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा शाखा प्रमुख भण्डारीको भनाइ छ।

कार्यक्रममा सिमकोट गाउँपालिका अध्यक्ष विजय भण्डारीले बालबालिकालाई विभिन्न सरुवा रोगबाट सुरक्षित राख्न खोप कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिएको बताए।

कार्यक्रममा खोप अभियान सफल बनाउन योगदान पुऱ्याउने पत्रकार जिल्लास्थित सञ्चारकर्मीलाई कदरपत्र प्रदान गरिएको थियो। साथै स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका, जनप्रतिनिधिसहित यहाँका नागरिकलाई स्वास्थ्य शाखाले धन्यवाद दिएको थियो।

आगामी दिनमा पनि नियमित खोप कार्यक्रमलाई निरन्तरता दिँदै पूर्ण खोपको अवस्थालाई दिगो बनाइराख्न सबै पक्षको सहकार्य आवश्यक रहेको जोड दिइएको थियो।

स्वास्थ्य स्वयंसेविकालाई निःशुल्क उपचार

स्वास्थ्य सेवा कार्यालय हुम्ला र सिमकोट गाउँपालिकाबीच स्वास्थ्य स्वयंसेविकालाई निःशुल्क उपचार गरिने भएको छ । गाउँपालिका र स्वास्थ्य कार्यालयबीच निःशुल्क स्वास्थ्य सेवा प्रदान गरिने विषयमा सहमति भएको छ। महिला स्वयंसेविकालाई निःशुल्क उपचारमा गरिने सम्झौतापत्रमा गाउँपालिका अध्यक्ष भण्डारी र स्वास्थ्य कार्यालय हुम्ला प्रमुख डाक्टर उमाकान्त तिवारीबीच हस्ताक्षर भएको छ।

लामो समयदेखि स्वास्थ्य क्षेत्रको मातृ तथा शिशु मृत्युदर न्यूनीकरण, जनचेतना अभिवृद्धि तथा आधारभूत स्वास्थ्य सेवाको पहुँच विस्तारमा महत्त्वपूर्ण योगदान पुर्‍याउँदै आएका स्वयंसेविकाको योगदानको सम्मानस्वरूप उनीहरूलाई निःशुल्क उपचार गरिने सहमति भएको स्वास्थ्यका प्रमुख तिवारीको भनाइ छ।

जिल्ला अस्पतालले स्वयंसेविकालाई अस्पतालमा उपलब्ध सम्पूर्ण सेवा निःशुल्क प्रदान गर्नेछ भने सिमकोट गाउँपालिकाले सम्बन्धित स्वयंसेविकालाई जानकारी गराउने तथा आवश्यक परिचयपत्र उपलब्ध गराउने जिम्मेवारी लिएको छ। सेवा लिन जाँदा स्वयंसेविकाले अनिवार्य रूपमा परिचयपत्र साथमा लैजानुपर्ने व्यवस्था गरिएको छ । रासस

# ग्यास बिक्रेता संघको छैटौँ साधारण सभा

**मधेशदृष्टि**
**जनकपुरधाम।**
ग्यास बिक्रेता संघ धनुषाको छैटौँ वार्षिक साधारणसभा ग्यास आपूर्तिमा देखिएको समस्या, व्यवसायीहरूको हकहित तथा संघको सांगठनिक र आर्थिक अवस्थाबारे छलफल गर्दै सम्पन्न भएको छ।

साधारणसभामा खाना पकाउने एलपी ग्यासको आपूर्तिमा देखिएको अभाव, धनुषाका ग्यास बिक्रेताले भोगिरहेका समस्या तथा आगामी कार्ययोजनाका विषयमा विस्तृत छलफल गरिएको थियो।

संघका अध्यक्ष फुलदेव पण्डितले देशभर देखिएको ग्यास अभावको प्रभाव धनुषामा पनि परेको बताए। उनका अनुसार अधिकांश ग्यास कम्पनीबाट पर्याप्त आपूर्ति हुन नसक्दा जिल्लाका व्यवसायीहरू मुख्यतः नोबेल ग्यासमै निर्भर हुन बाध्य भएका छन्, जसका कारण उपभोक्ताले समेत समस्या भोग्नुपरेको छ।

उनले ग्यास आपूर्तिलाई सहज बनाउन विभिन्न ग्यास कम्पनीसँग समन्वय र सहकार्यको पहल गरिने जानकारी दिए। साथै ग्यास बिक्रेता र उपभोक्ताको सुरक्षासँग सम्बन्धित विषयमा छलफल गर्नुका साथै सुरक्षा सचेतना तथा प्रशिक्षण कार्यक्रमसमेत सञ्चालन गरिएको बताए ।साधारणसभामा ग्यास बिक्रेता महासंघका केन्द्रीय अध्यक्ष ज्ञानेश्वर अर्याल, नोबेल ग्यासका प्रबन्धक मनोज श्रेष्ठ, नेपाल ग्यासका प्रबन्धक रामकृष्ण सापकोटा, संघका साधारण सदस्य तथा जिल्लाका ग्यास बिक्रेताहरूको सहभागिता रहेको थियो।

साधारणसभाले ग्यास आपूर्तिलाई व्यवस्थित, सुरक्षित र उपभोक्तामैत्री बनाउन व्यवसायीबीच समन्वय बढाउने तथा देखिएका समस्याको समाधानका लागि सम्बन्धित निकायसँग पहल गर्ने निष्कर्ष निकालेको संघले जनाएको छ।

# जग्गा विवादको कुटपिटमा मृत्यु

**मधेशदृष्टि**
**सर्लाही।**
जग्गा विवादका कारण भएको कुटपिटबाट एक वृद्धको मृत्यु भएको छ । गोडैता नगरपालिका–९ निवासी ७० वर्षीय अहमिद मन्सुरमाथि भएको आक्रमणपछि उपचारका क्रममा ज्यान गएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार जेठ २२ गते छिमेकीबीच जग्गा सम्बन्धी विवाद चर्किँदा घटना भएको हो। सो क्रममा श्रीचन महतोका छोरा सुशील महतो, रमजान मन्सुर लगायतले मन्सुरमाथि निर्घात कुटपिट गरेका थिए । गम्भीर घाइते भएका मन्सुरलाई मलंगवास्थित म्याक्स अस्पतालमा उपचारका लागि भर्ना गरिएको थियो। तर उपचारकै क्रममा शनिबार बिहान करिब ७ बजे उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जानकारी दिएको छ । घटनामा संलग्नमध्ये रमजान मन्सुरलाई प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाएको छ। अन्य आरोपित श्रीचन महतो र सुशील महतो फरार रहेकाले उनीहरूको खोजी कार्य जारी रहेको प्रहरीले जनाएको छ।

# हुलाक सेवामार्फत घरघरमा राहदानी

**मधेशदृष्टि**
**बारा।**
हुलाक सेवामार्फत घरमै राहदानी पु¥याउने सेवा सुरु भएको छ । सेवा सुरु भएको एकै दिन २६ जनाले सुविधा प्राप्त गरेका छन् । जिल्ला हुलाक कार्यालय बाराको समन्वयमा विभिन्न पालिकाका हुलाक प्रमुखहरूले शुक्रबार सेवाग्राहीहरूको घरदैलोमै पुगेर राहदानी हस्तान्तरण गरेका हुन् । जिल्ला हुलाक कार्यालय बाराका खरिदार गौतम सिंह बस्तीका अनुसार सरकारको १०० बुँदे शासकीय सुधार कार्यसूचीअन्तर्गत जिल्ला प्रशासन कार्यालय बारा र जिल्ला हुलाक कार्यालयबीच वैशाख २५ गते यससम्बन्धी सम्झौता भएको थियो । सोही सम्झौताअनुसार जिल्ला प्रशासन कार्यालय बाराले बिहीबार पहिलोपटक २८ वटा राहदानी हुलाक कार्यालयलाई उपलब्ध गराएको थियो। तीमध्ये शुक्रबार कार्यालय समयसम्म २६ वटा सम्बन्धित सेवाग्राहीलाई वितरण गरिएको छ भने बाँकी राहदानी वितरण प्रक्रिया जारी रहेको कार्यालयले जनाएको छ।

# नगवामा निर्माणाधीन वृद्धाश्रमको उद्घाटन

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिका–१६ नगवामा निर्माणाधीन वृद्धाश्रमको उद्घाटन गरिएको छ। बृद्ध आमाबुबाको सेवा तथा सामाजिक आवश्यकतालाई मध्यनजर गर्दै आश्रम सञ्चालनमा ल्याइएको आयोजकले जनाएको छ।

कार्यक्रममा मधेश प्रदेशका प्रथम मुख्यमन्त्री तथा पूर्वमुख्यमन्त्री लालबाबु राउत गद्दी प्रमुख अतिथिका रूपमा सहभागी थिए। उनले आधुनिक जीवनशैलीका कारण परिवारभित्र बृद्ध आमाबुबाको हेरचाहमा कमी आउँदै गएको उल्लेख गर्दै वृद्धाश्रमहरूको आवश्यकता दिनप्रतिदिन बढ्दै गएको बताए।

कार्यक्रममा वडा नम्बर १६ का वडा अध्यक्ष पर्शुराम चौरसियाले आश्रमको भौतिक संरचना तथा आवश्यक व्यवस्थापनका लागि पहल गर्ने बताए । वडा कार्यालयबाट निरन्तर सहयोग रहने उनको प्रतिबद्धता थियो । त्यस्तै, वृद्धाश्रमका अध्यक्ष नन्दलाल राउत अहिरले आश्रम सञ्चालनका लागि आर्थिक तथा भौतिक सहयोगको आवश्यकता रहेको उल्लेख गर्दै सबै पक्षको सहयोग आवश्यक रहेको बताए।

कार्यक्रममा वीरगंज महानगरपालिका वडा नम्बर ७ का अध्यक्ष हिराकाजी महर्जन, विश्रामपुर गाउँपालिका–२ का अध्यक्ष मनोज यादव, स्थानीय समाजसेवी, सञ्चारकर्मी तथा आश्रममा आश्रित वृद्ध आमाबुबाको समेत उपस्थिति रहेको थियो।

# भारतीय नम्बर प्लेटको कार नियन्त्रणमा

**मधेशदृष्टि**
**धनुषा।**
धनुषाधाम नगरपालिका–५, नौ सय बिघा क्षेत्रमा विद्युतीय ट्रान्सफर्मर चोरीको घटना प्रयोग भएको आशङ्कमा प्रहरीले भारतीय नम्बर प्लेटको कार नियन्त्रणमा लिएको छ । शुक्रबार राति १ बजे बीआर ०१ इके ४०२४ नम्बरको कार नियन्त्रणमा लिइएको इलाका प्रहरी कार्यालय उमाप्रेमपुरका इन्चार्ज अजयकुमार झाले बताए । उनले खेत सिँचाइका लागि जडान गरिएको ट्रान्सफर्मर चोरीको प्रयास भएको जानकारी दिए।

उनका अनुसार राति नियमित गस्तीको क्रममा सिँचाइका लागि प्रयोग गरिएको ट्रान्सफर्मर पोलबाट तल खसालिएको अवस्थामा भेटिएको थियो। चोरी गर्ने नियतले ट्रान्सफर्मर तल झारेको हुनसक्ने अनुमान गरेर चोरीमा संलग्न व्यक्तिको खोजतलास गर्नेक्रममा घटनास्थल नजिकै बेवारिसे अवस्थामा भारतीय नम्बर प्लेटको कारलाई भेटिएको प्रहरी इन्चार्ज झाले बताए । उनले नियन्त्रणमा लिएर जाँचगर्दा ट्रान्सफर्मर चोरीमा प्रयोग हुने सामग्री बरामद भएको उनले जानकारी दिए । उनका अनुसार कारको डिक्कीबाट ट्रान्सफर्मरभित्र प्रयोग हुने तामाको तार, ट्रान्सफर्मरको तेल, काठका टुक्रा तथा ट्रान्सफर्मर खोल्न प्रयोग गरिने विभिन्न साइजका औजार फेला परेको छ। त्यसैगरी कारभित्र एनटिसी सिम भएको मोबाइल फोन, विक्कीकुमार साह सोनार नामको सवारी चालक अनुमतिपत्र र विभिन्न मितिका भन्सारसम्बन्धी कागजातसमेत फेला परेको उनको भनाइ छ।

# २१ घरपरिवारको जग्गामा विवाद सिर्जना

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजको आदर्शनगर क्षेत्रका २१ घरपरिवारले आफ्नो कानुनी रूपमा खरिद गरेको जग्गामाथि विवाद सिर्जना गरिएको भन्दै सरकारसँग न्यायको माग गरेका छन् । पीडितहरूले मालपोत कार्यालयको कार्यशैलीप्रति गम्भीर असन्तुष्टि जनाउँदै राज्य संयन्त्र नै बिचौलियाको प्रभावमा परेको आरोप लगाएका छन्।

पीडितमध्ये रुपेश मानन्धरले १२ वर्षअघि निधन भइसकेका आफ्ना हजुरबुबा सत्यनारायण मानन्धरको नाममा मालपोत कार्यालयबाट उपस्थित हुन पत्र काटिएको भन्दै यसलाई सामान्य त्रुटि नभई परिवारलाई मानसिक दबाब दिने प्रयासको रूपमा व्याख्या गरेका छन् ।स्थानीय बासिन्दाले जग्गा विवादमा बिचौलिया सञ्जय कुमार ठाकुरको प्रभाव रहेको आरोप लगाएका छन् । उनीविरुद्ध प्रहरी र प्रशासनमा उजुरी परे पनि प्रभावकारी अनुसन्धान नभएको गुनासो पीडितहरूको छ। उनीहरूका अनुसार सरकारी कार्यालयहरूमा समेत ठाकुरको अस्वाभाविक पहुँच देखिएको छ।

यता, भूमिसुधार तथा मालपोत कार्यालय पर्साका प्रमुख खेमराज खत्रीले भने आफूले प्राप्त उजुरी र उपलब्ध प्रमाणका आधारमा कानुनी प्रक्रियाअनुसार काम गरिरहेको दाबी गरेका छन् । निर्णयप्रति असन्तुष्टि भए अदालत जान सकिने उनको भनाइ छ।

पीडितहरूले सुशासन, पारदर्शिता र बिचौलियामुक्त प्रशासनको सरकारी प्रतिबद्धता व्यवहारमा कार्यान्वयन हुन नसकेको आरोप लगाउँदै निष्पक्ष छानबिन र न्यायको माग गरेका छन्।

# पचगावा बजारमा योग शिविर

**मधेशदृष्टि**
**वीरगंज।**
अन्तराष्ट्रिय योग दिवसको उपलक्ष्यमा पर्साको सखुवा प्रसौनी गाउँपालिका वडा नम्बर २ औराहा पचगावा बजारमा शनिबार योग शिविर सम्पन्न भएको छ । सखुवा प्रसौनी गाउँपालिका र भारतीय महावाणिज्य दूतावास वीरगंजको संयुक्त आयोजनामा योग शिविर सम्पन्न भएको हो। योग शिविरमा सखुवा प्रसौनी गाउँपालिकाका अध्यक्ष जसवन्त यादवले योग गरे निरोग रहन सकिन्छ भन्ने कुरा आज स्वंय आफूले पहिलो पटक महसुस गरेको बताए । उनले वीरगंजस्थित भारतीय महावाणिज्य दूतावासले पहिलो पटक शहरी क्षेत्रभन्दा ग्रामीण क्षेत्रलाई प्राथमिकतामा राखेर सखुवा प्रसौनीमा योग शिविर आयोजना गरेकोमा आभार प्रकट गरे । गाउँपालिका अध्यक्ष यादवले नेपाल र भारतबीच सदियौंदेखि चल्दै आएको रोटी–बेटीको सम्बन्ध विश्वमै अद्भूत रहेको बताए । भारत सरकारले नेपालका विभिन्न जिल्लामा शिक्षा र स्वास्थ्यसंगै भौतिक पूर्वाधारका क्षेत्रमा गर्दै आएको सहयोगले दुई देशबीचको सम्बन्धलाई अझ प्रगाढ बनाएको उनले बताए । अध्यक्ष यादवकै अध्यक्षता तथा मधेश प्रदेश सरकारका वनमन्त्री शंकर चौधरीको प्रमुख आतिथ्यतामा आयोजित शिविरिमा भारतीय महावाणिज्यदूत एसडी मीना, जगरनाथपुर गाउँपालिकाका अध्यक्ष श्रीकान्त प्रसाद यादव,सखुवा प्रसौनी गाउँपालिकाकी उपाध्यक्ष शर्मिला विष्ट, गाउँपालिकाका विभिन्न वडाका वडाध्यक्षहरु, स्थानीय समाजसेवी, राजननीतिक दलका प्रतिनिधि लगायतकाको सहभागिता रहेको थियो।

## ज्ञानकुप, विद्याकुप र शतानन्दकुपः

# आस्था, इतिहास र लोकविश्वासको सङ्गम







**निरञ्जनकुमार साह÷रासस**
**महेन्द्रनगर।**
मिथिलाको धार्मिक, सांस्कृतिक तथा शैक्षिक इतिहाससँग जोडिएको जनकपुरधाम उपमहानगरपालिका–८ स्थित श्री याज्ञवल्क्य संस्कृत माध्यमिक विद्यालय परिसरमा रहेका तीन प्राचीन कूप (इनार) यतिबेला पनि स्थानीयवासी, श्रद्धालु तथा अनुसन्धानकर्ताको आकर्षणको केन्द्र बनेका छन् । ज्ञानकुप, विद्याकुप र शतानन्दकुप नामले परिचित यी तीन कूपलाई धार्मिक आस्था, पौराणिक मान्यता तथा लोकविश्वाससँग जोडेर हेर्दै आएको छ।

जनकपुरधामस्थित प्रसिद्ध जानकी मन्दिरसँग निकट सम्बन्ध रहेको सो विद्यालय केवल शैक्षिक संस्था मात्र नभई धार्मिक तथा ऐतिहासिक सम्पदाका रूपमा समेत परिचित छ। विद्यालय परिसरमा रहेका तीनवटै कूपबारे विभिन्न धार्मिक ग्रन्थ, स्थानीय किंवदन्ती तथा जनश्रुतिहरू पाइन्छन् । स्थानीयवासी तथा जानकी मन्दिरका महन्तहरूका अनुसार यी कूपहरुको इतिहास पौराणिक कालसँग जोडिएको छ।

जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशन दास वैष्णवका अनुसार पौराणिककालदेखि नै सो स्थानमा कूपहरूको अस्तित्व रहेको मानिन्छ। मिथिला परम्परामा माता सीताले अध्ययन गरेको स्थलका रूपमा परिचित यस क्षेत्रमै तीनवटा कूप उत्पन्न भएको धार्मिक विश्वास छ। ‘सीताजीले अध्ययन गर्ने क्रममा यस परिसरमा ज्ञान, विद्या र आध्यात्मिक उन्नतिसँग सम्बन्धित तीन कूप प्रकट भएका हुन् भन्ने जनविश्वास रहिआएको छ,’ उनले भने। उनका अनुसार ज्ञानकुप , विद्याकुप र शतानन्दकुप केवल पानीका स्रोत मात्र नभई मिथिलाको सांस्कृतिक चेतना र अध्यात्मिक परम्पराका प्रतीक हुन्। पुस्तौँदेखि स्थानीय समाजले ती कूपहरुलाई श्रद्धापूर्वक संरक्षण गर्दै आएको छ।

**ज्ञान प्राप्तिको प्रतीक मानिने ज्ञानकुप**
तीन कुपमध्ये ज्ञानकुपलाई विशेष महत्वका साथ हेरिन्छ । धार्मिक मान्यताअनुसार ज्ञानको अभाव भएका व्यक्तिले ज्ञानकुप को पानीले स्नान गर्ने वा थोरै मात्रामा सेवन गर्ने गरेमा वौद्धिक विकास र ज्ञान प्राप्तिमा सहयोग पुग्ने विश्वास छ । स्थानीय जानकारहरूका अनुसार विगतमा विद्यार्थी तथा साधुसन्तहरूले अध्ययन आरम्भ गर्नुअघि ज्ञानकुप मा पूजा गर्ने परम्परा रहेको थियो। यस कूपको पानीलाई ज्ञान, विवेक र अध्यात्मिक चेतनासँग जोडेर हेरिन्छ । धार्मिक तथा सांस्कृतिक क्षेत्रका अध्येताहरूका अनुसार यस्ता विश्वासहरू समाजमा शिक्षा र ज्ञानप्रतिको सम्मान अभिवृद्धि गर्ने उद्देश्यले विकसित भएका हुन सक्छन्। यद्यपि, यसको वैज्ञानिक पुष्टि नभए पनि स्थानीय समाजमा यसप्रतिको आस्था अझै बलियो रहेको छ।

**विद्याकुपको धार्मिक महत्व**
विद्यालय परिसरमा रहेको अर्को कूप विद्याकुप हो । नामअनुसार नै यसलाई विद्या प्राप्तिसँग जोडेर हेरिन्छ। धार्मिक ग्रन्थ तथा स्थानीय मान्यतामा विद्याकुपको विशेष चर्चा पाइन्छ । स्थानीयवासीका अनुसार विद्यार्थीहरूले परीक्षा, अध्ययन वा संस्कृत शिक्षा प्रारम्भ गर्नुअघि विद्याकुपमा पूजा–आराधना गर्ने चलन रहिआएको छ। यस कूपको पानीले मानसिक एकाग्रता र अध्ययनप्रति रुचि बढाउने धार्मिक विश्वास रहेको बताइन्छ। जानकारहरूका अनुसार मिथिला क्षेत्र शिक्षा र विद्वत परम्पराका लागि प्रसिद्ध रहँदै आएको छ । विद्याकुपलाई त्यही गौरवशाली परम्पराको एक प्रतीकका रूपमा लिइन्छ।

**दुःख निवारणसँग जोडिएको शतानन्दकुप**
तेस्रो कूप शतानन्दकुप हो। स्थानीय जनविश्वास अनुसार यस कूपको पानी सेवन गर्दा विभिन्न प्रकारका दुःख, कष्ट तथा मानसिक पीडाबाट मुक्ति मिल्ने विश्वास रहिआएको छ। धार्मिक कथनअनुसार शतानन्दजी माता सीताका गुरु थिए। मिथिला सभ्यता र वैदिक ज्ञान परम्परामा उनको महत्वपूर्ण स्थान रहेको उल्लेख पाइन्छ। शतानन्दकुपको नामकरण पनि उनकै नामबाट भएको जनविश्वास छ । स्थानीय श्रद्धालुहरू विशेष अवसरमा शतानन्दकुपमा पूजा गर्दै मनोकामना माग्ने गर्दछन् । धेरैले यसलाई अध्यात्मिक शान्ति प्राप्त गर्ने स्थलका रूपमा लिने गरेका छन्।

**धार्मिक सम्पदा संरक्षणको आवश्यकता**
जानकी मन्दिरका महन्त रामतपेश्वर दास वैष्णवले यी तीनवटै कूप मिथिलाको धार्मिक र सांस्कृतिक पहिचानसँग जोडिएका महत्वपूर्ण सम्पदा भएको बताए। उनका अनुसार कूपहरू केवल धार्मिक विश्वासका विषय मात्र नभई प्राचीन इतिहासका जीवित प्रमाण पनि हुन्। ‘यी सम्पदाको संरक्षण, प्रवद्र्धन र अध्ययन आवश्यक छ। आगामी पुस्ताले मिथिलाको मौलिक इतिहास बुझ्न यस्ता धरोहर महत्वपूर्ण आधार बन्न सक्छन्,’ उनले भने । उनले स्थानीय तह, पुरातत्वविद् तथा सम्बन्धित निकायले कूपहरूको ऐतिहासिक अध्ययन गरी व्यवस्थित संरक्षणमा ध्यान दिनुपर्ने आवश्यकता औँल्याए।

**शैक्षिक इतिहाससँग जोडिएको विद्यालय**
श्री याज्ञवल्क्य संस्कृत माध्यमिक विद्यालयका प्रधानाध्यापक संजय कुमार झाले विद्यालय मिथिलाको प्राचीन शैक्षिक परम्पराको प्रतिनिधित्व गर्ने संस्थामध्ये एक रहेको बताए। उनका अनुसार विद्यालय स्थापना भएको लामो इतिहास रहेको छ। संस्कृत शिक्षा प्रवद्र्धनमा विद्यालयले महत्वपूर्ण योगदान पु¥याउँदै आएको छ । ‘विद्यालय परिसरमा रहेका ज्ञानकुप, विद्याकुप र शतानन्दकुपले यस संस्थाको धार्मिक तथा ऐतिहासिक महत्व अझ बढाएका छन्,’ उनले भने । उनका अनुसार विद्यालयमा अध्ययन गर्न आउने विद्यार्थी, अभिभावक तथा आगन्तुकहरू तीनवटै कूपबारे जानकारी लिन उत्सुक हुने गरेको छ।

**ऋषिमुनिको पालादेखिको अस्तित्व रहेको विश्वास**
यस विद्यालयका पूर्वविद्यार्थी तथा हाल सहायक प्राध्यापक सोमनाथ भट्टराईले विद्यालयको स्थापना १९६६ सालमा भएको जानकारी दिए। उनका अनुसार विद्यालयको औपचारिक स्थापना त्यस समयमा भए पनि कूपहरूको इतिहास अझ प्राचीन रहेको जनविश्वास छ।

‘स्थानीय मान्यता अनुसार यी कूपहरूको अस्तित्व ऋषिमुनिको पालादेखि रहँदै आएको हो,’ उनले भने। उनका अनुसार विद्यालयको इतिहास र कूपहरूको पृष्ठभूमिबारे थप अनुसन्धान आवश्यक छ । उनले धार्मिक विश्वास र ऐतिहासिक तथ्यलाई सन्तुलित ढंगले अध्ययन गरी दस्तावेजीकरण गर्नुपर्नेमा जोड दिए।

विद्यालयका पूर्वविद्यार्थी तथा स्थानीयवासी अवधेश पोखरेलले बाल्यकालदेखि नै तीनवटै कूपप्रति स्थानीय समाजमा गहिरो श्रद्धा रहेको बताए । उनका अनुसार विभिन्न पर्व, उत्सव तथा धार्मिक अवसरमा श्रद्धालुहरू कूपको दर्शन गर्न आउने गरेका छन्। ‘हामीले सानैदेखि यी कूपको महत्वबारे सुन्दै आएका छौँ । स्थानीय समाजको सांस्कृतिक जीवनसँग यी कूप अभिन्न रूपमा जोडिएका छन्,’ उनले भने।

साहित्यकार तथा जानकार डा. राजेन्द्र विमलले ज्ञानकुप, विद्याकुप र शतानन्दकुप मिथिलाको ऐतिहासिक तथा सांस्कृतिक अध्ययनका दृष्टिले महत्वपूर्ण विषय भएको बताउँछन्। उनका अनुसार मिथिलामा शिक्षा, दर्शन र धार्मिक चिन्तनको लामो परम्परा रहेको छ । ‘तीनवटै कूपले त्यही ज्ञान परम्पराको प्रतिनिधित्व गर्छन्। यिनको अध्ययनले मिथिलाको बौद्धिक इतिहास बुझ्न सहयोग पुग्न सक्छ,’ उनले भने । उनले स्थानीय किंवदन्ती, धार्मिक ग्रन्थ र ऐतिहासिक स्रोतलाई एकीकृत गरेर अनुसन्धान गर्नुपर्ने आवश्यकता औँल्याए।

**पुस्तौँदेखि सुनिदै आएको जनश्रुति**
स्थानीय ७० वर्षीय मोहन उपाध्यायले आफूले बाल्यकालदेखि नै तीनवटै कुपबारे विभिन्न धार्मिक कथा सुन्दै आएको बताए । उनका अनुसार विगतमा भारतको टाढाटाढाबाट श्रद्धालुहरू कूपको दर्शन गर्न आउने गर्थे । ‘ज्ञानकुप को पानीले ज्ञान बढ्छ, विद्याकुपले अध्ययनमा सफलता दिन्छ र शतानन्दकुपले दुःख हटाउँछ भन्ने विश्वास समाजमा व्यापक थियो,’ उनले भने। यस्तै ६५ वर्षीय रामदेव यादवले पनि कूपहरू मिथिलाको धार्मिक जीवनसँग गहिरो रूपमा जोडिएको बताए। उनका अनुसार समयसँगै धेरै परिवर्तन आए पनि स्थानीयवासीको आस्था भने यथावत् रहेको छ।

स्थानीय ६७ वर्षीया रामकुमारी रायले तीनवटै कूपलाई धार्मिक आस्थाको केन्द्रका रूपमा लिने गरेको बताए। उनका अनुसार विशेष पूजा तथा व्रतका अवसरमा महिलाहरू कूपमा पुगेर पूजा–आराधना गर्ने चलन रहिआएको छ । ‘हामीले पुर्खादेखि यी कूपको महत्व सुन्दै आएका छौँ। यहाँ आएपछि मनमा शान्ति मिल्छ,’ उनले भने।

**पर्यटन प्रवद्र्धनको सम्भावना**
स्थानीय सरोकारवालाहरूका अनुसार उचित प्रचारप्रसार, संरक्षण र व्यवस्थापन हुनसके यी कूप धार्मिक पर्यटनका महत्वपूर्ण गन्तव्य बन्न सक्छन् । जनकपुरधाम आउने स्वदेशी तथा विदेशी पर्यटकलाई मिथिलाको प्राचीन शैक्षिक र धार्मिक परम्पराबारे जानकारी गराउन पनि यी कूप उपयोगी हुन सक्छन्। विशेषगरी जानकी मन्दिर दर्शनका लागि आउने श्रद्धालुहरूलाई विद्यालय परिसरमा रहेका कूपहरूको ऐतिहासिक तथा धार्मिक महत्वबारे जानकारी गराउने व्यवस्था गर्न सके पर्यटन प्रवद्र्धनमा टेवा पुग्ने विश्वास गरिएको छ।

जनकपुरधामस्थित श्री याज्ञवल्क्य संस्कृत माध्यमिक विद्यालय परिसरमा रहेका ज्ञानकुप , विद्याकुप र शतानन्दकुप मिथिलाको धार्मिक आस्था, सांस्कृतिक चेतना तथा शैक्षिक परम्पराका महत्वपूर्ण प्रतीकका रूपमा रहेका छन्। यिनको उत्पत्तिबारे विभिन्न धार्मिक विश्वास, जनश्रुति तथा पौराणिक कथन प्रचलित भए पनि यी कूपले स्थानीय समाजमा विशेष महत्व राख्दै आएका छन्। ज्ञान, विद्या र आध्यात्मिक शान्तिसँग जोडिएका यी तीनवटै कूप केवल धार्मिक आस्थाका केन्द्र मात्र नभई मिथिलाको ऐतिहासिक तथा सांस्कृतिक सम्पदाका रूपमा समेत महत्वपूर्ण छन्। तिनको संरक्षण, अध्ययन तथा प्रवद्र्धनमार्फत आगामी पुस्तालाई मिथिलाको समृद्ध परम्पराबारे जानकारी गराउन सकिनेछ।

## सम्पादकीय

# सेफ सन्तोष साहको पक्राउ र बढ्दो चेक अनादरको मुद्दा

हालै चर्चित सेफ सन्तोष साहलाई चेक अनादरको आरोपमा पक्राउ गरिएपछि नेपालको वित्तीय क्षेत्रमा व्याप्त एक गम्भीर समस्या पुनः उजागर भएको छ । बेलायतमा 'मास्टरसेफ' जस्ता प्रतिष्ठित प्रतियोगितामा नेपाली खानाको पहिचान दिलाएर अन्तर्राष्ट्रिय ख्याति कमाएका साहको पक्राउले धेरैलाई आश्चर्यचकित तुल्याएको छ । यो घटनाले व्यक्तिगत प्रतिष्ठामा मात्र नभई, चेक अनादरका मुद्दाहरूले समाजमा पार्ने व्यापक प्रभाव र वित्तीय अनुशासनको आवश्यकतामाथि गम्भीर प्रश्न खडा गरेको छ।

उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुको टोलीले साहलाई महोत्तरीबाट पक्राउ गरी काठमाडौं ल्याएको हो । उनीमाथि गैरीधारास्थित एक रेष्टुरेन्ट खरिद गर्दा चेक अनादर ठगी कसुरमा संलग्न रहेको आरोप लागेको छ। यस घटनाले वित्तीय कारोबारमा चेकको प्रयोग र यसको विश्वसनीयतामाथि प्रश्नचिन्ह खडा गरेको छ । एक सार्वजनिक व्यक्तित्वको यस्तो घटनामा संलग्नताले आम मानिसमा चेक अनादर सम्बन्धी कानुनी प्रावधान र यसका परिणामबारे थप सचेतना जगाउन आवश्यक देखिन्छ।

नेपालमा चेक अनादरका मुद्दाहरू पछिल्ला वर्षहरूमा चिन्ताजनक रूपमा बढेका छन् । नेपाल प्रहरी प्रधान कार्यालयको तथ्यांक अनुसार, विगत तीन आर्थिक वर्षमा करिब ३८,९४८ चेक अनादरका मुद्दा दर्ता भएका छन्, जसमा करिब ८० अर्ब रुपैयाँ बराबरको बिगो संलग्न रहेको छ । यो तथ्यांकले वित्तीय कारोबारमा चेकको दुरुपयोग र यसले सिर्जना गरेको आर्थिक अराजकताको भयावह चित्र प्रस्तुत गर्दछ। चेक अनादरले व्यक्ति, व्यवसाय र समग्र वित्तीय प्रणालीमा नकारात्मक असर पार्छ, जसले आर्थिक स्थिरतामा चुनौती थप्छ।

चेक अनादरका प्रमुख कारणहरूमा आर्थिक अस्थिरता, वित्तीय साक्षरताको कमी, चेकको दुरुपयोग र कानुनी प्रक्रियाको ढिलासुस्ती आदि पर्दछन् । कतिपय अवस्थामा नियतवश चेक बाउन्स गराउने प्रवृत्ति पनि देखिएको छ, जसले गर्दा इमान्दार व्यवसायी र सर्वसाधारणले ठूलो आर्थिक क्षति बेहोर्नुपरेको छ । यसले बजारमा विश्वासको संकट उत्पन्न गराउँछ र आर्थिक गतिविधिमा सुस्तता ल्याउन सक्छ । यस समस्याको समाधानका लागि कानुनी प्रावधानहरूको कडाईका साथ कार्यान्वयन, वित्तीय साक्षरता अभिवृद्धि र चेकको प्रयोगबारे जनचेतना फैलाउनु अपरिहार्य छ । बैंक तथा वित्तीय संस्थाहरूले पनि चेक जारी गर्नुअघि ग्राहकको वित्तीय अवस्थाबारे थप सतर्कता अपनाउनुपर्छ। सेफ सन्तोष साहको घटनाले चेक अनादरको मुद्दालाई पुनः चर्चामा ल्याएको छ, र यो समय हो कि सरकार, वित्तीय संस्था र आम नागरिक सबैले मिलेर यस गम्भीर समस्याको दीर्घकालीन समाधान खोज्न पहल गरून् ताकि वित्तीय प्रणालीमा विश्वास कायम रहन सकोस्।

# प्रदूषित हावा हटाउन आठ अर्ब ७१ करोडको परियोजना

– रूपेश आचार्य÷रासस

–प्रगति ढकाल÷रासस

काठमाडौँ, ३० जेठः सरकारले प्रदुषित हावा हटाएर स्वच्छ वातावरण कायम गर्ने योजना अघि सारेको छ । 'नेपाल स्वच्छ हावा तथा समृद्धि परियोजना (नेपाल क्लिन एयर एण्ड प्रोस्पेरिटी प्रोजेक्ट–एनक्याप)' आगामी आर्थिक वर्ष २०८३÷०८४ देखि कार्यान्वयनमा ल्याउने तयारी भएको छ ।

नेपालमा वायु प्रदूषण नियन्त्रण, औद्योगिक क्षेत्रको हरित रूपान्तरण तथा स्वच्छ हावा प्रवद्र्धनका लागि करिब रु आठ अर्ब ७१ करोड (५७ मिलियन अमेरिकी डलर) बराबरको परियोजना सञ्चालन गर्ने तयारी थालिएको हो । विश्व बैंकको ५२ मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण र पाँच मिलियन अमेरिकी डलर अनुदान स्वीकृत भएपछि परियोजना कार्यान्वयनको बाटो खुलेको छ ।

वातावरण विभागका महानिर्देशक ज्ञानराज सुवेदीले 'नेपाल स्वच्छ हावा तथा समृद्धि परियोजना (एनक्याप)' ले देशको वायु गुणस्तर व्यवस्थापन प्रणालीमा गुणात्मक परिवर्तन ल्याउने विश्वास व्यक्त गरे । उनका अनुसार परियोजनाले विशेषगरी उद्योग क्षेत्रलाई स्वच्छ ऊर्जामा रूपान्तरण गर्न सहयोग पुर्याउने भएकाले औद्योगिक प्रदूषणमा उल्लेखनीय कमी आउने अपेक्षा गरिएको छ ।

'हामीले अनुगमन प्रणालीलाई थप प्रभावकारी बनाउन खोजेका छौँ । उद्योगहरू स्वच्छ ऊर्जामा रूपान्तरण हुँदा प्रदूषणको मात्रा घट्नेछ र आगामी पाँच वर्षभित्र सकारात्मक परिणाम देख्न सकिने विश्वास गरेका छौँ,' उनले भने ।

सुवेदीले अन्तरदेशीय वायु प्रदूषण, विशेषगरी छिमेकी मुलुकबाट भित्रिने प्रदूषण नियन्त्रणका लागि बहुपक्षीय तथा अन्तरदेशीय समन्वय आवश्यक रहने बताए । उनले परियोजनाले नेपालभित्रका प्रदूषण स्रोत नियन्त्रणमा केन्द्रित भई औद्योगिक उत्सर्जन घटाउने, वायु गुणस्तरको प्रभावकारी अनुगमन गर्ने तथा तथ्यमा आधारित नीति निर्माणलाई सहयोग पुर्याउने उल्लेख गरे ।

उनका अनुसार परियोजनाअन्तर्गत वायु गुणस्तर मापन केन्द्रको सङ्ख्या विस्तार गरिनेछ भने विद्यमान स्टेशनहरूको क्षमता अभिवृद्धि गरिने, साथै प्रयोगशालामा आधुनिक उपकरण थपिने, प्राविधिक जनशक्तिको क्षमता विकास गरिने तथा वातावरण विभागको संस्थागत क्षमता सुदृढ बनाइनेछ ।

महानिर्देशक सुवेदीले वायु प्रदूषणका कारण अर्थतन्त्रमा समेत ठूलो असर परिरहेको उल्लेख गर्दै वायु प्रदूषणका कारण विश्वव्यापी रूपमा कूल गार्हस्थ्य उत्पादन (जिडिपी) को करिब छ प्रतिशत बराबरको आर्थिक क्षति हुने विभिन्न अध्ययनले देखाएको बताए । 'नेपालमा वायु प्रदूषणले अर्थतन्त्रमा कति असर पारेको छ, कुन क्षेत्रबाट कति प्रदूषण उत्सर्जन भइरहेको छ र त्यसको आर्थिक तथा सामाजिक प्रभाव के छ भन्ने विषयमा समेत अध्ययन गरिनेछ,' उनले भने । उनका अनुसार आगामी दिनमा तथ्यमा आधारित नीति निर्माण, प्रदूषणका स्रोतहरूको पहिचान तथा प्रभावकारी नियन्त्रणका लागि आवश्यक अनुसन्धान र अध्ययनलाई समेत परियोजनाले प्राथमिकतामा राख्नेछ ।

वातावरण विभागका उपमहानिर्देशक सरोजकुमार चौधरीका अनुसार परियोजनाको मुख्य उद्देश्य प्रदूषित हावामा पाइने सूक्ष्म कण (पीएम–२.५) को उत्सर्जन घटाई वायु गुणस्तर व्यवस्थापन क्षमता अभिवृद्धि गर्नु रहेको छ । उनले नेपालमा विशेषगरी काठमाडौँ उपत्यका र तराई क्षेत्रमा पीएम–२.५ को मात्रा विश्व स्वास्थ्य सङ्गठनले तोकेको मापदण्डभन्दा आठदेखि नौ गुणासम्म बढी रहेको उल्लेख गर्दै यसले जनस्वास्थ्यमा गम्भीर असर पारिरहेको बताए । 'परियोजनाअन्तर्गत उद्योग क्षेत्रमा जीवाश्म इन्धन तथा कोइलाबाट सञ्चालन भइरहेका ब्वायलर र फर्नेसलाई विद्युत् तथा बायोमासमा आधारित हरित प्रविधिमा रूपान्तरण गरिनेछ,' चौधरीले भने, 'उद्योग विभागमार्फत सञ्चालन हुने यस कार्यक्रमअन्तर्गत विद्युतीय फर्नेसमा रूपान्तरण गर्ने उद्योगलाई कूल पुँजीगत खर्च (क्यापेक्स) को २० प्रतिशतसम्म पुँजी अनुदान उपलब्ध गराइनेछ ।'

त्यस्तै बायोब्रिकेट तथा बायोपेलेटजस्ता बायोमासमा आधारित फर्नेसमा रूपान्तरण गर्ने उद्योगलाई कुल पुँजीगत खर्चको १० प्रतिशतसम्म अनुदान प्रदान गरिनेछ चौधरीको भनाइ छ ।

'उद्योग विभागमार्फत सञ्चालन हुने यस कार्यक्रमअन्तर्गत विद्युतीय फर्नेसमा रूपान्तरण गर्ने उद्योगहरूलाई पुँजीगत लगानीको २० प्रतिशत र वायोमास (बायोब्रिकेट र बायोपेलेट) मा आधारित फर्नेसमा रूपान्तरण गर्नेलाई पुँजीगत लगानीको १० प्रतिशतसम्म पुँजी अनुदान ब्यादर र फर्नेसमा रूपान्तरण गरिसकेपछि उपलब्ध गराइनेछ,' उनले भने, 'बाँकी रकम ब्याजदरमा लामो अवधि (करिब १५ वर्ष) सम्मको लागि प्रदान गरिनेछ,' अन्य वायु प्रदुषण नियन्त्रण उपकरणका लागि कुनै अनुदानको व्यवस्था नरहेको तर बजार ब्याजदरमा लामो अवधिको ऋण प्रदान गर्न सकिने व्यवस्था रहेको छ ।'

चार सय उद्योगले सहुलियतपूर्ण वित्तीय पहुँच प्राप्त गर्ने

परियोजनाको आर्थिक प्रभाव उल्लेखनीय रहने अपेक्षा गरिएको छ । चौधरीका अनुसार यसबाट ४०० उद्योगले सहुलियतपूर्ण वित्तीय पहुँच प्राप्त गर्ने, ३०० उद्योगमा स्वच्छ ब्वायलर वा फर्नेस जडान हुने तथा ३० मिलियन अमेरिकी डलर बराबरको सहुलियत ऋण परिचालन हुने लक्ष्य राखिएको छ । साथै निजी क्षेत्रबाट थप १८ मिलियन अमेरिकी डलर लगानी आकर्षित हुने अनुमान गरिएको उनको भनाइ छ ।

'परियोजनाअन्तर्गत वायु गुणस्तर मापन केन्द्रहरूको विस्तार तथा स्तरोन्नति गरिनेछ । चार वटा केन्द्रलाई 'सुपरसाइट' मा रूपान्तरण गरी प्रदूषणका स्रोत पहिचान, तथ्याङ्क विश्लेषण तथा अन्तरदेशीय वायु प्रदूषणको निगरानी क्षमता अभिवृद्धि गरिने छ,' चौधरीले भने, 'परियोजना पूर्ण रूपमा कार्यान्वयन भएपछि पिएम–२.५ उत्सर्जन वार्षिक ५०० मेट्रिक टनले घट्ने तथा हरितगृह ग्यास उत्सर्जनमा वार्षिक एक लाख १० हजार टन कमी आउने अपेक्षा गरिएको छ ।'

यसले नेपालले अन्तरराष्ट्रिय रूपमा प्रतिबद्धता जनाएको राष्ट्रिय निर्धारित योगदान (एनडिसी) का लक्ष्य प्राप्त गर्नसमेत सहयोग पुग्ने विश्वास गरिएको उनको भनाइ छ । चौधरीले परियोजनाबाट देशभरका ४०० औद्योगिक प्रतिष्ठान, ती उद्योगमा कार्यरत करिब ६० हजार श्रमिक तथा काठमाडौँ उपत्यका र तराई क्षेत्रका करिब एक करोड ८० लाख नागरिक प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा लाभान्वित हुने जानकारी दिनुभयो ।

उनले कार्यक्रममा परियोजनाले उद्योगको उत्पादन लागत घटाई प्रतिस्पर्धी क्षमता बढाउने, स्वदेशी जलविद्युत्को खपत विस्तार गर्ने, हरित औद्योगिकीकरणलाई प्रोत्साहन गर्ने तथा स्वच्छ हावामार्फत जनस्वास्थ्य सुधारमा योगदान पु¥याउने विश्वास व्यक्त गरे ।

परियोजनाको समग्र निर्देशनका लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवको अध्यक्षतामा परियोजना स्टेयरिङ समिति रहनेछ । उद्योग विभाग र वातावरण विभागमा छुट्टाछुट्टै कार्यान्वयन एकाइ रहने व्यवस्था गरिएको छ । राष्ट्रिय वाणिज्य बैंक मुख्य बैंकिङ साझेदार रहने तथा अन्य वित्तीय संस्थाले समेत सहकार्य गर्ने जनाइएको छ ।

परियोजना कार्यन्वयनका चुनौती

वातावरण युवा अभियन्ता प्रकाश लामाले वायु प्रदूषण अब केवल वातावरणीय समस्या नभई दैनिक जनस्वास्थ्य सङ्कटका रूपमा लिनुपर्ने बताए । उनले विश्व बैंकको ५२ मिलियन अमेरिकी डलर ऋण तथा ५ मिलियन अमेरिकी डलर अनुदान सहयोगमा सञ्चालन हुन लागेको नेपाल स्वच्छ वायु तथा समृद्धि (एनक्याप) परियोजनाले प्रदूषण नियन्त्रणका लागि महत्त्वपूर्ण अवसर प्रदान गरेको बताए ।

'तर ऋणसँग जिम्मेवारी पनि जोडिएको हुन्छ,' उनले भने, 'त्यो ब्याजसहित फिर्ता गर्नुपर्छ र यसको भार अन्ततः हाम्रो पुस्ताले नै वहन गर्नुपर्ने हुन्छ ।' उनका अनुसार उक्त लगानीले वास्तविक र मापनयोग्य परिणाम दिन आवश्यक छ । विशेषगरी इँटा उद्योग, उच्च प्रदूषण उत्सर्जन गर्ने सवारीसाधन, साना तथा मझौला उद्योग र परम्परागत चुलोजस्ता प्रदूषणका प्रमुख स्रोतलाई लक्षित गरी प्रभावकारी हस्तक्षेप गर्नुपर्ने उनको भनाइ छ ।

'स्वच्छ औद्योगिक प्रविधिको प्रयोग, विद्युतीय यातायाततर्फ तीव्र रूपान्तरण तथा घरपरिवारका लागि सहज रूपमा स्वच्छ खाना पकाउने प्रविधिको विस्तार आवश्यक छ,' उनले भने । अभियन्ता लामाले परियोजनाको कार्यान्वयनमा पारदर्शिता र जवाफदेहितालाई प्राथमिकता दिनुपर्नेमा पनि जोड दिनुभयो । उनले हरित रोजगारी सिर्जना, आर्थिक वृद्धिदरमा योगदान तथा प्रदूषणजन्य स्वास्थ्य खर्चमा कमीमार्फत लगानीको प्रतिफल सुनिश्चित गर्ने स्पष्ट योजना आवश्यक रहेको बताए ।

'उधारो लिइएको प्रत्येक रूपैयाँले भविष्यमा त्यसको प्रतिफल दिन सक्नुपर्छ,' उनले भने । उनले स्वच्छ वायु अभियानमा युवालाई केवल लाभग्राहीका रूपमा नभई नेतृत्वकर्ता, अनुसन्धानकर्ता र नवप्रवर्तकका रूपमा सहभागी गराउनुपर्ने धारणा राखे ।

'५७ मिलियन अमेरिकी डलर केवल आर्थिक सहायता होइन, यो जिम्मेवारी पनि हो,' उनले भने, 'यसलाई बुद्धिमत्तापूर्वक प्रयोग गरौँ, नतिजा सुनिश्चित गरौँ र स्वच्छ वायु तथा दिगो आर्थिक समृद्धि सँगसँगै अघि बढ्ने नेपाल निर्माण गरौँ ।'

के छ ? अन्य नीतिगत व्यवस्था

काठमाडौँ उपत्यकाको लागि वायु गुणस्तर व्यवस्थापन कार्ययोजना, २०७६ ले पनि नेपाल सरकारले निर्धारण गरेको एक्युआई को मान ३०० भन्दा बढी भएको अवस्थालाई विपद्को रूपमा लिने बताएको छ । यो विपद् रोक्नका लागि कार्ययोजनामा फोहोर बाल्ने कार्य रोक्ने, सडक सफा गर्न ब्रमुर तथा भ्याकुमको प्रयोग व्यापक गर्ने, बालबालिका, ज्येष्ठ नागरिक, बिरामीहरूलाई विशेष सावधानी अपनाउन सार्वजनिक सूचना जारी गर्न कार्ययोजनामा उल्लेख गरिएको छ ।

राष्ट्रिय वातावरण नीति २०७६ अनुसार प्रदूषण न्यूनीकरण गर्नका लागि जल, वायु, माटो, ध्वनि, विद्युत्–चुम्बकीय तरङ्ग, रेडियोधर्मी विकिरण, जोखिमपूर्ण रसायनिक प्रदूषण रोकथामसम्बन्धी राष्ट्रिय मापदण्ड तयार गरी कार्यान्वयन गरिने सरकारी रणनीति रहेको छ । प्रमुख शहरहरू, औद्योगिक प्रतिष्ठानलगायत प्रदूषणको जोखिममा रहेका क्षेत्रमा गुणस्तर मापन केन्द्र स्थापना र सञ्चालन गर्दै वायु, जल, ध्वनि गुणस्तरको नक्साङ्कन गरिनेछ रणनीतिमा उल्लेख छ ।

'औद्योगिक तथा अन्य क्षेत्रवाट निष्काशन हुने प्रदूषित पानीको प्रशोधनको व्यवस्था गरिनेछ । उद्योग र अन्य व्यवसायहरूबाट निष्कासन हुने प्रदूषणयुक्त धुवा, धूलो, पानीलाई व्यवस्थित गर्न वातावरण–मैत्री प्रविधि कार्यान्वयनमा ल्याइनेछ,' नीतिमा उल्लेख छ, 'घरभित्रको वायु प्रदूषणलाई न्यूनीकरण गर्नका लागि सौर्य चुलो, विद्युतीय चुलो, बायोग्याँस, सुधारिएको चुलो, चिम्नीजस्ता उपकरणहरूको प्रवद्र्धन गरिनेछ । ऊर्जा किफायती भवन निर्माणमा जोड दिइनेछ ।'

प्रदूषण नियन्त्रणका लागि उत्सर्जन थल नक्साइनका लागि विक्षेपणजस्ता नवीनतम विधिहरूको प्रयोग गरिने पुनःप्रयोग गर्न नमिल्ने फोहरलाई आवश्यकतानुसार फोहर विसर्जन क्षेत्र, हानिकारक फोहर विसर्जन क्षेत्र भष्मीकरण यन्त्रको माध्यमबाट सुरक्षित तरिकाले विसर्जन गरिने तथा औधोगिक प्रतिष्ठान, अस्पताल वा अन्य कुनै स्थान विशेषबाट निस्कने फोहरलाई एकीकृत भष्मीकरण यन्त्र स्थापना गरी विसर्जन गरिने रणनीतिमा उल्लेख गरिएको छ ।

काठमाडौँ उपत्यकाको वायु हानिकारक र यसको गुणस्तर खस्किने क्रम तीव्र रूपमा निरन्तर बढिरहेकोसम्बन्धी राष्ट्रिय तथा अन्तरराष्ट्रिय अध्ययन प्रतिवेदनहरू आइरहेका छन् । सार्वजनिक इन्भारोमेन्ट परफरमेन्स ईन्डेक्स २०१८ को १८० मुलुकमा गरिएको अध्ययनमा वायु प्रदूषण वढी भएका पाँच राष्ट्रको सूचीमा नेपाल परेको छ । वायु प्रदुषणको हिसावले नेपालको स्तर ३१.४४ रहेको छ ।

वातावरण विभागले उपत्यकालाई लक्षित गरी धुलिखेल, पुल्चोक, रत्नपार्क, त्रिवि कीर्तिपुर, सैंवु, सैनिक विद्यालय भक्तपुरमा प्रदूषण मापन केन्द्र स्थापना गरेको छ । सेन्ट्रल सिस्टममा डाटाजाने र आम सर्वसाधारणले प्रदूषण अवस्थाको जानकारी लिन सक्ने व्यवस्था मिलाइएको छ ।

# घट्दो विद्यार्थी सङ्ख्या रघुगंगाको मुख्य शैक्षिक चुनौति

सन्तोष गौतम/रासस

**म्याग्दी ।**

घट्दो विद्यार्थी सङ्ख्या म्याग्दीको रघुगंगा गाउँपालिकाको मुख्य शैक्षिक चुनौति बनेको छ । आठ वडा रहेको रघुगंगामा एक वटा कक्षा १२ र नौ वटा कक्षा १० सम्म पठनपाठन हुनेसहित ३३ वटा सामुदायिक र भगवतिमा एक वटा निजी विद्यालय छन् । गाउँपालिकाको शिक्षा शाखाको अभिलेखअनुसार सामुदायिक विद्यालयहरूमा शैक्षिक सत्र २०८२ मा एक हजार ९३० जना विद्यार्थी भर्ना भएका थिए ।

नौ विद्यालयमा दुई अङ्कभन्दा कम र १५ मा तीन अङ्कभन्दा कम विद्यार्थी सङ्ख्या छ । तीन अङ्कभन्दा बढी विद्यार्थी सङ्ख्या भएका विद्यालय चार वटा मात्र छन् । शैक्षिक सत्र २०८३ को जेठ तेस्रो सातासम्म रघुगंगाका सामुदायिक विद्यालयमा एक हजार ३०९ जना विद्यार्थी भर्ना भएका शिक्षा शाखाका प्रमुख नहेन्द्रबहादुर क्षेत्रीले बताए । 'यस वर्ष ६४९ जना छात्रा र ६६० जना छात्र भर्ना भएका छन् । यो सङ्ख्या केही बढ्ने भएपनि गत वर्षको हाराहारीमा नपुग्ने अनुमान गरेका छौँ,' उनले भने 'यस वर्ष बालकक्षामा भर्ना हुने छात्रा ९० जना र छात्र १२४ जना छन् । गत वर्ष ११९ छात्रा र १३८ जना छात्र बालकक्षामा भर्ना भएका थिए ।'

बसाइँसराइ, वैदेशिक रोजगारीका कारण परिवार बाहिरिनु, निजी विद्यालयप्रतिको आकर्षण तथा जन्मदरमा आएको कमीका कारण विद्यालयमा विद्यार्थी सङ्ख्या घट्दै गएको रघुगंगा गाउँपालिका–७ मा रहेको अमर माविका पूर्व प्रअ पृथ थापाले बताए ।

'पहिले एउटै घरमा पाँच÷सात जनासम्म बच्चा हुन्थ्ये, अहिले मुस्किलले एक÷दुई जना बच्चा जन्मिएपनि बजार झरिहाल्ने प्रवृत्ति बढेको छ,' उनले भने 'पहिलेका तुलनामा सुविधायुक्त भवनलगायत पूर्वाधार र प्रबिधीको प्रयोग गरेर पठनपाठन गराउन थालेपनि गाउँका विद्यालयमा विद्यार्थी टिकाउन गाह्रो भएको छ ।'

**कम विद्यार्थी भएका विद्यालय**

रघुगंगा गाउँपालिका–१ बादुकमा रहेको श्रीकृष्ण आधारभूत विद्यालयमा यस वर्ष विद्यार्थी सङ्ख्या शून्यमा झरेको छ । गत वर्ष बालकक्षामा चार जना विद्यार्थी थिए । भएका विद्यार्थी अन्यत्र गएका र नयाँ विद्यार्थी भर्ना हुन नआएपछि उक्त विद्यालय नाममा मात्र सिमित भएको छ । कक्षा ८ सम्म पठनपाठन हुने श्रीकृष्ण आधारभूत तहघटुवा हुदै बन्द हुने अवस्थामा पुगेको हो । कुइने आधारभूतमा दुई जना, जनसुन्दर आधारभूतमा तीन जना, सुन्दर आधारभूतमा दुई जना, सिद्ध आधारभूतमा पाँच जना, जनसेवा आधारभूतमा सात जना, रघुगंगा आधारभूतमा सात र चिमखोला आधारभूतमा छ जना विद्यार्थी रहेका छन् । सबैभन्दा बढी मुक्तिधाम माविमा २८० जना विद्यार्थी छन् । विसं २००६ मा स्थापना भएको मुक्तिधाम मावि म्याग्दीकै पुरानो मध्यको विद्यालय हो ।

मुक्तिधाम माविमा भगवति, बेग, पिप्ले, दग्नाम सम्मका विद्यार्थी पढ्न आउँदा ७०० जनाभन्दा धेरै विद्यार्थी हुन्थ्यो । मुक्तिधाम माविका प्रअ अमर केसीका अनुसार गत वर्ष ३१४ विद्यार्थी रहेको उक्त विद्यालयमा २०८१ मा ३७४ जना थिए ।

केही विद्यार्थी बाहिरबाट भर्ना हुन आएपनि धेरै विद्यार्थी पोखरा, बेनी जाने क्रम बढेको छ । बसाइसराई र सेवा क्षेत्रका आधारभूत विद्यालयले तल्लो तहका विद्यार्थी 'होल्ड' गर्दा विद्यार्थी सङ्ख्या कम भएको प्रअ केसीको भनाइ छ ।

बालीविज्ञान, कम्युटर, प्रयोगशाला र छात्रावास सुविधाले पनि विद्यार्थी आकर्षित गर्न नसकेकोमा उनले चिन्ता व्यक्त गर्नुभयो । रघुगंगा गाउँपालिकाले उक्त विद्यालयको कृषि प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थीका लागि पक्की छात्रावास भवन निर्माण गरिदिएको छ । छात्रावास भवनलाई प्रयोगमा ल्याउन पहल र सहजिकरण आवश्यक छ ।

मुक्तिधाम माविमा गाउँपालिकाले विद्यालयमा सभाहल भवन पनि निर्माण गरिदिएको छ । गाउँपालिकाले रघुगंगा–७ मा रहेको चिमखोला आधारभूत विद्यालयको भवन बनाउन यस वर्ष ४० लाख रुपैयाँ बजेट बिनियोजन गरेको थियो । भवन निर्माण अन्तिम चरणमा रहेको उक्त विद्यालयमा विद्यार्थी सङ्ख्या जम्मा छ जना रहेको छ ।

**एसइई केन्द्र विहीन**

सरकारले तोकेको मापदण्ड र सङ्ख्याअनुसार विद्यार्थी नभएपछि २०८२ को माध्यमिक शिक्षा परिक्षा (एसइईमा) रघुगंगा गाउँपालिकाको एसइई परिक्षा केन्द्र बेनीमा सरेको छ । यसअघिको वर्षमा रघुगंगाका विद्यार्थीको लागि मुक्तिधाम माविमा एसइई परिक्षा केन्द्रको ब्यवस्था थियो । २०० भन्दा बढी विद्यार्थी सङ्ख्या हुनुपर्ने मापदण्डका कारण रघुगंगाको एसइई परिक्षा केन्द्र बेनीमा झरेको हो । रघुगंगाका १० माध्यमिक विद्यालययका १७३ जना विद्यार्थीले २०८२ को माध्यमिक शिक्षा परिक्षा एसइईमा भाग लिएका थिए । यसमध्ये १६३ जना 'ग्रेडेड' भएका छन् । कालिका मावि, महादेव मावि, रघुगंगा मावि, ज्ञानोदय मावि र महेन्द्र मावि झिँले यस वर्ष सतप्रतिशत नतिजा ल्याएका छन् । मुक्तिधाम माविकी रेजिना भण्डारी प्राबिधिक धारतर्फ जिल्ला प्रथम हुनुभएको छ ।

विसं २०८१ को माध्यमिक परिक्षामा १४३ जनाले सहभागिता जनाएकोमा ८८ जना ग्रेडेटेड भएका थिए । गत वर्षको तुलनामा २०८२ को नतिजामा सुधार आएको शिक्षा शाखाका प्रमुख नहेन्द्र क्षेत्रीले बताए ।

**सुधारको प्रयास**

रघुगंगा गाउँपालिकाले वर्तमान शैक्षिक अवस्थाको विष्लेषण, आवश्यकता पहिचान र सुधारका कार्ययोजनासहित पञ्चवर्षीय शिक्षा योजना तयार पारेको छ । योजनाकै आधारमा विद्यालयका भौतिक संरचना निर्माण, प्रबिधिको विस्तार, शिक्षकको क्षमता विकास, शैक्षिक गुणस्तर सुधार, विद्यालय समायोजन, दरबन्दी मिलान र शिक्षक व्यवस्थापनको काम थालिएको गाउँपालिकाका अध्यक्ष भबबहादुर भण्डारीले बताए । 'गुणस्तरीय शिक्षा, प्रविधिमैत्री सिकाइ र विद्यालयको आकर्षण बढाउन जोड दिएका छौ,' उनले भने 'विद्यालयको भौतिक पूर्वाधार सुधार, सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ, शिक्षक क्षमता अभिवृद्धि, शैक्षिक सामग्री व्यवस्थापन, अतिरिक्त क्रियाकलाप प्रवद्र्धन तथा विद्यालय अनुगमनलाई प्राथमिकतामा राखेका छौँ ।'

अध्यक्ष भण्डारीका अनुसार वार्षिक शैक्षिक योजना बनाएर कक्षागत पठनपाठनलाई पनि एकरुपता ल्याउने प्रयास भएको छ । माविका प्रअलाई मासिक रु एक हजार र आधारभूतका प्रअलाई मासिक ७०० रुपैयाँका दरले प्रोत्साहन भत्ता दिने ब्यवस्था मिलाइएको छ । विद्यालयको प्रशासनिक खर्चका लागि वार्षिक आधारभूतलाई १० हजार रुपैयाँ र माविलाई १५ रुपैयाँ हजारका दरले अनुदान दिने गरिएको छ ।

एसइई नतिजाको आधारमा उत्कृष्ट विद्यालय, विद्यार्थी र शिक्षक छनौट गरि पुरस्कृत गरिएको छ । बालविकास सहजकर्ताका लागि पारिश्रमिकमा पालिकाले रकम थप गरेको छ । विद्यार्थी अभाव भएका विद्यालय समायोजन र कक्षा घटुवा गर्ने प्रक्रियाको थालनी भएको छ । कक्षा १, २ र ३ को स्थानीय पाठ्यक्रममा आधारित पुस्तक तयार र मगर बाहूल्य बस्तिका १४ वटा विद्यालयमा यस वर्षदेखि कक्षा १ मा मगर खाम भाषामा पठनपाठन सुरु गरिएको प्रमुख प्रशासकीय अधिकृत कुलराज पौडेलले बताए । 'विद्यालय समायोजन, स्रोतको प्रभावकारी परिचालन तथा विषयगत शिक्षक व्यवस्थापनमार्फत शिक्षण सिकाइको गुणस्तर सुधार गर्ने प्रयास भइरहेको छ,' उनले भने 'विद्यार्थी सङ्ख्या न्यून भएका विद्यालयको अवस्थाबारे अध्ययन गरी आवश्यकतानुसार व्यवस्थापन गर्ने नीति लिइएको छ ।'

गाउँपालिकाले विद्यालयमा डिजिटल प्रविधिको प्रयोग विस्तार गर्ने, अंग्रेजीमाध्यम तथा प्राविधिक शिक्षालाई प्रवद्र्धन गर्ने, बालविकास केन्द्रलाई थप प्रभावकारी बनाउने, विद्यालय र समुदायबीचको सहकार्य सुदृढ गर्ने तथा शिक्षकको पेशागत विकासमा लगानी बढाउन आवश्यक छ । स्थानीय तह, विद्यालय, अभिभावक र समुदायबीचको सहकार्यलाई प्रभावकारी बनाउन सके घट्दो विद्यार्थी सङ्ख्या र गुणस्तरीय शिक्षासम्बन्धी चुनौतीको सामना गर्न सहज हुने अपेक्षा गरिएको छ ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# भाषा, साहित्य र संस्कृतिबिना समृद्धि अपूरोः सञ्चारमन्त्री




**काठमाडौँ ।**
सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले कला, साहित्य, भाषा र संस्कृति कुनै पनि राष्ट्रको शक्ति र पहिचानको आधार भएकाले तिनको संरक्षण र प्रवद्र्धनबिनाको समृद्धि अपूरो हुने बताएका छन् ।

गोरखापत्र संस्थानद्वारा आयोजित 'मधुपर्क सम्मान–२०८३' कार्यक्रममा उनले मुलुकको भौतिक पूर्वाधार र आर्थिक सूचकाङ्कसँगै भाषा, साहित्य र संस्कृतिको सुदृढ विकास पनि समानान्तर रूपमा आवश्यक रहेको बताए ।

'कला र साहित्य राष्ट्रको बल र पहिचान हो,' मन्त्री तिमिल्सिनाले भने, 'भाषा, साहित्य र संस्कृति बलिया नभएसम्म राष्ट्रको समृद्धि पूर्ण हुन सक्दैन । साहित्यलाई कसरी संरक्षण गर्न सकिन्छ भन्ने विषयमा सरकारले गम्भीरपूर्वक सोच्ने बेला आएको छ ।'

उनले पछिल्लो समय सामाजिक सञ्जाल साहित्यिक अभिव्यक्तिको महत्त्वपूर्ण माध्यमका रूपमा विकसित हुँदै गएको उल्लेख गर्दै बदलिँदो प्रविधिसँगै साहित्यको प्रस्तुति र पहुँचका नयाँ आयाम खुल्दै गएको बताए । साहित्य क्षेत्रको दीर्घकालीन विकासका लागि नतिजामुखी र दिगो प्रभाव पार्ने नीतिगत व्यवस्था गर्न सरकार प्रतिबद्ध रहेको उनको भनाइ थियो ।

सञ्चारमन्त्री तिमिल्सिनाले राजनीतिक क्षेत्रले साहित्य र कलाको महत्त्वलाई अपेक्षित प्राथमिकता दिन नसकेको धारणा व्यक्त गरे । समाजलाई बुझ्न, मानव संवेदनालाई पहिचान गर्न र जीवनका विविध पक्षलाई विश्लेषण गर्न साहित्यले महत्त्वपूर्ण सहयोग गर्ने उल्लेख गर्दै उनले साहित्यिक चेत र अध्ययनले अन्य क्षेत्रमा काम गर्दा पनि निरन्तर सहयोग पुर्‍याएको अनुभव सुनाए ।

उनले लामो इतिहास बोकेका सरकारी तथा सार्वजनिक सञ्चार संस्था तथा साहित्यिक र सांस्कृतिक संस्थाहरू आर्थिक रूपमा कमजोर बन्दै गएकोप्रति चिन्ता व्यक्त गर्दै त्यस्ता संस्थालाई नयाँ जीवन दिनु र आर्थिक रूपमा सबल बनाउनु आवश्यक रहेको बताए । 'हाम्रो इतिहासको पुनर्जागरण गर्ने बेला आएको छ,' उनले भने ।

समस्यामा परेका सरकारी संस्थाले सरकारबाट अतिरिक्त बजेट र सहयोगको अपेक्षा मात्र गरेर सबल हुन नसक्ने स्पष्ट पार्दै मन्त्री तिमिल्सिनाले संस्थागत कार्यशैली, व्यवस्थापन क्षमता र उत्तरदायित्वमा पनि सुधार आवश्यक रहेको बताए ।

'सरकार व्यवस्थापक मात्रै हो, सरकारसँग भएको रकम पनि जनताकै रकम हो,' उनले भने, 'त्यसैले जनताको पैसा सही तरिकाले प्रयोग हुनुपर्छ । आर्थिक पक्षको कुरा मात्रै गरेर हुँदैन, कार्यशैलीमा पनि व्यापक सुधार आवश्यक छ ।'

विगतमा संस्थागत संस्कार विकास गर्न नसकिएको र सरकारी संस्थानलाई राजनीतिक कार्यकर्ता भर्ती केन्द्रका रूपमा प्रयोग गरिएका कारण धेरै संस्था कमजोर बन्न भएका उनको भनाइ थियो । अहिले संस्थाहरू चुनौतीपूर्ण अवस्थामा रहेको उल्लेख गर्दै उनले ती अवस्थाबाट माथि उठ्न सुधारको स्पष्ट मार्गचित्रसहित सरकारले काम गरिरहेको बताए ।

'अब सुधार कसरी गर्ने भन्ने सवालमा सरकार जिम्मेवार र जवाफदेही बन्छ,' मन्त्री तिमिल्सिनाले भने, 'यसमा सबै क्षेत्रको साथ आवश्यक छ । संस्थाहरू पनि नयाँ बल, नयाँ सोच र नयाँ कार्यशैलीका साथ अघि बढेको देख्न पाइयोस् भन्ने अपेक्षा छ ।'

गोरखापत्र संस्थानलाई अझ ओजपूर्ण, व्यावसायिक र प्रतिस्पर्धी संस्थाका रूपमा विकास गर्न सरकार प्रतिबद्ध रहेको उल्लेख गर्दै उनले सञ्चारमाध्यमलाई उपलब्ध गराइँदै आएको लोककल्याणकारी विज्ञापन नरोकिएको स्पष्ट पारे ।

कार्यक्रममा 'मधुपर्क सम्मान–२०८३' अन्तर्गत पद्यतर्फ वरिष्ठ साहित्यकार यादव खरेल, गद्यतर्फ वरिष्ठ कथाकार भाउपन्थी तथा 'मधुपर्क प्रतिभा सम्मान'बाट डा. गीता त्रिपाठीलाई सम्मान गरिएको थियो । उनहरूलाई सम्मानपत्रसहित ५० हजार रुपैयाँ नगद प्रदान गरिएको गोरखापत्र संस्थानले जनाएको छ । मधुपर्कका पूर्वसम्पादक कपिल घिमिरेलाई पनि कार्यक्रममा सम्मान गरिएको थियो ।

सम्मानित वरिष्ठ साहित्यकार यादव खरेलले सूचना प्रविधि र कृत्रिम बौद्धिकताको तीव्र विकाससँगै साहित्यिक सिर्जना तथा पठन संस्कृतिमा ह्रास आउन थालेको चिन्ता व्यक्त गरे । नयाँ प्रविधिको उपयोग आवश्यक भए पनि पठन संस्कृतिको संरक्षणमा विशेष ध्यान दिनुपर्नेमा उनको जोड थियो । वरिष्ठ कथाकार भाउपन्थीले साहित्य सिर्जना, प्रकाशन र प्रवद्र्धनका लागि राज्यका तर्फबाट पनि लगानी आवश्यक रहेको बताए । पछिल्लो समय साहित्यिक पत्रिकाहरूको प्रकाशन क्रमशः बन्द हुँदै जानु चिन्ताको विषय भएको उल्लेख गर्दै उनले सिर्जनशीलताका आयामहरू फरक–फरक ढङ्गले विकास भइरहेकाले तिनलाई समयानुकूल संरक्षण र प्रवद्र्धन गर्नुपर्नेमा जोड दिए । रासस

## हिमालयदेखि एन्डिजसम्मः
# नेपाल–पेरु मित्रताका ५० वर्ष



**काठमाडौँ ।**
पेरुको राष्ट्रिय दिवस तथा नेपाल–पेरुबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ५०औँ वार्षिकोत्सवका अवसरमा शुक्रबार साँझ काठमाडौँमा स्वागत समारोह आयोजना भएको छ । भारत तथा नेपालका लागि पेरुका राजदूत हाभियर पाउलिनिच र काठमाडौँस्थित पेरुका अवैतनिक वाणिज्यदूत सुमितकुमार अग्रवालद्वारा संयुक्त रूपमा आयोजित समारोहमा नेपाल सरकारका उच्च अधिकारी, परराष्ट्र मन्त्रालयका प्रतिनिधि, कूटनीतिक नियोगका प्रमुख तथा प्रतिनिधि, अवैतनिक वाणिज्यदूतहरू, व्यवसायी, सञ्चारकर्मी तथा अन्य विशिष्ट व्यक्तित्वहरूको सहभागिता रहेको थियो ।

समारोहलाई सम्बोधन गर्दै राजदूत पाउलिनिचले पेरुको राष्ट्रिय दिवसको शुभकामना व्यक्त गर्दै नेपाल सरकार तथा नेपाली जनताप्रति मित्रता र सद्भावका लागि आभार व्यक्त गरे । उनले नेपाल र पेरुबीचको सम्बन्ध विगत पाँच दशकदेखि मित्रता, आपसी सम्मान र सौहार्दपूर्ण सहकार्यमा आधारित रहेको उल्लेख गरे ।

'यस वर्ष नेपाल र पेरुबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ५० वर्ष पूरा भएको ऐतिहासिक अवसर हो । विगत पाँच दशकमा हाम्रो सम्बन्ध मित्रता, आपसी सम्मान र सहकार्यमा आधारित रहँदै आएको छ,' उनले भने ।

राजदूत पाउलिनिचले हिमालय र एन्डिज पर्वत शृङ्खलाले दुवै देशका जनजीवन, संस्कृति र राष्ट्रिय पहिचानलाई गहिरो रूपमा प्रभावित गरेको उल्लेख गर्दै नेपाल र पेरुबीच विशेष प्रकारको आत्मीयता रहेको बताए ।

पर्वतीय भौगोलिक अवस्थाले सिर्जना गर्ने अवसर र चुनौतीको सामना गर्न दुवै देशले आआफ्नो अनुभव विकास गरेको भन्दै उनले सहकार्य र सम्भावना सिर्जना गरेको बताए ।

उनले राजनीतिक संवाद, आर्थिक तथा व्यापारिक आदानप्रदान, शैक्षिक तथा सांस्कृतिक सम्बन्ध तथा जनस्तरको सम्पर्कलाई अझ सुदृढ बनाउन पेरु प्रतिबद्ध रहेको उल्लेख गरे ।

साथै, उच्च पहाडी कृषि, जलस्रोत व्यवस्थापन, विपद् जोखिम न्यूनीकरण, पर्वतीय तथा ग्रामीण पर्यटन, नवीकरणीय ऊर्जा तथा दिगो विकासका क्षेत्रमा नेपाल र पेरुबीच सहकार्य विस्तार गर्न सकिने सम्भावना रहेको बताए ।

कार्यक्रममा अवैतनिक वाणिज्यदूत अग्रवालले नेपालमा पेरुको अवैतनिक वाणिज्यदूतको जिम्मेवारी निर्वाह गर्न पाउँदा गौरव महसुस भएको बताए ।

उनले नेपाल र पेरुबीचको आधा शताब्दी लामो मित्रतालाई अझ उचाइमा पुर्याउन आफू प्रतिबद्ध रहेको उल्लेख गरे ।

'हामीले मित्रताको आधा शताब्दी पूरा गरेका छौँ । अब द्विपक्षीय सम्बन्धलाई नयाँ उचाइमा पुर्याउँदै दुवै देशका लागि समृद्ध भविष्य निर्माण गर्नुपर्छ,' उनले भने ।

अग्रवालले आगामी दिनमा लगानी, कृषि, पर्यटन, व्यापार तथा प्रविधि हस्तान्तरणका क्षेत्रमा सहकार्य विस्तार गर्न विशेष पहल गर्ने बताए । उनले दुवै देशका उद्योग वाणिज्य सङ्घबीच सहकार्य बढाएर आर्थिक सम्बन्धलाई थप सुदृढ बनाउने लक्ष्य रहेको उल्लेख गरे ।

राजदूत पाउलिनिचले नेपालमा पेरुको प्रवद्र्धन तथा दुई देशबीचको मित्रता र सहकार्यलाई मजबुत बनाउन अग्रवालले पुर्याएको योगदानको विशेष प्रशंसा गरे ।

नेपाल र पेरुबीच सन् १९७६ मा कूटनीतिक सम्बन्ध स्थापना भएको थियो । विगत पाँच दशकमा दुवै देशले आपसी सम्मान, मित्रता र सहयोगका आधारमा सम्बन्धलाई निरन्तर विस्तार गर्दै आएका छन् । स्वर्णजयन्तीका अवसरमा दुवै पक्षले आगामी दिनमा सम्बन्धलाई अझ व्यापक, परिणाममुखी र जनस्तरसम्म लाभ पुग्नेगरी अघि बढाउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

समारोहमा नेपाल–पेरु मित्रता आगामी वर्षमा अझ सुदृढ बन्दै जाने तथा हिमालय र एन्डिजलाई जोड्ने सहकार्यका नयाँ आयाम खुल्ने विश्वास व्यक्त गरिएको थियो ।

# पहिलो म्याचिङ लिष्टबाट छात्रवृत्तिका लागि तीन हजार ५१ विद्यार्थी भर्ना




**काठमाडौँ ।**
काठमाडौँ महानगरपालिकाभित्रको छात्रवृत्ति छनोट परीक्षाको पहिलो म्याचिङ् लिष्टबाट तीन हजार ५१ जना विद्यार्थी छात्रवृत्ति कोटामा भर्ना भएका छन् ।

शैक्षिक २०८३–८४ का लागि कक्षा ११ र १२ मा छात्रवृत्ति कोटामा अध्ययन गर्न चाहने विद्यार्थीमध्ये छात्रवृत्ति छनोट परीक्षाबाट योग्यता क्रमको अन्तिम सूचीमा प्रकाशित नामबाट मनोनयन सूची (म्याचिङ लिष्ट) मा परेका तीन हजार ७ सय ३५ विद्यार्थी रहेका कामपा शिक्षा अधिकृत एवं परीक्षा समितिका सदस्य सचिव रामचन्द्र खड्काले जानकारी दिए ।

यसरी भर्ना हुने विद्यार्थीमध्ये एक हजार ९ सय १ जना विज्ञान विषयमा, व्यवस्थापनमा एक हजार १ सय ११ जना, कानुनमा ३४ जना मानविकीमा पाँच जना विद्यार्थी छन् । विद्यालयहरुले भर्ना भएका विद्यार्थीको विवरण सफ्टवेयरमा प्रविष्ट गराएपछि रिक्त हुन आएका बाँकी सिटका आधारमा शनिबार परीक्षा समितिले म्याचिङ लिष्टको दोस्रो सूचीमा ४ सय ८६ जनाको नाम प्रकाशन भएको खड्काले बताए ।

सदस्य सचिव खड्काका अनुसार दोस्रो सूचीमा विज्ञान विषयका लागि ३ सय २३ जना, व्यवस्थापन विषयका लागि १ सय ४५ जना, कानुनका लागि १५ जना, मानविकीका लागि एक जना र शिक्षाका लागि दुई जना विद्यार्थीको नाम सिफारिस भएको छ ।

विद्यार्थीले आवेदन दिँदा रोजेको विषय र शिक्षण संस्थाको प्राथमिकता क्रमका आधारमा साधारण एवं आरक्षण र समूहगत रूपमा तोकिएको सिट संख्याका आधारमा जेठ २२ गतेको परीक्षा समितिको निर्णयअनुसार सूची प्रकाशन गरिएको हो ।

मनोनयनमा परेका परीक्षार्थीहरूले कामपाको छात्रवृत्तिसम्बन्धी पोर्टल इन्ट्रान्स डट काठमाडौँ डट जीओभी डट एनपी मा छात्रवृत्ति परीक्षाको रोल नम्बर (कामपाबाट प्रदान गरिएको), जन्म मिति र पासवर्ड (मोबाइल वा इमेलमा प्राप्त) प्रयोग गरेर मनोनयन पत्र प्रिन्ट गर्न सकिन्छ । यो मनोनय पत्र लिएर असार ३ गतेभित्र तोकिएको शिक्षण संस्थामा अनिवार्य रूपमा भर्ना भइसक्नुपर्नेछ । तोकिएको समयसीमा भित्र भर्ना नभएमा सम्बन्धित शिक्षण संस्थामा छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीको दाबी स्वतः रद्द हुने समितिले प्रकाशन गरेको सूचनामा उल्लेख छ । समितिले असार ३ गतेपछि तेस्रो सूची निकाल्ने तयारी गरेको छ ।

यस वर्षका लागि १ सय ४५ वटा शिक्षण संस्थाका लागि चार हजार ८ सय ५७ कोटा निर्धारण गरिएको थियो । यसमा विज्ञान विषयका लागि दुई हजार ३ सय ७१ कोटा छन् । व्यवस्थापनमा एक हजार ५ सय ४९, शिक्षामा सात, मानविकीमा ४९ र कानुनमा ७५ कोटा निर्धारित छन् । यी विषयमा १८ हजार ३ सय ५८ जना, दुई हजार ३ सय ८२ जना, १ सय १० जना, ४ सय ६३ जना, ६ सय २१ जना विद्यार्थी भर्नालाई आधार मानेर कोटा निर्धारण गरिएको हो ।

छात्रवृत्ति छनोटका लागि जेठ १७ गते लिइएको परीक्षाको १८ गते प्रारम्भिक योग्यता सूची २१ गते अन्तिम सूची प्रकाशित भएको थियो ।

# नेपाल–भारत सीमापार रेलमार्गसम्बन्धी परियोजना सञ्चालनबारे बैठक

**काठमाडौँ ।**
नेपाल र भारतबीच सीमापार रेलमार्गसम्बन्धी चलिरहेका परियोजनाको कार्यान्वयन तथा रेल क्षेत्रको समग्र द्विपक्षीय सहयोगको समीक्षा गर्न आयोजित परियोजना सञ्चालन समितिको १०औँ तथा संयुक्तकार्य समूहको आठौँ बैठक भएको छ ।

बैठकमा दुवै पक्षले भारत सरकारको अनुदान सहयोगमा विकास भइरहेको भारत–नेपालबीचको जयनगर–बिजलपुरा–बर्दिबास तथा जोगबनी–विराटनगर ब्रोडगेज रेलमार्गको कार्यान्वयन प्रगतिबारे छलफल गरेका यहाँस्थित भारतीय दूतावासले जनाएको छ । जनकपुर–अयोध्या खण्डमा यात्रुवाहक रेल सेवा सञ्चालन प्रारम्भ गर्न आवश्यक मानक सञ्चालन कार्यविधि, रक्सौल–काठमाडौँ ब्रोडगेज रेलमार्गको अन्तिमस्थान निर्धारण सर्वेक्षण प्रतिवेदन, पूर्व–पश्चिम रेलमार्गका लागि प्राविधिक सहयोग तथा थप रेलमार्ग सम्पर्क विस्तारसम्बन्धी विषयमा पनि बैठकमा छलफल भएको थियो । दुवै पक्ष रेल क्षेत्रको सहयोगलाई थप सुदृढ बनाउन निकट समन्वय र सहकार्यलाई निरन्तरता दिन सहमत भएका दूतावासद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । रासस

# लुम्बिनीको दलित अधिकार ऐनः विपन्नलाई सहुलियतमा खाद्य सामग्री

**दाङ ।**
लुम्बिनी प्रदेशका विपन्न दलित समुदायका घर परिवारलाई सहुलियत दरमा खाद्य सामग्री उपलब्ध गराउने कानुन निर्माण भएको छ ।

लुम्बिनी प्रदेश सरकारले बनाएको दलित अधिकार ऐनमा सो कुराको व्यवस्था गरिएको छ । खाद्य सहायता परिचयपत्रका आधारमा यसरी सामग्री उपलब्ध गराउने ऐनमा उल्लेख रहेको छ ।

त्यस्तै प्रदेश सरकार र सरकार मातहतका सबै संरचनामा दलित महिला, मधेसी दलित महिला, विपन्न दलित र सबै दलित समुदायको सन्तुलन मिलाई समानुपातिक वितरण गरिने विषयसमेत ऐनमा उल्लेख छ ।

त्यस्तै आवासविहीन दलित समुदायको व्यक्ति वा परिवारलाई प्रचलित कानुनबमोजिम आवासको व्यवस्था मिलाउने, दलित समुदायको विद्यार्थीलाई अनिवार्य, निःशुल्क र छात्रवृत्तिसहित शिक्षाको व्यवस्था गर्ने, विद्यालय र विश्वविद्यालयको छात्रावासमा दलित विद्यार्थीलाई कम्तीमा १८ प्रतिशत सिट सुनिश्चित गर्ने ऐनमा उल्लेख छ ।

त्यस्तै दलित विद्यार्थी संख्याको कम्तीमा १५ प्रतिशत सिट दलित विद्यार्थीलाई छुट्याउने, दलित समुदायको परम्परागत पेसा संरक्षणका लागि अनुदान र सहुलियत ऋण उपलब्ध गराउने तथा दलित समुदायको हक अधिकारका लागि दलित अधिकार विकास समिति र स्थानीय दलित विकास समिति गठन गर्ने ऐनमा उल्लेख रहेको छ ।

यो ऐन निर्माण गरेर लुम्बिनी प्रदेशमा नयाँ सन्देश दिइएको लुम्बिनी प्रदेशसभाका सामाजिक विकास समिति सभापति यमबहादुर नेपालीले बताए । उनका अनुसार ऐन बनिसकेकाले अब नियमावली बनाएर कार्यान्वयनको चरणमा लैजाने तयारी रहेको छ । 'ऐन बनिसक्यो, यो सबै प्रदेशभन्दा नयाँ काम हामीले गरेका छौँ,' उनले भने, 'अब आगामी वर्षका लागि केही बजेट पनि विनियोजन हुन्छ, त्यसलाई नियमावली बनाएर कार्यान्वयनमा लैजाने हाम्रो तयारी छ ।' यो लुम्बिनी प्रदेशका लागि नविनतम अभ्यास रहेको समेत उनको भनाइ छ । रासस

# रास्वपा गण्डकीको सभापतिमा नवीन त्रिपाठी निर्वाचित

**कास्की ।**
सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) गण्डकी प्रदेश समिति सभापतिमा कास्कीका नवीन त्रिपाठी विजयी भएका छन् । रास्वपाको शुक्रबारदेखि पोखरामा प्रथम अधिवेशन सुरु भएको थियो । नयाँ नेतृत्वका लागि शुक्रबार राति भएको मतदानको आज बिहान सम्पन्न मतगणनामा त्रिपाठीले २ सय ३४ मत ल्याएर विजयी भएका हुन् ।

उनी प्रदेश समितिको निर्वतमान महामन्त्री समेत थिए । सभापतिका प्रत्याशीहरू निर्वतमान सभापति एवं प्रतिनिधिसभाका सांसद राजन गौतमले १ सय ८२, माधव कँडेलले ११ र डा. हरि कार्कीले २ मत प्राप्त गरे । रास्वपाको विधानमा सभापति निर्वाचित हुन कुल मतदानको ५१ प्रतिशत मत पाउनुपर्ने व्यवस्था छ । त्रिपाठीले पहिलो चरणमै मत पाएर निर्वाचित भएको निर्वाचन समितिका संयोजक डा. राम गुरुङले जानकारी दिए । अधिवेशनमा कूल ७ सय ८० प्रतिनिधि रहे पनि ४ सय ३७ जनाले मात्र मतदानमा सहभागिता जनाएका थिए । रास्वपा गण्डकी प्रदेशको सदस्यका लागि ५१ जनाले उम्मेदवारी दिएका थिए । जसमध्येबाट विभिन्न कलस्टरसहित ३३ जना निर्वाचित हुन्छन् । ५१ आकांक्षीमध्ये क्षेत्रगत प्रदेश सदस्यका लागि २८ जना उम्मेदवार छन् । यी २८ जनाबाट गण्डकी प्रदेशको १८ वटा प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्रका १–१ जना निर्वाचित हुन्छन् । समावेशी प्रदेश सदस्यका लागि २३ जनाको उम्मेदवारी परेको थियो । प्रदेश सदस्यका लागि ५१ आकांक्षीमध्ये १२ जना निर्विरोध निर्वाचित भएका छन् । क्षेत्रगत प्रदेश सदस्यतर्फबाट बागलुङ–१ का मीना शर्मा आचार्य, गोरखा–१ बाट मनोज गुरुङ, गोरखा–२ बाट बलबहादुर घले, लमजुङबाट विजय पराजुली, म्याग्दीबाट ताराबहादुर कार्की र तनहुँ–१ बाट सूर्यमणि पौडेल निर्विरोध निर्वाचित भएको निर्वाचन समितिले जनाएको छ ।प्रदेश समावेशी सदस्यमा खसआर्य महिलाबाट सीताकुमारी अर्याल, कृष्णकुमारी अधिकारी (अनिशा) र राममाया बस्ताकोटी निर्विरोध निर्वाचित भएका छन् । मुस्लिम महिलाबाट समिउन निशा, दलित महिलाबाट गीता विश्वकर्मा र अपाङ्गता भएका खसआर्यबाट यदुनाथ सिग्देल निर्विरोध निर्वाचित भएको जनाइएको छ । अधिवेशनको शुक्रबार पार्टीका महामन्त्री कविन्द्र बुर्लाकोटीले उद्घाटन गरेका थिए । रासस

# तनहुँका सामुदायिक वनलाई रुद्राक्ष पकेट क्षेत्र बनाइदै

**डुम्रे ।**
तनहुँको शुक्लागण्डकी नगरपालिका–१० स्थित मालागिरी सामुदायिक वन र करादिन सामुदायिक वनमा रुद्राक्ष पकेट क्षेत्र बनाइने भएको छ । अनुसन्धानको क्रममा रुद्राक्ष उत्पादनको लागि उपयुक्त वातावरण देखिएपछि यस स्थानका दुई सामुदायिक वनमा रुद्राक्ष रोपण गरिने भएको डिभिजन वन कार्यालय तनहुँले जनाएको छ ।

यहाँको दुई सामुदायिक वनको तीन हेक्टर क्षेत्रफलमा पकेट क्षेत्रको रूपमा विकास गर्दै रुद्राक्ष रोपण गर्न लागिएको प्रमुख डिभिजन वन अधिकृत मनोज रानाभाटले जानकारी दिए । ‘ठूलो परिमाणमा तनहुँमा पहिलो पटक रुद्राक्ष रोपण गर्न लागिएको हो,’ उनले भने, ‘यस क्षेत्रको मागका साथै उत्पादन राम्रो हुने भएपछि पकेट क्षेत्रको रूपमा विकास गर्ने योजना बनाइएको छ ।’

ती दुई सामुदायिक वनमा तीन हजार रुद्राक्षका बिरुवा रोपण गर्ने तयारी भइरहेको प्रमुख डिभिजन वन अधिकृत रानाभाटले बताए । उनले भने, ‘रुद्राक्षको पकेट क्षेत्रको रूपमा विकास गर्दै उक्त सामुदायिक वनलाई धार्मिक वन बनाउने लक्ष्य पनि हो । हिन्दु धार्मालम्वीका लागि महत्वपूर्ण र यसबाट सामुदायिक वनले आयस्तर बढाउन सक्ने अवस्था बन्नेछ ।’जिल्लाका पहाडी भेगका सामुदायिक वनमा विगत केही वर्षयता परीक्षणका रूपमा रोपण गरिएको रुद्राक्ष सफल भएपछि योजनाबद्ध रूपमा विस्तारित गर्न लागिएको वन अधिकृत अरुण पराजुलीले बताए । ‘प्रारम्भिक चरणमा दुवै वनमा रुद्राक्ष खेती विस्तार गर्ने लक्ष्य लिइएको छ भने क्रमशः अन्य वन उपयोगकर्ता समूहमा समेत कार्यक्रम लैजान तयारी भइरहेको छ,’ उनले भने । पूर्वी पहाडी जिल्लाबाट बिरुवा ल्याएर यहाँको वनमा रोपण गरिने उनले जानकारी दिए ।

सामुदायिक वन उपभोक्ताका अनुसार रुद्राक्ष खेतीबाट वन संरक्षण र स्थानीय रूपमा आम्दानी दुवै बढ्ने अपेक्षा गरिएको डिभिजन वन कार्यालयले जनाएको छ । परम्परागत रूपमा दाउरा र घाँसमा निर्भर रहँदै आएको सामुदायिक वन व्यवस्थापनलाई अब आयमूलक वन उपज उत्पादनतर्फ मोड्न रुद्राक्ष सहायक बन्ने उपभोक्ताको अपेक्षा छ ।

रुद्राक्षको वृक्षले घना छायाँ र माटोको क्षय नियन्त्रणमा सहयोग गर्ने भएकाले सामुदायिक वन क्षेत्रको वातावरणीय सुधारमा समेत सकारात्मक प्रभाव पर्ने प्राविधिकले बताएका छन् । वन क्षेत्रभित्र नै रुद्राक्ष खेती विकास गर्न सकिने भएकाले जग्गा व्यवस्थापनमा चुनौती नरहने पराजुलीले बताए । प्रारम्भिक वर्षमा सिँचाइ, मल तथा संरक्षणमा ध्यान दिनुपर्ने वन डिभिजन कार्यालयले जनाएको छ ।

स्थानीय तहले धार्मिक क्षेत्रमा रुद्राक्ष रोपण गर्दै आए पनि डिभिजन वन कार्यालयले पहिलो पटक ठूलो परिमाणमा रुद्राक्ष रोपणलाई प्राथमिकता दिएको छ । केही पालिकाले सामुदायिक वनमा नयाँ बिरुवा रोपिरहेका उपभोक्ता समूहलाई प्रोत्साहन, प्राविधिक तालिम र नर्सरी विकासका लागि तालिम दिने लक्ष्य रहेको कार्यालयले जनाएको छ ।

हिन्दू धर्ममा पवित्र मानिने रुद्राक्षलाई भगवान शिवको प्रतिकका रूपमा लिइन्छ । यसको धार्मिक, आध्यात्मिक तथा स्वास्थ्यसम्बन्धी विभिन्न उपयोगिता रहेको विश्वास गरिन्छ । धार्मिक तथा आध्यात्मिक रूपमा माला बनाएर मन्त्र जप गर्न प्रयोग गरिन्छ । धार्मिक रूपमा मनलाई शान्त र एकाग्र बनाउन सहयोग गर्ने विश्वास छ । तनाव, चिन्ता र मानसिक अशान्ति कम गर्न मद्दत गर्ने विश्वास छ । आत्मविश्वास र सकारात्मक सोच बढाउन यसको उपयोगले सहयोग पुग्ने र स्मरण शक्ति सुधार गर्न प्रयोग गरिएको पाइन्छ ।

रक्तचाप (ब्लड प्रेसर) सन्तुलित राख्न सहयोग गर्ने परम्परागत विश्वास छ भने मुटुसम्बन्धी स्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने र शरीरमा ऊर्जा सन्तुलन कायम राख्न मद्दत गर्ने विश्वास गरिन्छ । सांस्कृतिक तथा आर्थिक रूपमा नेपालको विशेषगरी पूर्वी पहाडी क्षेत्रमा रुद्राक्षको उत्पादन हुने भएकाले यसको आर्थिक महत्व रहेको छ । रुद्राक्ष धार्मिक पर्यटन र व्यापारसँग पनि जोडिएको छ । विभिन्न मुखी (१ मुखीदेखि २१ मुखीसम्म) रुद्राक्षको बजार मूल्य फरक–फरक रहेको पाइन्छ ।



हात्ती सयर गर्दैः चितवनको रत्ननगर नगरपालिका–७ स्थित बागमारामा हात्ती सयर गर्दै आन्तरिक पर्यटक । तस्बिरः रासस

# डाँगीको नेतृत्वमा इप्पानमा नयाँ कार्यसमिति निर्विरोध निर्वाचित

**काठमाडौँ ।**
उर्जा उत्पादकहरुको संस्था (इप्पान)मा नयाँ कार्यसमिति चयन भएको छ । यसअघि वरिष्ठ उपाध्यक्ष रहेका मोहन डाँगी विधानअनुसार स्वतः अध्यक्ष भएका छन् भने कोषाध्यक्ष बाहेक अन्य पदमा निर्विरोध निर्वाचित भएका हुन् ।




शुक्रबार भएको इप्पानको बार्षिक साधारणसभामा वरिष्ठ उपाध्यक्षसहित अन्य पदहरुमा उत्तर ब्लोन लामा र बलराम खतिवडा प्यानालसहित चुनावी प्रतिस्पर्धामा थिए । तर, अन्तिममा खतिवडा पक्ष र लामा पक्षबीच सहमति भएपछि विभिन्न पदका उम्मेदवारहरु निर्विरोध निर्वाचित भएका हुन् ।

कोषाध्यक्षमा भने सहमति हुन नसकेपछि निर्वाचन हुँदा शंकर बस्याल २ सय ६७ मतसहित विजयी भएका छन् । उनका प्रतिस्पर्धी मिथुन चक्रवतीप्रसाद पौडेलले भने ८२ मत प्राप्त गरे । इप्पानको नयाँ कार्यसमितिमा वरिष्ठ उपाध्यक्षमा उत्तम लामा, उपाध्यक्षमा उत्तरकुमार श्रेष्ठ, नरेन्द्रबल्लभ पन्त, सुसन कर्माचार्य, विक्रम विष्ट, हिमप्रसाद पाठक निर्विरोध निर्वाचित भएका छन् । महासचिवमा टेकनाथ आचार्य, उपमहासचिवमा कविता पोखरेल, सचिवमा अभिज्ञा मल्ल, इशा श्रेष्ठ, कुवेरमणि नेपाल, विजयमोहन भट्टराई, सुमनकुमारी जोशी निर्वाचित भएका छन् ।

त्यस्तै, इप्पानको नयाँ कार्यसमिति सदस्यमा अनुप आचार्य, कदम केसी, जगदिश शिवाकोटी, जगतबहादुर पोखरेल, नारायण कँडेल, मिलन खड्का, वर्गन लामिछाने निर्विरोध निर्वाचित भएका छन् ।

# सहकारीद्वारा बिद्युतीय चार्जिङ स्टेसन सञ्चालनमा

**चितवन ।**
जिल्ला सहकारी सङ्घ चितवनले साझा बिद्युतीय सवारी साधन (इभी) चार्जिङ स्टेसन सञ्चालनमा ल्याएको छ । पेट्रोलपम्प सञ्चालन गर्दै आएको सङ्घले चारवटा चार्जिङ उपकरणबाट आठ वटा गाडी चार्ज गर्ने गरी स्टेसन सञ्चालनमा ल्याएको हो ।

भरतपुर महानगरपालिका–१० मा रहेको आफ्नै परिषरमा चार्जिङ स्टेसन स्थापना गरिएको हो । सङ्घका व्यवस्थापक बिनोद खतिवडाका अनुसार रु एक करोड ५० लाखको लागतमा चार वटा सेन्टरमा आठ वटा गाडी एक पटकमा चार्ज गर्न सकिने गरि बिद्युतीय चार्जिङ उपकरण जडान गरिएको हो । १२० किलोवाटको क्षमता भएका उपकरण जडान गरिएका छन् । उनका अनुसार यी सेन्टरबाट छिटो चार्ज गर्न सकिने छ । तोरीको तेल पेलेर बेच्दै आएको सङ्घले साझा पेट्रोलपम्प सञ्चालन गरेको थियो । डिजल पेट्रोलमा दैनिक रु ४० लाखको कारोबार हुने गरेको र तोरीको तेल मासिक ६ हजार लिटर खपत हुँदै आएको छ । यससँगै सेवाग्राहीलाई सुबिधा दिने उद्देश्यले चार्जिङ स्टेसन स्थापना गरिएको उनले बताए । सङ्घले अहिले ३० जना कर्मचारीलाई प्रत्यक्ष रोजगार दिँदै आएको छ ।

विद्युतीय सवारीसाधन (इभी)को प्रयोगसँगै जिल्लामा चार्जिङ स्टेसन खुल्ने क्रम वढेको हो । नेपाल विद्युत् प्राधिकरणले भरतपुरको केन्द्रीय बसपार्कमा चार सवारीसाधनले एकै पटक चार्ज गर्न सक्ने गरी चार्जिङ स्टेसन स्थापना गरेको थियो । त्यसलगत्तै प्राधिकरणले मुग्लिङमा अर्को चार्जिङ स्टेसन सञ्चालनमा ल्याएको थियो । अहिले बसपार्कमा उपकरण थप गरी १२ पुऱ्याईएको छ । एउटाले काम गरेको छैन भने बाँकी ११ वटामा २२ वटा गाडी चार्ज गर्न सकिने प्राधिकरणले जनाएको छ । यसबाहेक निजीस्तरबाट व्यावसायिक रूपमा विभिन्न स्थानमा ३१ स्टेसन सञ्चालनमा आएका छन् ।

नेपाल विद्युत् प्राधिकरण भरतपुर वितरण केन्द्रका इन्जिनियर मिलन सापकोटाका अनुसार प्राधिकरणका दुई स्थानमा र नीजि क्षेत्रका ३१ स्थानमा स्टेसन सञ्चालनमा ल्याइएको छ । यीबाहेक होटेल, रेस्टुरेन्टमा आफ्ना ग्राहकलाई सेवा दिने गरी चार्जिङ स्टेसन राख्नेहरू धेरै छन् । रासस

# काठमाडौँका फोहोरपानी प्रशोधन केन्द्र चाँडै सञ्चालनमा ल्याइँदै

**काठमाडौँ ।**
काठमाडौं उपत्यकाका विभिन्न स्थानमा निर्माण सम्पन्न भएका फोहोरपानी प्रशोधन केन्द्र चाँडै सञ्चालनमा ल्याइने भएको छ ।

यसबाट नदी तथा खोलामा मिसिने दूषित पानीको मात्रा घट्ने र वातावरणीय प्रदूषण नियन्त्रणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । आयोजना कार्यान्वयन निर्देशनालय (पीआईडी)ले धोबीखोला, गुह्येश्वरी र कोड्कुलगायतका क्षेत्रमा फोहोरपानी प्रशोधन केन्द्र निर्माण गरिरहेको छ ।

शुक्रबार पूर्वाधार विकास मन्त्रालय, पीआईडी तथा एसियाली विकास बैङ्क (एडीबी)का प्रतिनिधिले गुह्येश्वरी र धोबीखोलामा निर्माण भएका प्रशोधन केन्द्रको संयुक्त अनुगमन तथा निरीक्षण गर्नु भएको छ । गुहेश्वरी फोहरपानी प्रसोधन केन्द्र प्रतिदिन तीन करोड २५ लाख लिटर फोहर पानी प्रसोधन गर्न सक्ने क्षमताको निर्माण गरिएको जनाइएको छ । अनुगमन टोलीमा पूर्वाधार विकास सचिव विश्वबाबु पुडासैनी, पीआईडी प्रमुख इन्जिनियर रामकुमार श्रेष्ठ, एडीबीका नेपाल देशीय सञ्चालन प्रमुख अर्नाउड हेकम्यान तथा अर्थ मन्त्रालयका सहसचिव धनीराम शर्मालगायत सहभागी रहनु भएको थियो । अनुगमन निरीक्षणका क्रममा सचिव पुडासैनीले निर्माण सम्पन्न भइसकेका प्रशोधन केन्द्रलाई यथाशीघ्र सञ्चालनमा ल्याउन सम्बन्धित निकायलाई निर्देशन दिए । उनले भने, ‘काठमाडौँका केही क्षेत्रमा निर्माण सम्पन्न भएका फोहोरपानी प्रशोधन केन्द्र अब चाँडै सञ्चालनमा ल्याउन आवश्यक छ ।’

त्यसैगरी, पीआईडी प्रमुख इन्जिनियर रामकुमार श्रेष्ठले धोबीघाट र गुह्येश्वरीमा निर्माण गरिएका प्रशोधन केन्द्र सञ्चालनको अन्तिम तयारी भइरहेको जानकारी दिए ।

उनले भने, ‘काठमाडौँका नागरिकलाई दूषित पानीबाट हुने स्वास्थ्य जोखिमबाट जोगाउन एडीबीको सहयोगमा यी प्रशोधन केन्द्र निर्माण गरिएको हो । केही आयोजना सम्पन्न भइसकेका छन् र अब चाँडै सञ्चालनमा ल्याइनेछ ।’

यी प्रशोधन केन्द्र सञ्चालनमा आएपछि बागमती तथा यसका सहायक नदीमा प्रत्यक्ष रूपमा मिसिने फोहोरपानीको मात्रा घट्ने, नदीको पानीको गुणस्तर सुधार हुने तथा वातावरण संरक्षणमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ । रासस

# युरोपमा तैनाथ विमान र युद्धपोतमा कटौतीको तयारी



**अमेरिका ।**
अमेरिकाले युरोपमा उत्तर एटलान्टिक सन्धि संगठन (नेटो) मा खटिने आफ्नो सैन्य स्रोतमा ठूलो कटौती गर्ने तयारी गरिरहेको छ । प्रस्तावअनुसार लडाकु विमान, निगरानी विमान, ट्याङ्कर, युद्धपोत र अन्य महत्वपूर्ण सैन्य उपकरणको संख्या घटाइनेछ । वासिङ्टनले युरोपेली मुलुक र क्यानडालाई महादेशको सुरक्षामा बढी जिम्मेवारी लिन प्रोत्साहित गर्ने उद्देश्यले यो कदम चालिएको बताएको छ । दुई वरिष्ठ युरोपेली अधिकारीहरू र जुनको सुरूमा सहयोगीहरूसँग साझा गरिएको एक लिखित कागजातलाई उद्धृत गर्दै रिपोर्टमा भनिएको छ, ‘प्रस्तावित कटौतीले नेटोको अपरेशनमा प्रयोग हुने महत्वपूर्ण सैन्य संसाधनहरूमा प्रभाव पार्नेछ ।’

यसमा लडाकु विमान, निगरानी विमान, इन्धन भर्ने ट्याङ्कर विमान र नौसैनिक तैनातीहरू समावेश छन् । प्रस्तावित कटौतीअन्तर्गत एफ–१६ र एफ–१५–ई लडाकु विमानको संख्या करिब १५० बाट घटाएर १०० बनाइनेछ । समुद्री निगरानी विमानको संख्या २६ बाट १५ मा घटाइनेछ भने युरोपको लागि उपलब्ध सबै आठ हवाई रिफ्युलिङ ट्याङ्कर विमानहरू फिर्ता लिइनेछ । युद्धपोत र पनडुब्बीहरु पनि हटाइनेछन् ।

यसमा मिसाइल पनडुब्बी र विमानवाहक पोतलाई अर्को स्थानमा स्थानान्तरण गर्ने उल्लेख गरिएको छ । यसका साथै दर्जनौं युद्धपोत र विमानवाहक मिसनसँग सम्बन्धित दर्जनौं विमान पनि हटाइनेछ । युरोपको रक्षाका लागि पहिले नै तैनाथ दुई बमवर्षक समूहमध्ये एउटालाई पनि अर्को ठाउँमा पठाउने सम्भावना छ ।

नेटोको क्षमतामा प्रभाव

अमेरिकी पत्रिकाहरूका अनुसार यी परिवर्तनहरूले नेटोको लामो दूरीमा आक्रमण गर्ने र निगरानी गर्ने क्षमतालाई सीमित गर्न सक्छ । यसमा रूसी पनडुब्बीहरूको गतिविधिको निगरानी गर्ने र आवश्यक भएमा लामो दूरीको मिसाइल आक्रमणहरू सुरु गर्ने उल्लेख छ । तर यसका लागि पेन्टागनले कुनै समयसीमा दिएको छैन । पेन्टागनले अहिलेसम्म सार्वजनिक रूपमा यो कटौतीको समयसीमा पुष्टि गरेको छैन । पेन्टागनले तथ्याङ्कमा टिप्पणी गर्न अस्वीकार गर्यो र केवल युरोपमा आफ्नो सैन्य प्रतिबद्धताहरू समायोजन गर्ने बारेमा अमेरिकी युरोपेली कमान्डको सामान्य भनाइलाई उद्धृत गर्यो ।

अमेरिकी युरोपेली कमान्डले भनेको छ, ‘अमेरिकाले नेटो सहयोगीहरूलाई उसले आफ्नो २०२६ को राष्ट्रिय रक्षा रणनीति र ‘नेटो ३.०’ को दृष्टिकोण अन्तर्गत व्यापक जिम्मेवारी साझा गर्ने नीतिको एक भागको रूपमा नेटो बल मोडेलमा आफ्नो योगदानलाई ‘उचित आकार’ दिनेछ ।’अमेरिकी वायु सेनाका जनरल तथा अमेरिकी युरोपेली कमान्डका कमान्डर एलेक्सस जी ग्रिन्केभिच ले भने, ‘नेटो बल मोडेलको अमेरिकी सैन्य बलमाथि अत्यधिक र अनुचित निर्भरता छ ।’ उनले प्रस्तावित परिवर्तनहरू नेटोको रक्षा योजनालाई अझ व्यावहारिक बनाउने उद्देश्यले गरिएको बताए । यस पहलको नेतृत्व एलब्रिज कोल्बी, अमेकिटा र युद्ध नीति मामिलाका उपसचिव द्वारा गरिएको छ । अमेरिकाको युरोपेली सहयोगी र क्यानडाले महादेशको परम्परागत रक्षाका लागि बढी जिम्मेवारी लिनुपर्ने उनीहरूको तर्क छ । एजेन्सी

# डिजिटल प्रविधिमैत्री बन्दै बैजनाथका किसान

**बाँके ।**
बाँकेको बैजनाथ गाउँपालिकाका किसान परम्परागत ढक–तराजु छोडेर डिजिटल प्रविधिमैत्री बन्दै गएका छन् ।

पहिलो चरणमा गाउँपालिकाभित्रका ७६ जना किसानलाई गाउँपालिकाले डिजिटल तराजु वितरण गरेपछि यहाँका किसान प्रविधिसँग जोडिएर श्रमको सही मूल्य पाउन थालेका छन् ।

बैजनाथ गाउँपालिका–७ का किसान दिनेश चौधरीले वर्षौंदेखि परम्परागत ढक–तराजु प्रयोग गरेर आफ्नो खेतबारीको उब्जनी जोख्दा कहिले ढक खिइने त कहिले व्यापारीको आफ्नै तराजुमा शङ्का उपशङ्का हुने समस्या डिजिटल तराजुले अन्त्य गरेको बताए ।

‘अब तौलमा तलमाथि हुने डरै भएन, व्यापारीले पनि ठग्न पाएनन्, आफूलाई पनि ढुक्क भएको छ‘ उनले भने, ‘गाउँपालिकाले हामीजस्ता साना किसानको मर्का बुझिदिएर डिजिटल तराजु सहयोग गरेको जस्तो लागेको छ ।’

‘किसानसँग पालिका प्रमुख’ कार्यक्रम अन्तर्गत ७० प्रतिशत अनुदानमा गाउँपालिकाले डिजिटल तराजु वितरण गरेपछि यहाँका किसानको कथा अहिले फेरिएको छ । कृषिमा आधुनिकीकरण र यान्त्रिकीकरणका ठूला–ठूला कुरा भइरहँदा, किसानले उत्पादन गरेको वस्तुको सही तौल हुनु नै बजारको पहिलो र मुख्य सर्त ठानेर गाउँपालिकाले चालु आर्थिक वर्ष २०८२÷०८३को बजेटमार्फत यो योजना अघि सारेको गाउँपालिका अध्यक्ष प्रकाशबहादुर शाहीले जानकारी दिए ।

‘किसानले उत्पादन गरेको वस्तु खरिद गर्ने व्यक्ति वा व्यवसायी र किसान बिचको विश्वास बढाउने र परिणाम सही निकाल्ने काम यो डिजिटल तराजुले गर्नेछ,’ अध्यक्ष शाहीले भने, ‘किसानको उत्पादनलाई बजारीकरण गर्न यसले थप मद्दत पु¥याउने हाम्रो विश्वास छ ।’

गाउँपालिकाले किसानलाई प्रविधिसँग जोड्नका लागि कतिपय क्षेत्रमा ७० प्रतिशत त कतिपयमा पूर्णअनुदान दिँदै आएको गाउँपालिका कृषि शाखा प्रमुख प्रमोदकुमार विश्वकर्माले बताए ।

उनका अनुसार, गाउँपालिकाभरिबाट कुल ९६ जना किसानले तराजुका लागि निवेदन दिएकोमा प्राप्त आवेदनमध्येबाट वास्तविक र आवश्यकताका आधारमा छनोट गरेर पहिलो चरणमा ७६ जना किसानलाई एक–एक थान डिजिटल तराजु वितरण गरिएको हो ।

७० प्रतिशत अनुदान पाएपछि किसानले निकै कम लागतमा आधुनिक प्रविधि आफ्नो घर र खेतबारीसम्म पु¥याउन सफल भएका छन् ।

डिजिटल तराजुले किसानलाई परम्परागत ढक–तराजु जस्तो दण्डी मार्ने वा तौलमा घटबढ हुने सम्भावना शून्य हुने, क्रेता र बिक्रेता दुवैले डिजिटल स्क्रिनमा सिधै तौल देख्न सक्ने भएकाले असमझदारी हट्ने र छिटो र छरितो तौल हुने हुँदा बजारमा सामान लैजाँदा समय बचत हुने उनको भनाइ छ । रासस

# ‘मुलुकको विकासका लागि अनुसन्धानमा जोड दिनुपर्छ’



**काठमाडौँ ।**
नेपालका अनुसन्धानदाताहरूले मुलुकको विकासका लागि हर क्षेत्रको बृहत अनुसन्धानमा जोड दिनुपर्ने बताएका छन् । नेपाल फिलोसोपिकल रिसर्च सेन्टर (एनपीआरसी) र अनुसन्धानदाता समाजद्वारा शुक्रबारदेखि आयोजित दोस्रो राष्ट्रिय सम्मेलनमा अनुसन्धानदाताहरूले देशको विकासका लागि अनुसन्धान क्षेत्रमा जोड दिनुपर्ने बताएका हुन् ।

कार्यक्रममा त्रिभुवन विश्वविद्यालयका प्राडा कृष्णप्रसाद आचार्यले अनुसन्धान राम्रो भएमात्र मुलुकको विकासमा योगदान दिन सकिने भन्दै शिक्षा र प्राध्यापनमा मात्र नभएर मुलुकको विकासका हर क्षेत्रमा अनुसन्धान संस्कृतिको विकास गर्नु जरुरी रहेको उल्लेख गरे । ‘अनुसन्धानदाताको लेख राम्रो भएमात्र जर्नल र लेखकको वजन बढ्छ, त्यसैले बोलेर होइन लेखेर र वैज्ञानिक अनुसन्धानको वानीको विकास गरौँ,’ उनले भने ।

एनपीआरसीका अध्यक्ष डा. तेजबहादुर कार्कीले दिगो विकासका लागि अनुसन्धानमा आधारित कार्यक्रम तय गरिनुपर्नेमा जोड दिँदै अनुसन्धान विनाका कार्यक्रमहरू सफल नहुने धारणा राखे । पूर्वीय दर्शनका ज्ञानलाई दस्तावेजीकरण गरेर अगाडि बढाउन सकेमात्र मुलुकले विकास हासिल गर्ने उनको भनाइ थियो ।

‘अनुसन्धानलाई प्राथमिकता दिएका कारण विश्वका धेरै मुलुक विकासको गतिमा अगाडि बढेका छन्, नेपालले पनि अनुसन्धान क्षेत्रलाई प्राथमिकता दिन सके देश विकासले गति लिन सक्थ्यो,’ डा. कार्कीले भने ।

अनुसन्धानदाता एवम् नेपाल फिलोसोपिकल रिसर्च सेन्टरका उपाध्यक्ष डा. दशरथ न्यौपानेले अनुसन्धानलाई केवल व्यक्तिगत लाभमा मात्र सीमित नराखी समाज र राष्ट्रको सभ्यता विकासमा लगाउनुपर्ने बताए । उनले राष्ट्रलाई केही योगदान दिनुपर्छ भन्ने उद्देश्यका साथ नेपाल फिलोसोपिकल रिसर्च सेन्टरको स्थापना भएको स्मरण गरे ।

अनुसन्धानको क्षेत्रमा नेपाल फिलोसोपिकल रिसर्च सेन्टरले खेलेको भूमिकाको जानकारी गराउँदै उनले प्राज्ञिक अनुसन्धानले यस क्षेत्रमा मुलुकको उन्नयनमा विशिष्ठ योगदान पुग्ने बताए । मकवानपुर बहुमुखी क्याम्पसका प्रमुख डा. यामबहादुर सिलवालले क्याम्पसले विद्यार्थीलाई अनुसन्धानको क्षेत्रमा प्रेरित गर्दै लगिरहेको बताए ।

कार्यक्रममा एनपिआरसीका संस्थापक डा कृष्णप्रसाद धिताल, हेटौँडा बहुमुखी क्याम्पसका प्रमुख डा. देवचन्द्र मानन्धर, मन्थली बहुमुखी क्याम्पसका प्रमुख डा. भरतकुमार श्रेष्ठ, अर्थव विजनेश कलेजका प्राचार्य डा. हिरालाल श्रेष्ठ, गौरीशङ्कर क्याम्पस बाराका अध्यक्ष एकबहादुर श्रेष्ठ, मेगा कलेजका प्राचार्य डा. घनश्याम शाह, बालकुमारी क्याम्पसका प्रमुख डा. कुलचन्द्र पण्डितलगायतले अनुसन्धानलाई व्यापकता दिएर अगाडि बढ्न सकेमात्र देशको प्राज्ञिकसहित समग्र विकासमा योगदान पुग्ने बताएका थिए ।

सम्मेलनमा विभिन्न विश्वविद्यालयबाट विद्यावारिधि तथा महाविध्यावारिधी (पोष्ट डक्टोरेट) गरेका ५० भन्दा बढी अनुसन्धानदाताहरूको सहभागीता रहेको छ । दुई दिनसम्म सञ्चालन हुने सम्मेलनमा ‘चित्लाङ घोषणापत्रको पुनरावलोकन’ समेत गरिएको थियो । मकवानपुरको चित्लाङमा ४ वर्षअघि सम्पन्न भएको प्राज्ञिक अनुसन्धानदाताहरूको सो घोषणापत्रमा नेपालमा प्राज्ञिक क्षेत्रमा हुनुपर्ने अनुसन्धान, यसको आवश्यकता र गुणस्तरीयताका लागि निर्माण गर्नुपर्ने पूर्वाधार एवं प्राज्ञिक वातावरणका बारेमा व्यवस्था गरिएको थियो । रासस



*देवघाटको वेणीसङ्गमः देवघाटस्थित कालीगण्डकी र त्रिशुली नदीको सङ्गमस्थल । देवघाटमा वेणीसङ्गममा स्नान गर्नका लागि हजारौं भक्तजन आउने गर्दछन् । तस्बिरः रासस*

# हुरीबाट शुक्लाफाँटाका ८० परिवार प्रभावित

**कञ्चनपुर ।**
‘राति खाना पकाउने तयारी गर्दै थियौँ, एक्कासि आएको हावाहुरीले घरको छाना उडाएर लग्यो, अन्नपात, लुगाफाटा सबै भिज्यो, ज्यान जोगाउनमै व्यस्त भयौँ, अरू सामान बचाउने समय नै पाएनौँ ।’ शुक्लाफाँटा नगरपालिका–९ का महेश जोशीले दुई दिनअघि(बुधवार राति) आएको हुरीले निम्त्याएको पीडा सुनाउँदै भने, ‘अहिले खुला आकाशमुनि बस्न बाध्य छौँ, हुरीले हाम्रो विचल्ली बनाइदियो ।’

शुक्लाफाँटा नगरपालिका–९ मा आएको भीषण हुरीले ८० परिवारलाई प्रभावित बनाएको छ । हावाहुरीले ६० वटा घर र २० वटा गोठमा क्षति पु¥याउँदा दर्जनौँ परिवारको बासस्थान, खाद्यान्न र दैनिक जीवन प्रभावित भएको हो ।

शुक्लाफाँटा –९ वडाध्यक्ष रमेशबहादुर ऐरकाअनुसार हुरीले अधिकांश घरका जस्तापाताका र टायलका छाना उडाएको छ । त्यसलगत्तै परेको वर्षाले घरभित्र राखिएका अन्नपात, खाद्यान्नलगायत भिजाएर कामै नलाग्ने बनाएको छ ।

‘धेरै परिवार अहिले समस्यामा छन्,’ अध्यक्ष ऐरले भने, ‘कतिपय आफन्तकहाँ आश्रय लिएर बसेका छन् भने केही परिवार अझै अस्थायी व्यवस्थामा खुला आकास बसिरहेका छन् ।’ हुरीले विद्युत् संरचनामा पनि ठूलो क्षति पु¥याएको छ । वडाका विभिन्न स्थानमा १८ वटा विद्युत् पोल ढलेका छन्, केही भाँचिएका छन् । २०० केभीएको ट्रान्सफर्मर जडित पोल ढलेपछि दुई दिनदेखि सम्पूर्ण क्षेत्रमा विद्युत् सेवा अवरुद्ध भएको छ ।

‘घर तथा गोठका छानामात्र होइन, विद्युत् संरचनामा व्यापक क्षति पुगेको छ,’ अध्यक्ष ऐरले भने, ‘वडाभरि जडान गरिएका पाँच वटा सिसिटिभी क्यामेरा पनि क्षतिग्रस्त भएका छन्, करिब डेढ किलोमिटर क्षेत्रमा सिसिटिभीको तार चुँडिएको छ ।’ उनका अनुसार हावाहुरीका कारण केही घर तथा विद्यालयमा रुख ढल्दा क्षति पुगेको छ ।

क्षतिग्रस्त क्षेत्रमा विद्युत् सेवा पुनःस्थापनाका लागि नेपाल विद्युत् प्राधिकरणका प्राविधिक टोली परिचालित भएका छन् । ढलेका पोल हटाउने, नयाँ पोल गाड्ने तथा लाइन विस्तार गर्ने कार्य तीव्र रूपमा भइरहेको जनाइएको छ । ‘विद्युत् आपूर्ति पुनःसञ्चालनका लागि आवश्यक काम भइरहेको छ,’ अध्यक्ष ऐरले भने, ‘मौसमले साथ दिए भोलिसम्म विद्युत् सेवा पुनः सञ्चालनमा ल्याउने प्रयास भइरहेको छ ।’

हुरीबाट भएको क्षतिको यकिन विवरण सङ्कलन गर्न प्रहरी तथा स्थानीय जनप्रतिनिधिको टोलीले मुचुल्का तयार पार्ने काम सुरु गरेको छ । प्रभावित परिवारको तथ्याङ्क सङ्कलनसँगै राहत तथा पुनःस्थापनाका लागि आवश्यक प्रक्रिया अघि बढाइएको अध्यक्ष ऐरको भनाइ रहेको छ ।

स्थानीयवासीका अनुसार केही मिनेट चलेको हावाहुरीले वर्षौंको मेहनतले बनाएको संरचनामा ठूलो क्षति पु¥याएको छ । विशेषगरी न्यून आय भएका परिवार बढी प्रभावित भएका छन् । स्थानीय तहले प्रदेश तथा सङ्घीय सरकारसँग समन्वय गरी प्रभावित परिवारका लागि राहत र पुनःस्थापनाको पहल गर्ने जनाएको छ ।

# इतिहास खोज्दाखोज्दै बन्यो दरबार

**रवीन्द्र काफ्ले/रासस**
**पाँचथर ।**
पाँचथरको हिलिहाङ गाउँपालिका–४ हस्तपुरमा हरियाली जङ्गलबीच भव्य संरचना निर्माण भएको छ । यहाँ पुग्ने नयाँ पर्यटकलाई यो पङ्क्ति पनि अनौठो लाग्छ । कटुस, काफल र निगालोको घनाजङ्गल, चराको आवाज र प्रकृतिको सुवासले मन्त्रमुग्ध यही ठाउँ इतिहास, पुरातत्व र धार्मिक विश्वासले पनि उस्तै विशिष्ट छ । यही विशिष्टता खोज्दाखोज्दै यहाँ आकर्षक संरचना पनि बनेका हुन् ।

यो स्थानका तत्कालीन लिम्बूवानका अन्तिम राजा हिलिहाङले शासन चलाएको हिलिहाङ दरबार क्षेत्र हो । विसं १८४२ सालसम्म हिलिहाङले यहाँबाट तत्कालीन विजयपुर राज्यअन्तर्गतको याङरुप भनिने याङवरक थुममा शासन गरेको इतिहास छ । राजा हिलिहाङको दरबार उनको आकस्मिक मृत्युपछि संरक्षण हुन नसक्दा भत्किएर गएको थियो । यही स्थानमा हिलिहाङ गाउँपालिकाले प्यागोडा शैलीको दरबार, सङ्ग्रहालयलगायत संरचना निर्माण गरेपछि पर्यटकको आकर्षण बनेको छ । धार्मिक, ऐतिहासिक र पुरातात्विक दृष्टिले महत्वपूर्ण हिलिहाङ दरबार क्षेत्रमा निर्मित पूर्वाधार पनि पर्यटन प्रवद्र्धनको माध्यम बनेको हो ।

यहाँ प्यागोडा शैलीको तीन तले दरबार निर्माण भएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्ड्यन मन्त्रालय र हिलिहाङ गाउँपालिकाको साझेदारीमा रु. दुई करोड ५१ लाख ६८ हजारको लागतमा दरबार निर्माणकार्य सम्पन्न चएको हो । मन्त्रालयको ७० प्रतिशत र गाउँपालिकाको ३० प्रतिशत लागतमा दरबारका संरचना भगवती वौद्ध जेभी इलामले निर्माण गरेको हो । दरबारमा अवलोकनका अन्य सामग्री नभएपनि यसको आकर्षक बनौट, यहाँको भूगोल र इतिहास प्रतिको चासोले पर्यटकलाई आकर्षित गर्ने गरेको छ ।

यहाँ पुग्ने पर्यटकले राजा हिलिहाङको समयका बैठक स्थल, राजसभास्थल, पर्खाल, दरबारमा प्रयोग भएका इटा, खड्पललगायत संरचनाको अवलोकन गर्न पाउँछन । यस्तै राजा हिलिहाङले शक्ति प्राप्त गर्ने गरेको विश्वास गरिने महारानी शक्तिपीठको दर्शन गर्ने प्रचलन रहिआएको छ ।

स्थानीय तह पुनर्संरचनाका क्रममा साविकका भारपा, सुभाङ, पञ्चमी र अमरपुरलाई जोडेर हिलिहाङ गाउँपालिका बनाइएपछि राजा हिलिहाङ तथा उनको दरबारबारे चासो बढेर गएको थियो । हिलिहाङ फाउण्डेसनले मेची राजमार्गको याङवरक गाउँपालिका–६ नागीमा प्रवेशद्वार निर्माण गर्नुका साथै हिलिहाङ दरबार अगाडि सालिक निर्माण गरेको छ । हिलिहाङ गाउँपालिकाले हिलिहाङ महोत्सव आयोजना गरी यो स्थानको प्रचार थालेको थियो । कोशी प्रदेश सरकारसँगको साझेदारीमा गाउँपालिकाले सङ्ग्रहालय गरिसकेको छ । पुरातत्व विभागले हिलिहाङ दरबार क्षेत्रको पुरातात्विक सम्पदाबारे खोजी गरिरहेको छ । समुन्द्र सतहबाट एक हजार ८२० मिटर उचाइमा अवस्थित हिलिहाङ दरबार क्षेत्र जङ्गलबीचमा अवस्थित छ । शान्त, एकान्त र सुन्दर हरियालीमा अवस्थित यस पर्यटकीय क्षेत्रसम्म गाउँपालिकाले सडक विस्तार गरेपछि पर्यटकको आवागमन पनि सहज भएको छ । हिलिहाङ गाउँपालिकाले पाँच वर्ष अघिदेखि राजा हिलिहाङको जन्मोत्सव मनाउन थालेको छ ।

हिलिहाङ गाउँपालिकाका अध्यक्ष समरबहादुर अधिकारीका अनुसार हिलिहाङ दरबार क्षेत्रलाई पर्यटकको आकर्षण बनाउने, हिलिहाङ राजाको शासन कालका सामग्री सङ्कलन गरी सङ्ग्रहालयमा राख्ने प्रयास भइरहेको छ । हिलिहाङ दरबार क्षेत्रसँगै जोडिएको भोटेगढीलगायत पर्यटकीय क्षेत्रमा पर्यटन पूर्वाधार विकास र प्रचारप्रसार बढाउन गाउँपालिकाले लगानी गरिरहेको अधिकारीको भनाइ छ ।

नेपाल एकीकरणका क्रममा तत्कालीन गोरखा फौजसँग हिलिहाङको फौज १७ पटकसम्म अपराजित रहेको विश्वास गरिन्छ । तर, विसं १८३१ साउन २२ गते राजा हिलिहाङले नेपाल एकीकरण अभियानलाई सहजीकरण गर्दै याङवरक थुम (जिल्ला)लाई नेपाल मातहत राखी स्वशासनको अधिकार लिएको इतिहास छ । विसं १८४२ मा हिलिहाङको अकस्मात मृत्यु भएपछि याङवरक थुम पूर्णतः नेपाल मातहतमा गाभियो । यही आधारमा हिलिहाङलाई लिम्बुवानका अन्तिम राजा भन्ने गरिन्छ ।

पराक्रमी मानिने राजा हिलिहाङ निधनपछि उनसँग रुष्ट पक्षहरूले दरबार र राज्यसत्तामा दखल दिएका कारण दरबारको संरक्षण हुन नसक्दा भत्किएको थियो । राजा हिलिहाङको दरबारमा प्रयोग भएका इँटा र सो समयमा लगाइएका पर्खाल अझैपनि दरबार परिसरमा रहेका छन । यसरी इतिहासको खोजी गर्दागर्दै दरबारका संरचना निर्माण भएपछि नेपाल एकीकरण, राष्ट्रिय एकता र इतिहासको गजेर्नामा ठूलो मद्दत पुगेको यस क्षेत्रका अग्रज कृष्णबहादुर योङहाङको भनाइ छ ।

# बाँदरपीडित किसानद्वारा गाउँपालिका कार्यालय घेराउ

**खोटाङ ।**
बाँदरपीडित किसानले जन्तेढुङ्गा गाउँपालिकाको कार्यालय घेराउ गरेका छन् । वर्षभरी खानका लागि आफूले लगाएको अन्नबाली बाँदरले सखाप बनाएर उठिवास बनाएको जनाउँदै गाउँपालिकाका किसानले शुक्रबार चिसापानीस्थित गाउँपालिकाको कार्यालय घेराउ गरेका हुन् ।

प्लेकार्ड बोकेर नाराबाजीसहित गाउँपालिकाको कार्यालय चिसापानी बजार पुगेका किसानले आफूहरूको माग गाउँपालिकाले पूरा नगरे चरणवद्ध आन्दोलन गर्ने चेतावनी समेत दिएका छन् । उनीहरूले गाउँपालिका प्रमुख अरुणादेवी राई र उपप्रमुख खेमबहादुर खड्कालाई भेटेर बाँदर आतङ्कलाई दीर्घकालीन समाधानको उपाय अपनाउन माग गरेका छन् ।

गाउँपालिकाको कार्यालय घेराउपछि आयोजना गरिएको छलफल कार्यक्रममा सहभागी स्थानीय सूर्य राईले ‘कि जनता पाल, कि बाँदर पाल, बाँदर पाल्ने हो भने जनता विस्थापित हुनुपर्छ’ भन्दै आक्रोश पोख्नुभएको छ । ‘बाँदरले बाँच्न दिने अवस्था छैन । वर्षभरी खानका लागि लगाइएको अन्नबाली बाँदरले सखाप पार्छ,’ उनले भने, ‘ जनता ठूलो कि बाँदर ठूलो भनेर छुट्याउनुपर्ने अवस्था आएको छ । बाँदर पाल्ने हो भने जनतालाई माग सम्बोधन गर्न अनुरोध गर्छौँ । बाँदर र जनतासँगै बाँच्न सक्ने अवस्था छैन ।’

बाँदरपीडित किसानसँगको छलफलमा सहभागी गाउँपालिका उपप्रमुख खड्काले बाँदर नियन्त्रणका लागि गाउँपालिकाले गत वर्षबाटै बजेट विनियोजन गरेको जानकारी दिनुभएको छ । ‘बाँदरले धेरै किसानलाई दुःख दिएको छ । त्यसलाई नियन्त्रण गर्न गत वर्षबाटै बजेको व्यवस्था गरेका छौँ,’ उनले भने, ‘बाँदरले दुःख दियो भन्दैमा मार्न पाउने अधिकार छैन । नियन्त्रण गर्न स्वयम्सेवक परिचालन गर्न बजेट विनियोजन गरेका छौँ । अहिलेसम्म किसानले सम्पर्क गरेका छैनन् ।’

बिरोध प्रदर्शनमा सहभागी हुन गाउँपालिकाका छवटै वडाका किसान घण्टौँ हिँडेर गाउँपालिकाको कार्यालय चिसापानी पुगेका थिए । बिरोध प्रदर्शनपछि आयोजित छलफलमा सहभागी किसानले आफूहरूको अन्नबाली तथा फलफूल नष्ट गर्ने बाँदरलाई जसरी भएपनि मार्न पाउने अधिकार दिन माग गरेका छन् ।

किसानले आफूलाई दुःख दिने बाँदर मार्न पाउनुपर्ने माग गरेपनि प्रचलित कानुनले त्यो अधिकार नदिएकाले समस्या भएको गाउँपालिका प्रमुख राईले बताउनुभएको छ । ‘बाँदरलाई बचाएर किसानलाई मार्ने पक्षमा गाउँपालिका छैन । तर, बाँदर मार्न पाउने अधिकार नेपालको कानूनमा यल्लेख छैन,’ उनले भने, ‘बाँदर नियन्त्रण गर्ने वैकल्पिक उपायहरू खोजिरहेका छौँ । यसका लागि गत वर्षबाटै बजेट उपलब्ध गराउँदै आएका छौँ । अब बन्ने नीति तथा कार्यक्रममा पनि यो कार्यक्रम समावेश हुन्छ ।’

पछिल्लो समय जिल्लाका दशवटै स्थानीय तहमा बाँदर आतङ्क फैलिएको पाइएको छ । जङ्गलमा पाइने बाँदर गाउँ पसेर किसानले लगाएका अन्नबाली तथा फलफूल नष्ट गर्न थालेपछि उनीहरू हैरान बनेका छन् ।

जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजारमा बाँदर आतङ्क मच्चिएपछि स्थानीय किसानले गत चैत–१६ गते हलो–कोदालोसहित दिक्तेलमा बिरोध प्रदर्शन गरेका थिए । घरेलु औजारसहित बिरोध प्रदर्शन गरेपछि जिल्ला प्रशासन कार्यालय खोटाङमा धर्ना बसेका किसानलाई प्रशासनले तपाई (किसान)को माग सम्बन्धित निकायमा पु¥याएर सहयोग गर्ने आश्वसन दिएको थियो । रासस

# आधा शताब्दीपछि पोखरा बसपार्क निर्माणको आशा जाग्दै

**कृष्ण दवाडी/रासस**
**कास्की ।**
पोखरा महानगरपालिका–९ पृथ्वीचोकस्थित बसपार्क क्षेत्रमा वर्षौंदेखि सञ्चालनमा रहेका सटर तथा भवन खाली हुन थालेपछि आधा शताब्दीदेखि अलपत्र रहेको बसपार्क निर्माणको आशा पुनः जागेको छ । बसपार्क प्रवेशद्वार नजिकै फेन्सी पसल सञ्चालन गर्दै आउनुभएका हरि लामिछाने शुक्रबार आफ्नो सटरका बाँकी सामान हटाउने काममा व्यस्त थिए । लामो समयदेखि व्यापार गर्दै आएको स्थान छोड्नुपर्ला भन्ने कल्पना नगरेको बताउने उन अहिले भने बसपार्क निर्माणको प्रक्रिया अघि बढेपछि संरचना खाली गर्न बाध्य भएका हुन् ।

पोखरा महानगरपालिकाले गत वैशाख ३ गते बसपार्क क्षेत्रका सार्वजनिक जग्गामा बनेका संरचना हटाउन ३५ दिने सूचना जारी गरेको थियो । सुरुमा त्यो निर्णय कार्यान्वयन होला भन्ने विश्वास नगरेका व्यवसायी पछिल्लो समय जग्गाधनी र महानगरबीच भएको सहमतिपछि भने संरचना खाली गर्न थालेका छन् ।

बसपार्कको उत्तरी क्षेत्रमा रहेका जग्गाधनीले संरचना हटाउने तयारी विरुद्ध उच्च अदालत पोखरामा रिट दायर गरेका थिए । तर जेठ २५ गते महानगरसँग भएको समझदारीपछि उनीहरूले मुद्दा फिर्ता लिने र बसपार्क निर्माणमा सहजीकरण गर्ने निर्णय गरेका छन् । त्यससँगै बसपार्क क्षेत्रका अधिकांश व्यवसायी तथा घरधनीले आफ्ना संरचना खाली गर्न थालेका हुन् ।‘पहिला बसपार्क बन्ला र हामीले ठाउँ छोड्नुपर्ला भन्ने लागेको थिएन । तर जग्गाधनी र महानगरबीच सहमति भएपछि हामीले पनि सर्नुपर्ने अवस्था आयो । बसपार्क निर्माण हुनु राम्रो कुरा हो, तर विस्थापित व्यवसायीको व्यवस्थापनमा महानगरले ध्यान दिनुपर्छ,’ लामिछानेले भने । उनले भविष्यमा बसपार्क क्षेत्रमा व्यापारिक प्रयोजनका लागि सटर वा भवन निर्माण भएमा हाल विस्थापित भएका व्यवसायीलाई प्राथमिकता दिनुपर्ने माग गरे ।

हाल बसपार्क प्रवेशको बायाँपट्टि रहेको बास्तोला कम्प्लेक्सका ३२० भन्दा बढी सटर खाली गर्ने कार्य तीव्र गतिमा भइरहेको छ । बसपार्कभित्रका अन्य जग्गाधनीले पनि आफ्ना संरचना हटाउने प्रक्रिया अघि बढाएका छन् ।पोखरा बसपार्कका लागि विसं २०३२ मा २०५ रोपनी जग्गा अधिग्रहण गरिएको थियो । तर पाँच दशक बितिसक्दा पनि बसपार्क निर्माण हुन सकेन । बरु बसपार्कका लागि छुट्याइएको अधिकांश जग्गा अतिक्रमणको चपेटामा प¥यो। अहिले मूल क्षेत्रफलमध्ये करिब २५ रोपनी जमिन मात्र बाँकी रहेको बताइन्छ ।

बसपार्कका लागि अधिग्रहण गरिएको जग्गाको सट्टापट्टा, बिक्री–वितरण तथा क्षतिपूर्ति वितरण प्रक्रियाबारे उठेका गुनासा र विवादको छानबिनको काम अहिले भइरहेको छ ।

बसपार्क निर्माणका लागि अधिग्रहण गरिएको जग्गामध्ये राजमार्ग विस्तारका क्रममा करिब नौ रोपनी क्षेत्रफल प्रयोग भएपछि बाँकी रहेको जग्गासम्बन्धी सट्टापट्टा, बिक्री–वितरण तथा क्षतिपूर्ति प्रक्रियाबारे विभिन्न गुनासा, लिखित उजुरी तथा प्रश्नहरू उठ्दै आएका छन् ।

विशेषगरी केही व्यक्तिले नपाउनुपर्ने क्षतिपूर्ति प्राप्त गरेको, वितरण प्रक्रियामा असमानता भएकोलगायतका आरोप सार्वजनिक भएपछि सत्यतथ्य छानबिनका लागि महानगरले समिति बनाएको हो । पोखरा महानगरपालिकाले बसपार्क निर्माणलाई प्राथमिकतामा राख्दै दातृ निकायमार्फत आवश्यक बजेट सुनिश्चित गरेको छ । संरचना हटाउने काम अघि बढेसँगै स्थानीयवासीमा बसपार्क निर्माण हुने आशा समेत वृद्धि भएको छ ।

बसपार्क निर्माणको मार्गमा रहेको अर्को प्रमुख चुनौती बसपार्कभित्र बसोबास गर्दै आएका भूमिहीन तथा सुकुम्बासी परिवारको व्यवस्थापन हो । बसपार्क क्षेत्रमा झण्डै ५०० परिवार वर्षौंदेखि बसोबास गर्दै आएका छन् ।

महानगरपालिकाले उनीहरूको व्यवस्थापनका लागि जग्गा व्यवस्थापन (खोजी) समिति गठन गरेको थियो । समितिले विभिन्न छ स्थानमा पुनःस्थापना गर्न सकिने सुझाव महानगरलाई दिएको छ । सोही सिफारिसका आधारमा महानगरले जेठ २५ गते जग्गा प्लट मिलान तथा पूर्वाधारको सम्भाव्यता अध्ययन गर्न प्राविधिक समिति गठन गरेको छ । सात दिनभित्र प्रतिवेदन बुझाउने जिम्मेवारी पाएको उक्त समितिले सम्भावित स्थानको नापजाँच तथा व्यवस्थापन क्षमता अध्ययन गरिरहेको छ ।पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यका अनुसार वास्तविक भूमिहीन र सुकुम्बासी पहिचान गर्न छुट्टै छानबिन समिति पनि क्रियाशील छ ।‘सिफारिस भएका जग्गाको नापजाँच गरी कति परिवारलाई व्यवस्थित रूपमा बसोबास गराउन सकिन्छ भन्ने विषयमा अध्ययन भइरहेको छ,’ प्रमुख आचार्यले भने, ‘छानबिन प्रतिवेदनका आधारमा वास्तविक सुकुम्बासीको व्यवस्थापन गरिनेछ र बसपार्क क्षेत्रका अतिक्रमित संरचना हटाएर आधुनिक तथा सुविधासम्पन्न बसपार्क निर्माण गरिनेछ ।’

# ‘मतभेद र असन्तुष्टिलाई संवाद तथा सहमतिबाट समाधान गरिनुपर्ने’




**धनुषा ।**
नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले पार्टीभित्र देखिएका मतभेद र असन्तुष्टिलाई संवाद तथा सहमतिका माध्यमबाट समाधान गर्दै सङ्गठनात्मक एकता कायम राख्नुपर्नेमा जोड दिएका छन् ।

शनिबार जनकपुरधामस्थित महेन्द्रनारायण निधि मिथिला संस्कृति केन्द्रमा आयोजित ‘नेपाली कांग्रेस एकता, पार्टी सुदृढीकरण तथा देशको समसामयिक राजनीतिक विषयमा छलफलका लागि मधेश प्रदेशस्तरीय कार्यकर्ता भेला’लाई सम्बोधन गर्दै उनले विचार र दृष्टिकोणमा फरकपन हुनु लोकतान्त्रिक अभ्यासको स्वाभाविक प्रक्रिया भए पनि त्यसलाई विभाजन वा टकरावका आधार बनाउन नहुने विचार व्यक्त गरे ।

उनले पार्टीभित्र देखिएको असन्तुष्टि, सङ्गठन सञ्चालनका विषयमा उठेका प्रश्न तथा नेतृत्वप्रतिको गुनासोलाई खुला छलफलबाट समाधान गर्नुपर्नेमा जोड दिए । कांग्रेसको मुख्य शक्ति यसको लोकतान्त्रिक संस्कार, कार्यकर्ताको समर्पण र सङ्गठनात्मक एकतामा रहेको बताए । पार्टीलाई आगामी दिनमा थप सशक्त, प्रभावकारी र जनमुखी बनाउन सबै पक्षले साझा उद्देश्यका साथ अघि बढ्नुपर्ने उनको भनाइ थियो ।

निधिले वर्तमान राजनीतिक परिस्थितिमा लोकतान्त्रिक शक्तिहरूबीच सहकार्यको आवश्यकता रहेको उल्लेख गर्दै कांग्रेसले संविधान, लोकतन्त्र, सङ्घीयता, समावेशिता र सामाजिक न्यायका पक्षमा आफ्नो भूमिका अझ प्रभावकारी बनाउनुपर्ने बताए । उनले पार्टीभित्रको आन्तरिक एकता बलियो भए मात्र कांग्रेसले जनताको अपेक्षाअनुसार काम गर्न सक्ने विचार व्यक्त गरे ।

भेलाका संयोजक तथा राष्ट्रियसभा सदस्य आनन्दप्रसाद ढुङ्गानाले भेलाको उद्देश्यबारे जानकारी गराउँदै पार्टीभित्र देखिएका विभिन्न धारणा र असन्तुष्टिलाई लोकतान्त्रिक प्रक्रियाबाट व्यवस्थापन गर्नुपर्ने धारणा राखे । उनले कांग्रेसको सङ्गठनलाई तल्लो तहसम्म थप सुदृढ बनाउने, कार्यकर्ताको भावना नेतृत्वसमक्ष पुर्‍याउने तथा समसामयिक राजनीतिक विषयमा साझा धारणा निर्माण गर्ने उद्देश्यले भेला आयोजना गरिएको जानकारी दिए ।

उनले कांग्रेसभित्र उठेका प्रश्नहरूलाई निषेध वा बेवास्ता गरेर होइन, खुला बहस र छलफलमार्फत समाधान खोज्नुपर्ने बताउँदै पार्टी एकता नै सबैको साझा प्राथमिकता हुनुपर्ने धारणा व्यक्त गरे । लोकतान्त्रिक पार्टीभित्र फरक मत रहनु अस्वाभाविक नभएको उल्लेख गर्दै उनले ती मतलाई सम्मानपूर्वक व्यवस्थापन गर्न सकिए सङ्गठन थप बलियो बन्ने विचार व्यक्त गरे ।

नेता उमाकान्त चौधरीले कांग्रेसको आन्तरिक लोकतन्त्रलाई व्यवहारमा उतार्न नेतृत्व र कार्यकर्ताबीचको सम्बन्ध थप मजबुत हुनुपर्ने बताए । उनले पार्टीको निर्णय प्रक्रिया पारदर्शी, सहभागितामूलक र कार्यकर्तामैत्री हुनुपर्ने धारणा राख्दै सङ्गठनलाई चलायमान बनाउन तल्लो तहका कार्यकर्ताको भूमिका महत्वपूर्ण हुने बताए ।

नेता मोहनबहादुर बस्नेतले कांग्रेसलाई जनविश्वासको केन्द्रका रूपमा स्थापित राख्न सङ्गठनात्मक सुधार, नेतृत्वको उत्तरदायित्व, कार्यकर्ता परिचालन र जनतासँगको सम्बन्धलाई अझ सुदृढ बनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो । नेता गुरुप्रसाद बरालले कांग्रेसभित्र उठेका आवाज र बहसलाई पार्टीको लोकतान्त्रिक जीवनको अभिन्न अङ्गका रूपमा लिनुपर्ने बताए । उनले फरक विचार राख्नेहरूलाई विरोधीका रूपमा नभई पार्टीलाई थप सुदृढ बनाउन योगदान गर्ने पक्षका रूपमा हेर्नुपर्ने धारणा राख्दै अन्ततः सबैको लक्ष्य कांग्रेसलाई बलियो बनाउने नै रहेको उल्लेख गरे ।

नेपाली कांग्रेस महोत्तरीका सभापति नागेश्वर यादवले मधेश प्रदेशका कार्यकर्ताको भावना, सङ्गठन विस्तार, जनसम्पर्क अभिवृद्धि र पार्टी सुदृढीकरणका विषयमा आफ्नो धारणा राख्नुभयो । उनले पार्टीको सङ्गठनात्मक संरचनालाई सक्रिय र प्रभावकारी बनाउन कार्यकर्ताको भूमिका निर्णायक हुने बताए ।

भेलाको अध्यक्षता नेपाली कांग्रेस बारा जिल्ला सभापति राजेश राय यादवले गरेका हुन् । अध्यक्षीय मन्तव्यमा उनले कांग्रेसभित्र एकता कायम राख्दै सङ्गठनलाई बलियो बनाउने दिशामा सबै पक्ष जिम्मेवार बन्नुपर्ने बताए । उनले पार्टीभित्रको संवाद र सहकार्यलाई सुदृढ गर्दै लोकतान्त्रिक संस्कारलाई संरक्षण गर्नुपर्नेमा जोड दिए ।

# अठार हजार बालबालिकामा शीघ्र कडा कुपोषण, मधेश एक नम्बरमा

***कडा शीघ्र कुपोषण सबैभन्दा बढी मधेश प्रदेशका आठ हजार ३ सय ८०, लुम्बिनीमा तीन हजार १५, सुदूरपश्चिममा एक हजार ७ सय ५८, कोशीमा एक हजार ५ सय ९०, कर्णालीमा एक हजार ५ सय ३, बागमतीमा एक हजार ४ सय १ र गण्डकी प्रदशेमा ६ सय ६२ जनामा देखिएको छ ।***

**जनकपुरधाम ।**
सरकारले सञ्चालन गरेको ‘राष्ट्रिय पोषण लेखाजोखा अभियान’ का क्रममा करिब १८ हजार बालबालिका शीघ्र कडा कुपोषणबाट ग्रसित देखिएका छन् । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले बालबालिकाको पोषणको अवस्था पत्ता अभियान सञ्चालन गरेको हो ।

अभियानको तथ्याङ्क सार्वजनिक गर्दै १८ हजार ३ सय ९ बालबालिकामा कडा शीघ्र कुपोषण देखिएको स्वास्थ्य सेवा विभागका पोषण शाखा प्रमुख लिलाविक्रम थापाले जानकारी दिए । उनका अनुसार अभियानको क्रममा १० लाख ३५ हजार २ सय १ बालबालिकामा परीक्षण गरिएकामा १८ हजार ३ सय ९ जना बालबालिका शीघ्र कडा कुपोषितबाट ग्रसित देखिएका हुन् ।

जाँच गर्दा ८८ हजार २ सय ५ बालबालिकामा शीघ्र कुपोषित रहेका पाइएको पोषण शाखा प्रमुख थापाले बताए । सरकारले गत वैशाख १५ देखि जेठ १५ गतेसम्म छ महिनादेखि ५९ महिनासम्मका बालबालिकाको पोषण अवस्था जाँच गर्न, शीघ्र कुपोषणको समयमा पहिचान र उपचार गर्न अभियान सञ्चालन गरेको उनले जानकारी दिए ।

‘यसपटक हामीले देशभरि नै अभियान सञ्चालन गरेको हुनाले कडा शीध्र कुपोषण भएका बालबालिका धेरै देखिएका हुन्,’ पोषण शाखा प्रमुख थापाले भने, ‘शीघ्र कडा कुपोषण संख्या धेरै देखिएकाले आगामी दिनमा सोहीअनुसार योजना बनाएर प्रभावकारी कार्यान्वयन गर्नेछौँ ।’

कडा शीघ्र कुपोषण सबैभन्दा बढी मधेश प्रदेशका आठ हजार ३ सय ८०, लुम्बिनीमा तीन हजार १५, सुदूरपश्चिममा एक हजार ७ सय ५८, कोशीमा एक हजार ५ सय ९०, कर्णालीमा एक हजार ५ सय ३, बागमतीमा एक हजार ४ सय १ र गण्डकी प्रदशेमा ६ सय ६२ जनामा देखिएको उनले जानकारी दिए । उनका अनुसार कडा शीघ्र कुपोषण भएका बालबालिका ख्याउटे, करङ्ग देखिने खालका हुन्छन् ।

यस्तो किसिमको कुषोषण लागेका बालबालिकालाई ‘तयारी उपचारात्मक खाना’ दिने भएकाले उक्त तयारी खाना खाएपछि बालबालिका स्वस्थ्य हुने पोषण शाखा प्रमुख थापाले बताउनुभयो । तयारी खाना दिँदा पहिलेको अवस्थामा नआएका बालबालिकाका लागि देशभर २५ वटा पुनःस्थापना केन्द्रमार्फत आमा र बच्चा दुवैलाई दैनिक रूपमा हेरेर तयारी खाना खुवाउने गरिएको उहाँले जानकारी दिनुभयो ।

यस्तै शीघ्र कुपोषण पनि सबैभन्दा बढी मधेस प्रदेशमा ३८ हजार ९४८ जना बालबालिकामा देखिएको पोषण शाखा प्रमुख थापाले जानकारी दिनुभयो । उहाँका अनुसार लुम्बिनीमा १७ हजार ८७९, सुदूरपश्चिममा नौ हजार ३४४, कोशीमा छ हजार ५९६, बागमतीमा छ हजार ४८०, कर्णालीमा पाँच हजार ९८९ र गण्डकी प्रदेशमा दुई हजार ९६९ जनामा देखिएको छ । शीघ्र कुपोषण भएका बालबालिका दुब्लाउने, उमेरअनुसार तौल नहुने, लुरे हुने गर्दछन् ।

सरकारले आगामी वर्षदेखि बालबालिका र आमाको पोषणको अवस्था ‘राष्ट्रिय पोषण लेखाजोखा अभियान’ लाई नियमित कार्यक्रममा समावेश गर्ने तयारी गरिसकेको शाखाका प्रमुख थापाले जानकारी दिनुभयो ।

## धर्मराज अर्यालको आठौँ स्मृति दिवस:

# ‘जसले मोफसलकै पत्रकारिताको जग बसाए’

**मधेशदृष्टि**
**नारायणगढ ।**
चितवन पोष्ट राष्ट्रिय दैनिकले संस्थापक सम्पादक धर्मराज अर्यालको आठौँ स्मृति दिवस मनाएको छ । पत्रकार महासंघ चितवनको सभाहलमा विशेष कार्यक्रम आयोजना गरी अर्यालको आठौँ स्मृति दिवस मनाइएको हो ।



कार्यक्रममा उपस्थित चितवनका पत्रकार तथा साहित्यकारहरुले अर्यालसँगका मीठा पलहरुको स्मरण गरेका थिए । उनीहरुले अर्यालले मोफसलकै पत्रकारिताको जग बसाएर गएका र आज त्यही जगमा टेकेर चितवनको पत्रकारिता अगाडि बढिरहेको बताए ।

पत्रकार महासंघ चितवनका सभापति बसन्त पराजुलीले भने, ‘स्व. धर्मराज अर्यालले मोफसलमा अनेकौँ चुनौतीसँग जुधेर २५ वर्षअघि चितवनबाट दैनिक पत्रिका निकाल्नु नै यहाँको पत्रकारिताको जग बसाउनु हो ।’ उनले आफ्नो पत्रकारिताको सिकाइको माध्यम चितवन पोष्ट र धर्मराज अर्याल भएको बताए । उनले भने, ‘धर्म सर युग नायक नै हुन्, पत्रकारिताका पिता हुन् ।’

स्मृति दिवसमा पत्रकार महासंघ चितवनका पूर्वअध्यक्ष जनकराज अर्यालले धर्मराज अर्यालसँग आफ्नो पारिवारिक सम्बन्ध रहेको बताए । ‘चितवनको पत्रकारिता र साहित्यमा उहाँको ठूलो योगदान छ’, उनले भने, ‘हामीबीच सुनाउनुपर्ने धेरै किस्सा छन्, कम बोल्ने तर व्यवहारमा खरो सम्पादक हुनुहुन्थ्यो उहाँ ।’

चितवनका अन्वेषक तथा साहित्यकार डिआर पोखरेलका अनुसार धर्मराज अर्यालको निधनको क्षति चितवनको पत्रकारिता र साहित्यमा आजसम्म परिरहेको छ । उनले भने, ‘उहाँले कवितालाई आमाको आशीर्वाद भन्नुहुन्थ्यो, लगनशील हुनुहुन्थ्यो ।’

स्मृति सभामा साहित्यकार धनराज गिरीले धर्मराज अर्यालसँगको भेटघाटदेखि भलाकुसारीसम्मका धेरै रोचक किस्सा सुनाएका थिए । मकवानपुरका रामकुमार एलनले चितवन पोष्ट र धर्मराज अर्यालबाटै आफूले लेख्न सिकेको बताए ।

प्राध्यापक मधुसूदन दवाडीले चितवन पोष्ट पत्रिका साझा चौतारी भएको बताए । अर्का पत्रकार शशिधर गैरे सुमनले धर्मराज अर्याल आफ्नो पत्रकारिताको गुरू भएको बताए । कार्यक्रमका अन्य वक्ताहरु पत्रकार वीरेन्द्रमणि पौडेल, सुरेश अधिकारी, प्रकाशमणि ज्ञवाली, अनिल ढकालले धर्मराज अर्यालकै कारण चितवनको पत्रकारिताको विकास छिटो र बलियो हुने गरी फस्टाएको बताए ।

समीक्षक तथा वार्ताकार उदय अधिकारीले धर्मराज अर्यालका कृतिहरुलाई समेटेर एउटा विशेष कृति निकाल्न सुझाव दिएका थिए । कवि राजेन्द्र घायलले गीत गाएर अर्याललाई सम्झेका थिए ।

चितवन पोष्टका सहसम्पादक तथा साहित्यकार सङ्गीत आयामको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन चितवन पोष्टकर्मी तुलमान गुरूङले गरेका थिए ।

पत्रिकाका व्यवस्थापक दिलीप केसीले धर्मराज अर्यालका बारेमा कलम चलाउने लेखकहरुलाई मायाको चिनोस्वरुप नगद प्रदान गरेका थिए ।

अर्यालले मातृभूमिको गीत (२०३६), सिर्जनाका धुनहरु (२०५६), तिम्रा मेरा बातहरु (२०६०), अन्तरमनका छालहारु (२०६९), प्रतिनिधि कविताहरु (२०७१), तृष्णा (२०७४) लगायतका कृतिहरु प्रकाशित गरेका छन् ।

पत्रकार अर्यालको जन्म विसं २०१२ साल मङ्सिर २९ गते राप्ती नगरपालिकाको कोराकमा भएको थियो । अर्यालले २०५६ साल साउन १ गते चितवन पोष्टको दैनिक संस्करणको पहिलो अङ्क प्रकाशित गरेका थिए । आठ वर्षअघि जेठ ३० गते ६३ वर्षको उमेरमा अर्यालको निधन भएको हो । उनकै सम्झनामा चितवन पोष्ट परिवारले स्मृति सभाको आयोजना गरेको हो ।

# पार्टी शुद्धीकरण र पुनर्गठनका लागि एमालेले प्रदेशबाट सुझाव सङ्कलन थाल्यो

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले पार्टी शुद्धीकरण, सुदृढीकरण, रूपान्तरण तथा पुनर्गठनका लागि गठन गरिएको कार्यदलमार्फत प्रदेशस्तरबाट सुझाव सङ्कलन सुरु गरेको छ ।

२०८२ फागुन २१ गते सम्पन्न स्थानीय तह उपनिर्वाचनको समीक्षा गर्दै पार्टी र जनताबीचको सम्बन्ध थप सुदृढ बनाउन आवश्यक रूपान्तरण तथा पुनर्गठनका विषयमा सुझाव सङ्कलन गर्न कार्यदल गठन गरिएको हो ।

एमालेको केन्द्रीय प्रचार तथा प्रकाशन विभागका प्रमुख नीरज आचार्यका अनुसार कार्यदलले शनिबार बागमती प्रदेश सङ्गठन कमिटीको समन्वयमा काठमाडौँबाट सुझाव सङ्कलन अभियान सुरु गरेको हो । बागमती प्रदेश सङ्गठन कमिटीको बैठक शुक्रबारदेखि सुरु भएको र बैठकपछि सुझाव सङ्कलनका लागि भेला आयोजना गरिएको उनले जानकारी दिए ।

जेठ १० गते सम्पन्न एमाले सचिवालयको आठौँ बैठकले उपाध्यक्ष रामबहादुर थापाको संयोजकत्वमा १५ सदस्यीय कार्यदल गठन गरेको थियो ।

जेठ २६ गते पार्टी अध्यक्ष केपी शर्मा ओलीको उपस्थितिमा भएको कार्यदलको पहिलो बैठकले प्रदेशस्तरमा सुझाव सङ्कलन गर्ने कार्यतालिका निर्धारण गरेको थियो ।

कार्यतालिकाअनुसार असार २ गते कोशी प्रदेश, असार ४ गते लुम्बिनी प्रदेश, असार ६ गते सुदूरपश्चिम प्रदेश, असार ८ गते कर्णाली प्रदेश, असार ११ गते गण्डकी प्रदेश, असार १३ गते मधेस प्रदेश तथा असार १६ गते राजधानी विशेष प्रदेश र असार १७ गते सम्पर्क समन्वय विशेष प्रदेशमा सुझाव सङ्कलन गरिनेछ ।

प्रदेशस्तरीय भेलामा सम्बन्धित भौगोलिक क्षेत्रका केन्द्रीय सदस्य, प्रदेश तथा जिल्ला तहका पदाधिकारी सहभागी हुनेछन् ।

कार्यदलले असार १८ गते जनसङ्ठन तथा असार १९ गते केन्द्रीय विभाग प्रमुख र विभिन्न निकायका पदाधिकारीसँग पनि सुझाव सङ्कलन गर्नेछ ।

# एक दर्जन सुरुङमार्गको सम्भाव्यता अध्ययन र निर्माणका लागि ६७ करोड

**काठमाडौँ ।**
पूर्वाधार विकास मन्त्रालयले आगामी आर्थिक वर्ष २०८३÷८४ मा एक दर्जन सुरुङमार्गको सभ्भाव्यता अध्ययन र निर्माणका लागि ६७ करोड एक लाख रुपैयाँ बजेट विनियोजन गरेको छ ।

हालसालै सार्वजनिक गरेको आगामी आवको लागि वार्षिक विकास कार्यक्रमअन्तर्गत योजना समावेश गरेको मन्त्रालयले जनाएको छ । मन्त्रालयले आगामी आवका लागि निर्माणाधीन सिद्धबाबा सुरुङमार्ग निर्माणका लागि ५० करोड बजेट विनियोजन गरेको छ ।

ग्वार्को सातदोबाटो एकान्तकुना फ्लाइओभरका लागि १२ करोड ६६ लाख रुपैयाँ छुट्याएको वार्षिक विकास कार्यक्रममा उल्लेख गरिएको छ । त्यसैगरी, सुरुङमार्ग विकास कार्यक्रमका लागि तीन करोड ७७ लाख ८० हजार रुपैयाँ बजेट छुट्याएको छ । मन्त्रालयले टोखा छहरे गुर्जु भन्ज्याङ सुरुङमार्गका लागि ११ लाख ४८ हजार रुपैयाँ बजेट विनियोजन गरेको छ । त्यसैगरी, विभिन्न प्रस्तावित सुरुङमार्गहरुको सम्भाव्यता अध्ययनका लागि एक लाख ९० हजार रुपैयाँ बजेट छुट्याएको छ ।

त्यसैगरी, सुर्खेतको भेरी नदीदेखि बर्दियाको दानुवा तालसम्म सुरुङमार्ग अध्ययनका लागि पाँच लाख ६० हजार रुपैयाँ बजेट विनियोजन गरेको छ । त्यस्तैगरी, दोलालघाट चर्नावती सुरुङमार्गका लागि १८ लाख ९० हजार रुपैयाँ विनियोजन गरेको छ । हात्तीसार बबई सुरुङमार्गका लागि सात लाख ५६ हजार रुपैयाँ छुट्याएको छ । खुर्कोट चियाबारी सुरुङमार्गको अध्ययनका लागि तीन लाख ९२ हजार रुपैयाँ विनियोजना गरेको छ ।

त्यसैगरी, शिवपुर भालुवङ्ग सुरुङमार्गका लागि तीन लाख ९२ हजार रुपैयाँ रकम छुट्याएको छ । रानीघाट भुरीगाउँ सुरुङमार्गका लागि तीन लाख ९२ हजार रुपैयाँ बजेट छुट्याएको छ ।

# कति छ मधेशमा रासायनिक मल मौज्दात ?

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
कृषि सामग्री कम्पनी लिमिटेडले देशभरका गोदाममा ९ करोड ८२ लाख ३५ हजार चार सय ५० किलो रासायनिक मल मौज्दात रहेको जानकारी दिएको छ। कम्पनीले ५० किलो दरका बोरामा मल उपलब्ध गराउँदै आएको छ। मधेश प्रदेशका शाखा कार्यालयका गोदाममा ६ लाख २२ हजार ६ सय २४ बोरा युरिया र २ लाख २९ हजार एक सय २४ बोरा डिएपी मल मौज्दात रहेको मन्त्रालयले जानकारी दिएको छ।कृषि सामग्री कम्पनी लिमिटेडका प्रबन्ध सञ्चालक विष्णुप्रसाद पोखरेलले रासायनिक मलको उपलब्धतामा ठुलो समस्या नरहेको बताए।

# क्रिकेट संघको अध्यक्षमा पाण्डे चयन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषा जिल्ला क्रिकेट संघको साधारण सभाले शोभाकान्त पाण्डेको अध्यक्षतामा १३ सदस्यीय नयाँ जिल्ला कार्यसमिति चयन गरेको छ ।



नवनिर्वाचित कार्यसमितिको उपाध्यक्षमा आकाश पाण्डे, सचिवमा आशीषकुमार झा तथा कोषाध्यक्षमा सचिन सिंह चयन भएका छन् ।

त्यसैगरी सदस्यहरूमा नवीनकुमार सिंह, लाला गुणवन्त बहादुर सिंह, सरोजकुमार मिश्र, कुमार प्रशुन, चन्दनकुमार झा, धर्मेन्द्र ठाकुर, अभिषेक झा, संयोग कर्ण र प्रह्लादप्रसाद साह निर्वाचित भएका छन् । नवनिर्वाचित कार्यसमितिले जिल्लामा क्रिकेट खेलको विकास, प्रतिभावान खेलाडी उत्पादन, विभिन्न प्रतियोगिताको आयोजना तथा युवामाझ क्रिकेटप्रतिको आकर्षण बढाउने लक्ष्यसहित काम गर्ने प्रतिबद्धता जनाएको छ । संघका पदाधिकारीहरूले धनुषामा क्रिकेटको पर्याप्त सम्भावना रहेको उल्लेख गर्दै खेल पूर्वाधारको विस्तार, प्रशिक्षणको अवसर वृद्धि तथा प्रतिभावान खेलाडीलाई प्रोत्साहन गर्न विशेष पहल गरिने बताएका छन् ।

नयाँ कार्यसमिति चयनसँगै धनुषा जिल्लामा क्रिकेट गतिविधिलाई थप व्यवस्थित, प्रभावकारी र प्रतिस्पर्धात्मक बनाउने विश्वास गरिएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन